# घोराही उपमहानगरपालिकाको नगर शिक्षा योजना

(२०८२/०८३ - २०९१/०९२)

घोराही उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

घोराही दाङ

# विषय सूची

हाम्रो भनाइ ........................................ ९
योजनाको कार्यकारी सारांश ........................................ १०
वषय प्रवेश ........................................ ११
ख) शक्षा योजना निर्माणको आवश्यकता र औ चत्य ........................................ १२
ग) शक्षा योजना निर्माणका आधारहरुः ........................................ १४
घ) शक्षा योजना निर्माण प्र क्रया ........................................ १५
ङ) योजनाको दस्तावेजको स्वरूप ........................................ १५
परिच्छेद - १: परिचय ........................................ १६
१. पृष्ठभू म ........................................ १६
१.१ भौगो लक अवस्थिति ........................................ १७
१.२ जनसाङ्ख्यिक संरचना ........................................ १८
१.४ आ र्थक अवस्थाः (कृ ष, उद्योग, पर्यटन आदि) ........................................ २२
१.५ शै क्षक अवस्थाः ........................................ २३
२. सबल पक्षहरु ........................................ ३०
३. मुख्य समस्याहरु ........................................ ३१
क) समतामूलक पहुँच र सहभा गता ........................................ ३१
ख) गुणस्तर र सान्द र्भकता ........................................ ३१
ग) शक्षक व्यवस्थापन ........................................ ३१
घ) भौतिक पूर्वाधार ........................................ ३१
ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली ........................................ ३२
च) समता र समावेशीकरण ........................................ ३२

छ) वद्यालय सुशासन र व्यवस्थापन.......................................................... ३२

४. अवसर........................................................................................................ ३३
परिच्छेद २ : दूरदृष्टि, ध्येय, उद्देश्य र रणनीति ........................................................ ३५
२.१ दूर ष्टि (Vision) ........................................................................ ३५

श्रम, रोजगार, गुणस्तरीय एवं प्र व धमैत्री शक्षा श क्षत, सभ्य र आत्मनिर्भर घोराही उपमहानगरपा लका । ................................................................ ३५

२.२ ध्येय/लक्ष्य (Mission) ........................................................... ३५

२.३ उद्देश्यहरू (Objectives) ........................................................ ३५

२.४ रणनीतिहरू ................................................................................ ३६

२.५ अपे क्षत नतिजाः ......................................................................... ३७

परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ............................................... ४१
३.१ प्रारम्भिक बाल वकास र शक्षा ................................................ ४१

३.१.१ परिचय.................................................................................41

३.१.२ वर्तमान अवस्था....................................................................42

३.१ .३ लक्ष्य तथा उदेश्य ................................................................43

३.१.४ रणनीतिहरु...........................................................................43

३.१.५ समस्या तथा चुनौति ..............................................................44

३.१.६ उपलब्धि तथा नतिजा,...........................................................44

३.२ आधारभूत शिक्षा ......................................................................... ३४
३.२.१ परिचय..................................................................................... ३४

३.२.२ वर्तमान अवस्था ...................................................................... ३४

३.२.३ लक्ष्य तथा उद्देश्य..................................................................... ३५

३.२.४ रणनीति ..................................................................................... ३५

३.२.५ समस्या तथा चुनौति ............................................................................ ३७

३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य ........................................ ३७

३.३ माध्यमिक शिक्षा ............................................................................................ ३८

३.३.१ परिचय ................................................................................................ ३८

३.३.२ वर्तमान अवस्था : ............................................................................ ३८

३.३ .३ लक्ष्य तथा उदेश्यहरू.......................................................................... ३९

३.३.४ रणनीतिहरु ........................................................................................ ३९

३.३.५ समस्या तथा चुनौति ............................................................................ ४०

३.३.६ प्रमुख उपलब्धि, नतिजा र प्रमुख क्रयाकलाप.............................................. ४१

उपलब्धि ..................................................................................................... ४१

३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम........................................................ ४५

३.४.२ वर्तमान अवस्था ................................................................................. ४५

३.४.४ रणनीति............................................................................................. ४७

३.४.५ समस्या तथा चुनौति ............................................................................ ४८

तालिका नं २५ (प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिमका प्रमुख क्रियाकलाप र लक्ष्य)......................................................................................................... ४९

३.५ अनौपचारिक शक्षा र आजीवन सकाइ........................................................ ५०

३.५.२ वर्तमान अवस्था ................................................................................. ५०

३.५.३ लक्ष्य तथा उदेश्यहरुः.......................................................................... ५०

३.५.५ समस्या र चुनौति ............................................................................... ५१

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ................................................................ ५१

परिच्छेद ४ :अन्तरसम्बन्धित विषय तथा क्षेत्र ....................................................... ५५

४.१ पाठ्यक्रम र मूल्याङ्कन .......................................................................... ५५

४.१.१ परिचय ............................................................................................ ५५

४.१.२ वर्तमान अवस्था ................................................................................ ५५

४.१.३ लक्ष्य तथा उद्देश्य ........................................................................... ५६

४.२ शक्षक व्यवस्थापन र वकास ................................................................ ६०

४.२.१ परिचय ............................................................................................ 60

४.२.२ वर्तमान अवस्था ................................................................................ ६०

४.२.३ लक्ष्य र उद्देश्यः ............................................................................. ६३

४.२.४ रणनीति .......................................................................................... ६३

४.२.५ उपलब्धि, नतिजा र प्रमुख क्रयाकलाप ................................................ ६३

नतिजा .................................................................................................. ६४

४.३ शक्षामा समता र समावेशीकरण ........................................................... ६७

४.३.१ परिचय ............................................................................................ 67

४.३.२ वर्तमान अवस्था ................................................................................ 67

४.३.३ उद्देश्यहरु ........................................................................................ 67

४.३.४ रणनीतिहरु ...................................................................................... 67

४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रयाकलाप ................................................ 68

४.४ वद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम ........................ ७१

४.४.१ परिचय ............................................................................................ 71

४.४.२ वर्तमान अवस्था ................................................................................ 71

४.४.३ लक्ष्य र उद्देश्यहरु ............................................................................ 71

४.४.४ रणनीतिहरू ...................................................................................... 72

४.४.५ उपलब्धि, नतिजा, प्रमुख  क्रयाकलाप र लक्ष्य ....................................................................72

४.५ वद्यालय सुरक्षा, वपद् न्यूनीकरण तथा उत्थानशीलता ....................................७५

४.५.१ परिचयः ....................................................................................................75

४.५.२ लक्ष्य र उद्देश्य ........................................................................................75

४.५.३ रणनीतिहरु ..............................................................................................76

४.५.५ उपलब्धि, नतिजा र प्रमुख  क्रयाकलाप ..........................................................76

उपलब्धि ........................................................................................................76

४.६ वद्यालय भौतिक पूर्वाधार  वकास ............................................................८०

४.६.१ परिचय......................................................................................................80

४.६.२ वर्तमान अवस्था .........................................................................................81

४.६.३ लक्ष्य र उद्देश्य ..........................................................................................81

४.६.४ रणनीतिहरु................................................................................................81

४.६.५ उपलब्धि, नतिजा र प्रमुख  क्रयाकलाप.............................................................82

४.७ वद्यालयमा सूचना तथा सञ्चार प्र व ध.......................................................८५

४.७.१ परिचय......................................................................................................85

४.७.२ वर्तमान अवस्थाः .......................................................................................85

४.७.३ उद्देश्य .....................................................................................................86

४.७.४ रणनीति.....................................................................................................86

४.७.३ चुनौतिहरु .................................................................................................87

४.७.४ उपलब्धि, नतिजा, प्रमुख  क्रयाकलाप र लक्ष्य ..................................................87

ता लका नं ३४ वद्यालयमा सूचना तथा सञ्चार प्र व ध( क्रयाकलाप र लक्ष्य).............८९

४.८ खेलकुद र वकास....................................................................९२

४.८.१ परिचय.......................................................................................................92

४.८.२ वर्तमान अवस्था :-........................................................................................92

४.८.३ लक्ष्य र उद्देश्य.............................................................................................93

४.८.४ रणनीति.......................................................................................................93

४.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य..........................................................94

उपलब्धि............................................................................................................94

परिच्छेद- ५: विद्यालय सुशासन तथा व्यवस्थापन..........................................................९७

५.१ संस्थागत क्षमता वकास.............................................................................९७

५.१.१ परिचय.......................................................................................................97

५.१.२ वर्तमान अवस्था............................................................................................98

५.१.३ उद्देश्य.......................................................................................................99

५.१.४ रणनीतिहरू...................................................................................................99

५.1.५ चुनौति......................................................................................................100

- कार्यजिम्मेवारीमा समावेशीता, लैंगिकमैत्री, स्पष्टता, पारदर्शिता र एकरूपता कायम गर्नु,.............. १००
- विद्यालय तहसम्म शैक्षिक सेवा र टेवा पुऱ्याउने गरी जनशक्तिको व्यवस्थापन गर्नु,................. १००
- योजना निर्माण, नेतृत्व, अनुगमन, मूल्याङ्कन, नवीनतम विधि र प्रविधिको प्रयोगमा विशेषज्ञता हासिल हुने गरी प्रधानाध्यापक र शिक्षकको क्षमता विकास गर्नु ।............................................ १००

५.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य.........................................................100

५.२ अनुगमन तथा मूल्याङ्कन..............................................................................१०५

५.२.१ परिचय......................................................................................................105

५.२.२ वर्तमान अवस्था...........................................................................................105

५.२.३ उद्देश्य......................................................................................................106

१. शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि गर्न टेवा पुग्ने गरी सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु। ........................................................१०६
५.२.४ रणनीतिहरू........................................................106
५.२.५ समस्या र चुनौति........................................................१०७
१. विद्यालय र कक्षाकोठासम्म शैक्षिक सेवा र टेवा पुग्ने गरी अनुगमन मूल्याङ्कनको संस्थागत व्यवस्था मिलाउनु, ........................................................१०७
२. शैक्षिक सूचना प्रणालीलाई विश्वसनीय र व्यवस्थित गरी सुदृढ अभिलेख, प्रतिवेदन र पृष्ठपोषणका आधारमा उपचारात्मक मूल्यांकन पद्दति विकास गर्नु । ........................................................१०७
३. स्थानीय तहमा विद्यार्थी उपलब्धिको मूल्याङ्कन तथा समीक्षा गर्ने प्रणालीको स्थापना गर्नु, .......१०७
४. विद्यालय तहको अनुगमनमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र स्रोत केन्द्रको भूमिका अभिवृद्दि गराई उनीहरूको क्षमता विकास गराउनु, ........................................................१०७
५. अनुगमन मूल्याङ्कनका वस्तुनिष्ठ सूचक तथा मापदण्ड विकास गरी प्रयोगमा ल्याउनु । .........१०७
५.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य........................................................107
१. अनुगमन तथा मूल्याङ्कनका लागि सूचक एवम् साधनको विकास भई प्रयोगमा आएको हुने, १०७
२. कक्षा शिक्षणसमेतको अवलोकन हुने गरी शिक्षक सहयाता प्रणालीको स्थापना भएको हुने, .......१०७
३. शैक्षिक क्रियाकलाप र विद्यार्थी सिकाइ उपलब्धिमा सुधार हुने ।........................................................१०७
परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन........................................................११२
६.१ पृष्ठभू म ........................................................११२
६.२ वर्तमान अवस्था........................................................११२
६.३ उद्देश्यः ........................................................११३
६.४ रणनीतिहरू ........................................................११३
६.५ चुनौतीहरुः........................................................११४
६.५ स्रोतको अनुमान र वश्लेषण ........................................................११५
६.६ प्रस्ता वत कार्यक्रम तथा बजेट अनुमान ........................................................११५

# हाम्रो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी घोराही उप-महानगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो।

नगर क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, सामाजिक-आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतिका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

हाम्रो विश्वास छ 'शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन यो जीवनभरी चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु।

नगर प्रमुख

# योजनाको कार्यकारी सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्र पआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा अनौपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## विषय प्रवेश

शिक्षा मानव समाजको सबैभन्दा महत्वपूर्ण तत्व हो । यो विकासको पहिलो सोपान हो । शिक्षा प्रणालीले नै देशको भविष्य निर्धारण गर्दछ। शिक्षा व्यक्तिको सर्वाङ्गीण पक्षको विकास गराउने प्रक्रिया हो। वर्तमान परिप्रेक्ष्यमा मानव अधिकारको विषय पनि हो। नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ। नेपालको संविधानले विद्यालय तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चिता साथै गुणस्तरीय शिक्षा प्रदान गर्न स्थानीय तहको प्रमुख कर्तव्य हुन आएको छ । शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सिर्जना गरी मानिसको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक, साँस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माण गर्दछ। नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले शिक्षाको उपयुक्त व्यवस्थापन गर्नु यस उपमहानगरपालिकाको जिम्मेवारीका साथै कर्तव्य समेत हुन आउँछ। शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पार्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठाउँदै आएको छ। युनेस्को प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्न सुझाव दिएको छ । यसैगरी दिगो विकासका लक्ष्य मध्ये लक्ष्य नं ४ मा समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शक को रुपमा अगाडि सारिएको छ ।

योजना भविष्यमा गरिने कामहरु भएकोले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउनु, गुणस्तरीय सिकाइ उपलब्धि हासिल गराउनु, जनजीविकासङ्ग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक व्यवसायिक प्रविधियुक्त र सिपमुलक शिक्षा प्रदान गर्नुका साथै अनौपचारिक शिक्षाको माध्यमबाट १५ देखि ६० वर्ष उमेर समूहका सबै नागरिकलाई जीवनपर्यन्त सिक्ने वातावरण सिर्जना गरी शिक्षाको अवसर प्रदान गर्नु घोराही उपमहानगरपालिकाको प्रमुख भूमिका रहन्छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सिर्जना गर्नु पर्ने अवस्था आएको छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमबाट अवलम्बन गरेका क्रियाकलाप समेतलाई मध्यनजर गर्दै स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य र निःशुल्क बनाइ आशातित उपलब्धि प्राप्त गरेर यस उपमहानगरपालिकालाई शैक्षिक गन्तव्यको थलोको रुपमा विकास गर्नुपर्ने अवस्था छ ।

यस योजनाले अबको दश वर्षभित्र घोराही उपमहानगरपालिकाको शिक्षामा उल्लेखनीय विकासमा टेवा पुऱ्याउने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्धन, सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पुरा गर्नका लागि रणनीतिहरू तय गरेको छ । पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवं संकटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

अहिलेको सूचना प्रविधिका साथै विकसित बिश्वबजारमा समायोजन हुन प्रत्येक राष्ट्रले आफ्नो राष्ट्रको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र विश्व परिवेशसँग जुध्न सक्ने जनशक्ति उत्पादनका लागि शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढिरहेको छ । नेपालले पनि नेपालको संविधानमै आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्नुका साथै माध्यमिक तहसम्मको शिक्षा अनिवार्य गर्ने व्यवस्था शिक्षा सम्बन्धी मौलिक हकमा रहेको छ । माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र रहेकोले सामुदायिक विद्यालयको संस्थागत क्षमता विकास र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु उपमहानगरपालिकाको अनिवार्य दायित्व रहेको छ। साथै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ कार्यान्वयन गरी कुनै पनि बालबालिका शिक्षा लिनबाट बञ्चित हुनु नपरोस् र सबैको पहुँचमा शिक्षा सुनश्चित होस् भनी कानुनी व्यवस्था गरिएको छ ।

शिक्षा पाउनु सबै बालबालिकाको अधिकार हो । नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ। ती मौलिक हकहरु (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ, २) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ४) दृष्टिविहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई सांकेतिक भाषाको

माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनी व्यवस्था गरेको छ ।
संविधानले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी मौलिक हकलाइ पूणर्रुपमा कार्यान्वयन गर्न, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ कार्यान्वयन गर्दै प्रत्येक नागरिकलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गरेको छ। नेपालले सबैको लागि शिक्षाको अन्तराष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाई अपाङ्गता भएका बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितता गरेको छ ।सो प्रतिवद्धतालाई कार्यान्वयन गर्न, नेपालले समावेशी नीति २०७३ कार्यान्वयन गरी समावेशी शिक्षालाई प्राथमिकतामा राखी सबै बालबालिकालाई विभेदरहित वातावरणमा, साँस्कृतिक, वर्गीय, जातीय एवं भौगोलिक विविधतालाई सम्मान गर्दै आफ्नै समुदायमा जीवनोपयोगी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

शिक्षा सम्वन्धी संवैधानिक व्यवस्था र अन्तराष्ट्रियस्तरमा गरेको प्रतिबद्धताको पूर्ण कार्यान्वयन गरी जनतालाई संविधानले प्रत्याभूत गरेका अधिकारको जनस्तरबाटै सुनिश्चित गर्न नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने कानूनी जिम्मेवारी स्थानीय तहलाई दिएको छ। सो कानुनी व्यवस्था अनुसार प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तरीय शिक्षा, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यावसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरुलाई जीवनपर्यन्त सिक्ने वातावरण सृजना गरी सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवं निःशुल्क शिक्षा सुनिश्चितता स्थानीय सरकारको जिम्मेवारी भित्र आएको छ ।

स्थानीय तहले आफ्नो योजनामा राष्ट्रिय नीति साथै योजनाले प्राथमिकीकरण गरेको कुरामा आधारित भै आफ्नो आवश्यकता अनुसार योजना तय गर्नु पर्ने स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०८१, ले निर्दिष्ट गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले तय गरेको लक्ष्य सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने र सोह्रौ पञ्चवर्षे योजना आ.व २०८१/८२ देखि २०८५।८६ ले शिक्षा सम्बन्धी लिएको लक्ष्य पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर

१००% र सबै शैक्षिक संस्थामा प्रविधिको पहुँचको विस्तार गर्ने लक्ष्य तय गरेको छ भने इन्चोन सम्मेलनमा तय गरिएका विश्वव्यापी घोषणा पत्रमा हस्ताक्षर गरी सन २०३० सम्ममा नेपालको सार्वजनिक शिक्षालाई सुधार गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चितता गर्ने लक्ष्य लिएको छ ।

आफ्नो शिक्षा योजनाको निर्माण गर्दा, स्थानीय तहले विद्यालय शिक्षा क्षेत्र योजना २०७७ देखि २०८८ ले तय गरेको दुरदृष्टि, लक्ष्य, उदेश्य तथा रणनीति साथै प्राथमिकीकरण गरेको मुख्य चुनौति, विषयहरु प्रारम्भिक बालविकासको भर्नादर ९९% पुऱ्याउने तय गरेको छ, आधारभूत तहमा विद्यार्थी टिकाउदर ९५% पुऱ्याउने तय गरेको छ, विद्यालय भन्दा बाहिर रहेको विद्यार्थीको संख्या शून्य बनाउने, साक्षरता दर बढाउने लक्ष्य तय गरेको छ, शिक्षामा कुल बजेटको २०% पुऱ्याउने लक्ष्य लिएको छ.त्यसै गरी आधारभूत तहमा महिला शिक्षक ५०% र माध्यमिक तहमा ३३% पुऱ्याउने लक्ष्य लिएको छ भने प्राविधिक तथा व्यावसायिक शिक्षामा ३०% विद्यार्थी सहभागिता गराउने, र ९९% विद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने लक्ष्यलाई प्राथमिकीकरण गरी समग्र नगर/गाउँ शिक्षालाई व्यवस्थापन गर्ने र शिक्षाको विकासमा अगाडि बढ्ने मान्यताका साथ घोराही उपमहानगरपालिका पनि योजना मार्फत शैक्षिक विकास अभ्यासलाई लक्ष्य प्राप्तिको लागि अगाडि बढ्नु पर्ने आवश्यकतालाई आत्मसात गर्दै घोराही उपमहानगरपालिकामा शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता र औचित्य ठानेको छ।

घोराही उपमहानगरपालिकाले माथि उल्लेखित नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति २०७६, साह्रौ पञ्चवर्षे योजना आ. व. २०८१/८२ देखि २०८५।८६ र विद्यालय शिक्षा क्षेत्र योजना २०७७ देखि २०८८ को आधारमा वर्तमान शिक्षा अवस्थाको विश्लेषणको आधारमा आगामी पाँच बर्षका मुख्य कार्यसम्पादन सूचक र लक्ष्य रहेका छन्।

### ग) शिक्षा योजना निर्माणका आधारहरुः

शिक्षा योजना तयार गर्दा विभिन्न राष्ट्रिय, प्रादेशिक साथै घोराही उपमहानगरपालिकाका नीतिगत व्यवस्था र विभिन्न शिक्षाविदहरुको सहभागितामा निर्माण गरिएको छ। सोह्रौं आवधिक योजना स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन,२०७७), अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७, स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ शिक्षा ऐन, २०७९, शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९, विद्यालय शिक्षा क्षेत्र योजना, सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना, राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षाको सोचपत्र, २०७९, विद्यालय शिक्षामा समता रणनीति, दिगो

विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८, घोराही उप-महा नगरपालिकाको आवधिक योजना, राष्ट्रिय जनगणना,२०७८ प्रतिवेदन, विद्यालय सुधार योजना आदि शिक्षा योजना निर्माणका आधारहरु रहेका छन् ।

**घ) शिक्षा योजना निर्माण प्रक्रिया**

नगर शिक्षा समितिको मिति २०८२ चैत्र २४ गतेका दिन बैठक बसी शिक्षा योजना निर्माण गर्ने निणर्यलाई शिक्षा समितिको को बैठकबाट पारित गरियो । सोही निर्णय अनुसार शिक्षा योजना निर्माण गर्ने काम शुभारम्भ गरेको थियो । तयार भएको मस्यौदा माथि शिक्षा समितिमा मिति २०८३ असार ....छलफल गरी शिक्षा योजनाको नयाँ ढाँचा अनुरूप अन्तिम रुप दिइएको छ । **वैठकका निर्णयहरु र उपस्थितिः अनुसूची ५ मा समावेश गरिएको छ ।**

**ङ) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १: परिचय

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकारसहित स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । स्थानीय सरकार नागरिकहरूको सबैभन्दा नजिकको सरकार हो । स्थानीय तहले आफैले कानुन बनाउँछ, योजना तयार गर्दछ, नीति, कार्यक्रम तथा बजेट ल्याउँछ, कार्यान्वयन गर्छ, कर लगाउँछ, समिक्षा गर्छ, कमजोरीहरू सुधार गर्छ र अगाडि बढ्छ । शिक्षा, स्वास्थ्य, मानवीय मूल्य मान्यता, भौतिक सुविधाहरूको अवस्था, आर्थिक स्थिति, कृषि उत्पादन अवस्था, भू-उपयोग, प्राकृतिक स्रोतको उपलब्धता र उपयोग स्थिति, उद्योग धन्दा, व्यवसाय, आर्थिक समृद्धि, वातावरणीय सन्तुलन, सामाजिक एकता, सांस्कृतिक पहिचान, सबै वर्गको अधिकारको सुनिश्चितता, सबै प्रकारका विभेदको अन्त्य, सेवा प्रवाहको अवस्था जस्ता व्यापक विषयहरू स्थानीय सरकारको कार्य क्षेत्रभित्र पर्दछ ।

नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । यसैगरी संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार सूचीमा समावेश गरिएको छ । संविधानको कार्यान्वयन गर्नका लागि बनाइएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका अधिकार सूचीलाई २३ वटा बुँदामा उल्लेख गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लगायतका विभिन्न दस्तावेजहरूले समेत शिक्षासम्बन्धी विभिन्न अधिकार तथा जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । नेपालको संविधान तथा विभिन्न कानूनमा भएको स्थानीय तहको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी वहन गर्दै **"श्रम, रोजगार, गुणस्तरीय एवं प्रविधिमैत्री शिक्षा, शिक्षित, सभ्य र आत्मनिर्भर घोराही उपमहानगरपालिका"** भन्ने दीर्घकालिन दृष्टिकोण हासिल गर्न दिगो शान्ति सुशासन र समग्र विकासमा शिक्षाको नेतृत्वदायी भूमिका रहने तथ्यलाई हृदयङ्गम गरी सङ्घीयताको लक्षित उद्देश्यमा पुग्न तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यका आधारमा घोराही उप-महानगरपालिकाले प्रस्तुत १० वर्षे शिक्षा क्षेत्र योजना (२०८२/८३—२०९१/९२) निर्माण गरेको छ ।

## १.१ भौगोलिक अवस्थिति

घोराही उपमहानगरपालिकाको धेरै जसो भू-भाग समथर छ । दक्षिणमा चुरे पर्वत श्रृङ्खला, पूर्वतर्फ मालेको महाभारत पर्वत, उत्तर तर्फ हापुर र सैघाको महाभारत पर्वत श्रेणी तथा पश्चिम तर्फ हापुर खोलाले तुलसीपुरबाट सीमा छुट्टाएको छ । नारायणपुर, रामपुर जस्ता विकास हुन तत्पर रहेका बजारका साथै मुख्य बजार क्षेत्र वडा नं १४ र १५ मा रहेको घोराही बजार हो । यिनै वडा नं १४ र १५ नम्बरमा यस उपमहानगरपालिकाका कार्यालयहरू र जिल्लास्तरका कार्यालयहरू रहेका छन् ।

यस उपमहानगरपालिका अधिकांश उपत्यकामा रहेको भएपनि वडा नं १९ को सबै र वडा नं १, १२, १३ र १८ का केही भाग उत्तरको महाभारत पर्वत श्रेणीमा पनि रहेको छ । यसै गरी वडा नं ५ का अधिकांश भाग र वडा नं २, ३ का केही भाग दक्षिणको चुरे पर्वत श्रेणीमा पनि रहेका छन् । वडा नं. ६,७,८,९,१०,१४,१५,१६ र १७ चाहिं सबै मैदानी भागमा अवस्थित छन् ।

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने दाङ जिल्लामा अवस्थित घोराही उपमहानगरपालिका क्षेत्रफलका हिसाबले देशकै ठूलो उपमहानगरपालिका हो । चुरे र महाभारत पर्वतले घेरेको एसियाकै दोस्रो ठूलो उपत्यका दाङ उपत्यकाको पूर्वी भाग र केही पहाडी इलाकामा फैलिएर कुल ५२,२२१ वर्ग किलोमिटर क्षेत्रफल रहेको र १९ वडामा विभाजित यो उप-महानगरपालिका २७ डिग्री ५३ मिनेट उत्तरी अक्षांशदेखी २८ डिग्री र सम्म फैलिएको छ ।

यस उप-महानगरपालिकाको पूर्वमा बंगलाचुली गाउँपालिका, पश्चिममा तुलसीपुर उप-महानगरपालिका, उत्तरमा रोल्पा जिल्ला र दक्षिणमा लमही नगरपालिका अवस्थित छन् ।नेपाल सरकारको २०७३ साल फाल्गुन २२ गतेको निर्णयानुसार साविक घोराही नगरपालिका, त्रिपुर नगरपालिका, सौडियार गा.वि.स, सैघा गा.वि.स, धर्ना गा.वि.स र लक्ष्मीपुर गा.वि.स समायोजन भई घोराही उप-महानगरपालिकामा परिणत भएको हो ।

नामाकरण थारुभाषामा घोडालाई घोरघोरावा पनि भनिन्छ ।घोराहीको बजार व्यवस्थित किसिमले विकास हुनुपूर्व यहाँ रुकुम, रोल्पा, जुम्ला, डोल्पा आदि ठाउँबाट अपभ्रंस भई घोराही रहन गएको जेष्ठ नागरिकहरु बताउँछन् । (घोराही ५ वर्षे प्रगति प्रतिवेदन)

यस उप-महानगरपालिकामा बाह्रकुने ताल, अम्बिकेश्वरी, सिद्धरत्ननाथ चौघेरा, धारापानी, लखनपार्क, सहिदपार्क , विभिन्न वडामा रहेका ड्यामहरु, मठमन्दिर, मस्जिद आदि रहेका छन् जो आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि आकर्षणको केन्द्र बन्न सक्दछन् ।

घोराही उप-महानगरपालिका दाङको मुख्यतः समथर उपत्यकामा अवस्थित छ।वडा नं ११ का कही भाग र वडा नं १९ को अधिकांश भाग महाभारत र १२,१३,१८ पहाडमा पर्ने भएकोले समतल भागमा समशितोष्ण प्रकारको हावापानी पाइन्छ भने समथर भागमा रहेको भागमा उपोष्ण प्रकारको हावापानी रहेको छ ।यहाँ गृष्म ऋतुमा गर्मी र वर्षात हुन्छ भने हिउँदमा ठण्डी र शुष्क हुन्छ ।

## १.२ जनसाङ्ख्यिक संरचना

घोराही उप-महानगरपालिकाको कुल परिवार संख्या ४९७६१ कुल जनसंख्या २ लाख ५ सय तीस देखिन्छ । त्यसमध्ये पुरुष ९३ हजार ८ सय छ जना र महिला १ लाख ६ हजार ७ सय चौबिस छ ।यसको अर्थ ४६.७८ प्रतिशत पुरुष छन् भने ५३.२२ प्रतिशत महिला रहेका छन्। लैंगिक अनुपात चाहिं ८७ दशमलव ९ रहेको छ भने औषत परिवार संख्या ४ जना रहेका छन्। यहाँको जनघनत्व प्रति वर्गकिलोमिटरमा ३९७ जना र वार्षिक जनसंख्या वृद्धिदर २ दशमलव २५ रहेको छ ।समग्रमा भन्नुपर्दा नेपालका परिवारको औषत आकार ४०.४ भन्दा कम देखिन्छ। नेपालको जनसंख्या वृद्धिदर भन्दा घोराही उप-महानगरपालिकाको जनसंख्या वृद्धिदर पनि उच्च रहेको छ । यसको कारण छिमेकी जिल्ला तथा स्थानीय तहहरुबाट हुने बसाइसराइ नै हो भन्न सकिन्छ ।(राष्ट्रिय तथ्याङ्क कार्यालय)

यस तालिकाको अध्ययनबाट घोराही उप-महानगरपालिकाको शहरी क्षेत्र रहेको वडा नं १५ को जनसंख्या सबैभन्दा उच्च छ भने वडा नं १, १२ र १९ मा न्यून देखिन्छ ।

## तालिका न. १

## (जनसंख्याको विवरण (२०७८ को जनगणना अनुसार)

| क्षेत्र | परिवार संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | लैंगिक अनुपात | परिवार को औषत आकार | जनघनत्व | वार्षिक जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ९५.६ | ४.४ | १९८ | ०.९२ |
| लुम्बिनी | ११४१९०२ | ५१२२०७८ | २४५४४०८ | २६६७६७० | ९२.० | ४.५ | २३० | १.२४ |
| दाङ | १६२३१६ | ६७४९९३ | ३२०५७३ | ३५४४२० | ९०.५ | ४.२ | २२८ | १.९२ |
| घोराही | ४९७६१ | २००५३० | ९३८०६ | १०६७२४ | ८७.९ | ४.० | ३९७ | २.२५ |

## तालिका नं २

## (घोराही उपमहानगरपालिकाको वडागत जनसंख्या, परिवारको आकार र लैंगिक अनुपात)

| वडा नं | घर परिवार संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | १२५३ | ४९८७ | २०८८ | २८९९ | ४.० | ७२.० |
| २ | १९२३ | ८०३३ | ३६६५ | ४३६८ | ४.२ | ८३.९ |
| ३ | २१८८ | ९०९० | ४१४० | ४९५० | ४.२ | ८३.६ |
| ४ | २१७७ | ८७४४ | ३९९७ | ४७४७ | ४.० | ८४.२ |
| ५ | १९५९ | ७६२६ | ३४८३ | ४१४३ | ३.९ | ८४.१ |
| ६ | १३३८ | ६०९३ | २८८१ | ३२१२ | ४.६ | ८९.७ |
| ७ | १८९३ | ७९१३ | ३७१० | ४२०३ | ४.२ | ८८.३ |
| ८ | १७९३ | ७४७३ | ३४०५ | ४०६८ | ४.२ | ८३.७ |
| ९ | २०१३ | ८३३६ | ३९१० | ४४२६ | ४.१ | ८८.३ |
| १० | ३९०२ | १५२९६ | ७१४७ | ८१४९ | ३.९ | ८७.७ |
| ११ | २१५५ | ९०२० | ४२५७ | ४७६३ | ४.२ | ८९.४ |
| १२ | २७१८ | ११५३५ | ५३१४ | ६२२१ | ४.२ | ८५.४ |
| १३ | ३१९७ | १२८७८ | ५९९१ | ६८८७ | ४.० | ८७.० |
| १४ | २८६९ | १२००४ | ५८३१ | ६१७३ | ४.२ | ९४.५ |
| १५ | ८१४७ | २९०४४ | १४०२४ | १५०२० | ३.६ | ९३.४ |
| १६ | २४२० | ९७५८ | ४६५५ | ५१०३ | ४.० | ९१.२ |
| १७ | ३४१३ | १३८२५ | ६५२२ | ७३०३ | ४.१ | ८९.३ |
| १८ | ३११५ | १२९६६ | ६०२९ | ६९३७ | ४.२ | ८६.९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | १२८८ | ६९०९ | २७५७ | ३१५२ | ४.६ | ८७.५ |
| जम्मा | ४९७६१ | २००५३० | ९३८०६ | १०६७२४ | ४.० | ८७.९ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्यांक कार्यालय)

यस तालिकाको अध्ययनबाट घोराही उप-महानगरपालिकाको शहरी क्षेत्र रहेको वडा नं १५ को जनसंख्या सबैभन्दा उच्च ५ भने वडा नं १, १२ र १९ मा न्यून देखिन्छ ।

**५ वर्ष माथिको साक्षरता स्थितिः**

शिक्षणका सन्दर्भमा उमेर अनुसारको विवरण र तथ्यांक उपयोगी र आवश्यक हुन्छ ।यस घोराही उप-महानगरपालिकामा ५ वर्ष माथिका उमेरका साक्षरताको स्थिति नेपालको जनगणना २०७८ अनुसार यस प्रकारको रहेको छ ।तुलनात्मक अध्ययनका लागि दाङ जिल्ला र लुम्बिनी प्रदेशको समेत उल्लेख गरिएको छ ।

**तालिका नं ३**

**(५ वर्ष माथिको साक्षरताको अवस्था)**

| क्षेत्र | जम्मा | पढ्न लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न नसक्ने | उल्लेख नगरेका | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| लुम्बिनी | ४६८२२३७ | ३६५५९३३ | २५२३३ | ९९८७५१ | २३२० | ७८.०८ |
| दाङ | ६२१६५७ | ५०६०२८ | २१६४ | ११३१९८ | २६७ | ८१.४० |
| घोराही | १८४९४९ | १५३५९१ | ६५० | ३०६५५ | ५३ | ८३.०५ |

स्रोत (राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्यांक कार्यालय)

उपर्युक्त तथ्यांङ्क अनुसार घोराही उप-महानगरपालिकामा ५ वर्ष माथिका जम्मा जनसंख्या १ लाख ८४ हजार ९ सय ४९ रहेकोमा तीमध्ये पढ्न लेख्न र दुबै सक्ने जनसंख्या १ लाख ५३हजार ५ सय ९१ र पढ्नलेख्न नसक्ने व्यक्तिहरुको संख्या ३० हजार ६ सय ५५ देखिन्छ ।

**१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाः**

क्षेत्रफलका हिसाबले देशकै सबैभन्दा ठूलो उपप-महानगरपालिका घोराही उप-महानगरपालिका विभिन्न जातिहरुको बसोबास थलो हुने अवसर प्राप्त गरेको छ । सुरुवातीको समयमा तराई, औलोको प्रकोप रहँदासम्म थारुजातिको बसोबासस्थलका रुपमा पहिचान बनाएको यो क्षेत्र औलो नियन्त्रण पश्चात पहाडी भेगबाट खासगरी प्यूठान, रोल्पा, अर्घाखाँची, रुकुम र अन्य केही जिल्लाहरुबाट समेत बसाईसराइ गरी आएका कारण अहिले सबै सबै जातिहरुको बसोबासस्थल भएको छ ।हाल यस उप-महानगरपालिकामा विभिन्न जातजातिहरुको बसोबासस्थल रहेको छ ।

**घोराही उपमहानगरपालिकाका जातिगत विवरण**

नेपाल बहुजातीय बहुभाषिक राष्ट्र हो । यसमा विभिन्न १ सय बढी जातीका र १२५ वढी , मातृभाषा बोल्ने मानिसहरू बसोवास गर्दछन्। ती मध्ये घोराही उपमहानगरपालिकामा बसोवास गर्ने वासिन्दाहरूको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं ४**

**(घोराही उपमहानगरको जातिगत विवरण)**

| क स | जाति | संख्या | प्रतिशत | क स | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ५१२२३ | २५.५४ | १२ | ब्राह्मण तराई | १७०४ | ०.८५ |
| २ | थारू | ४४२२२ | २२.०५ | १३ | सुनुवार | ८५७ | ०.४३ |
| ३ | मगर | ३८८२४ | १९.३६ | १४ | गुरूङ | ६९७ | ०.३५ |
| ४ | पहाडी ब्राह्मण | २२७६२ | ११.३६ | १५ | विदेशी | ५६९ | ०.२८ |
| ५ | विश्वकर्मा | १४८०५ | ७.३८ | १६ | बानियाँ | ५६४ | ०.२८ |
| ६ | परियार | ५९२७ | २.९६ | १७ | वादी | ५६१ | ०.२८ |
| ७ | मिजार | ४३४२ | २.१६ | १८ | गाइने | ४१३ | ०.२० |
| ८ | सन्यासी , दशनामी | ३९४९ | १.९७ | १९ | सुनार | ३५१ | ०.१७ |
| ९ | नेवार | २५४२ | १.२७ | २० | कुमाल | २५४ | ०.१३ |
| १० | ठकुरी | २५.०९ | १.२५ | २१ | अन्य | १३५७ | ०.६८ |
| ११ | मुसलमान | १८१९ | ०.९ | | जम्मा | २००५३० | १००.० |

स्रोतः राष्ट्रिय जनगणना तथ्यांक कार्यालय, २०७८

यसै गरी घरमा बोलिने मातृभाषाका हिसाबले यस घोराही उपमहानगरपालिकाका बासिन्दाहरू तपसिल अनुसार रहेको पाइएको छ ।

**तालिका नं ५**

**(घोराहीको मातृभाषा अनुसार बोलिने भाषाको अवस्था)**

| क स | मातृभाषा | जनसंख्या | प्रतिशत | कस | मातृभाषा | जनसंख्या | प्रतिशत | क स | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली** | १४५३१८ | ७२.४७ | ६ | **अवधि** | ४८३ | ०.२४ | ११ | **गुरूङ** | ६९ | ०.०३ |
| २ | **थारू** | ४२५३५ | २१.२१ | ७ | **भोजपुरी** | ३०६ | ०.१५ | १२ | **संस्कृत** | ६१ | ०.०३ |
| ३ | **मगर** | ८९३९ | ४.४५ | ८ | **मैथली** | २३५ | ०.१२ | १३ | **अन्य** | २३३ | ०.१२ |
| ४ | **हिन्दी** | १४७८ | ०.७३ | ९ | **उर्दू** | १९६ | ०.०९ | | **जम्मा** | २००५३० | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | **नेवारी** | ५९६ | ०.३० | १० | **तामाङ** | ८१ | ०.०४ | | | | |

राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८

उपर्युक्त तथ्यांकको आधारमा घोराही उपमहानगरपालिकामा बसोबास गर्ने मध्ये नेपाली मातृभाषी सबैभन्दा बढी छन् । कुल वासिन्दामध्ये नेपाली भाषा मातृभाषा भएका ७२.७४ प्रतिशत, यसैगरी मातृभाषा थारू भएका २१.२१ प्रतिशत, मगर मातृभाषि ४.४८ प्रतिशत बसोवास गरेको तथ्याङ्कबाट जानकारी पाइन्छ । तर यो तथ्यांकमा संस्कृत मातृभाषी भनेर ६१ जनाको संख्या देखिएकोमा केही अलमलमा परिएको छ ।

सामाजिक तथा सांस्कृतिक हिसावले यस घोराही उपमहानगरपालिकामा धार्मिक हिसाबले हिन्दू, बौद्ध, मुश्लिम, इसाइ, लगायतका धार्मिक सम्प्रदायका मानिसहरू रहेका छन् राष्ट्रिय जनगणना, २०७८ अनुसार, ९८.९% जातजातिले हिन्दु धर्म, ०.३% ले बुद्ध धर्म, ०.२ % इस्लाम, ०.६% ले क्रिचियन धर्म मान्ने रहेको छ। धार्मिक अवस्थामा रहेको यो विविधताले पनि यस उपमहानगरपालिकामा सामाजिक तथा सांस्कृतिक विविधतालाई संकेत गरिरहेको छ ।बहुल सामाजिक तथा सांस्कृतिक पक्ष रीतिरिवाज यस नगरपालिकाको एक महत्वपूर्ण पहिचानको रुपमा रहेको छ ।

हिन्दु धर्म मान्ने जातजातिले बिशेषत बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, माघी, मातातीर्थ औंसी, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), श्री स्वस्थानी पूर्णिमा मनाइने गरिन्छ भने बौद्ध धर्म मान्ने जातजातिले बुद्धजयन्ती, विभिन्न ल्होसार मान्ने गरेको छन भने क्रिस्चियन धर्म मान्ने जातजातिले बिशेषतः क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष बनाउने गरेको पाइन्छ।

## १.४ आर्थिक अवस्थाः (कृषि, उद्योग, पर्यटन आदि)

यस नगरपालिकाका धेरै मानिसहरु कृषि पेशामा संलग्न रहेका छन् । यस भूभागमा धान, मकै, तोरीका साथै दलहन, तेलहन बाली पर्याप्त मात्रामा उब्जनी हुन्छ । विशेषतः बर्षे बालिका रुपमा धान र हिउँदे बालीमा गहुँ, तोरी, मसुरो, चना आदि बालिहरु प्रमुख रुपमा उत्पादन गरिन्छ । केही बर्ष यता बेमौसमी तरकारी खेती, कुनै बाख्रा पालनको पकेट क्षेत्र, धान खेतीको पकेट क्षेत्र, मकै बालीको पकेट क्षेत्र निर्धारण गरी उपमहानगरपालिकाले किसानहरुलाई आर्थिक, प्राविधिक

सहयोग पुर्‍याएर प्रोत्साहन गरी मासुजन्य पदार्थ र दुग्धजन्य पदार्थ आदिमा आत्मनिर्भर बन्न सफल भएको छ । यस क्षेत्रका किसानहरु मौसमी÷बेमौसमी तरकारी खेतीबाट सहज जीवनयापन गरिरहेका छन् ।

यातायात, सञ्चार क्षेत्रमा पनि यस नगरपालिकाले राम्रो प्रगति गरेको छ । गाउँ-गाउँसम्म पुग्ने पक्की सडकहरु बनेका छन् जसले गर्दा किसानहरुलाई घोराही, नारायणपुर, रामपुर जस्ताबजारसम्म आफुले उत्पादन गरेको वस्तुहरु बिक्री गर्न ल्याउनका साथै बजारबाट बीउ बिजन, मलखाद गाउँ घरसम्म पु¥याउन सहज भएको छ । घोराहीबाट तुलसीपुर, सल्यान, रोल्पा, प्युठानसम्म पनि कृषि उपज बिक्री स्वरुप पुऱ्याएको अवस्था छ । सञ्चारको क्षेत्रमा टेलिफोन, नेट सेवा, टेलिभिजन, रेडियो एफएम, मोवाइल फोनको सुविधाले यस पालिकाका मानिसहरुको जीवन सहज बनाएको छ ।

विद्युत, खानेपानीको क्षेत्रमा पनि पर्याप्त सेवा विस्तार भएको छ । शिक्षा र स्वास्थ्यको सुविधा पर्याप्त भएतापनि गुणस्तरीयतामा थप मेहनत गर्नु पर्ने अवस्था रहेको छ । घोराहीमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका साथै एमडी र एमविविएस, विएनको अध्ययन शुरू भएको छ । घोराही सिमेन्ट उद्योग, कम्बलका साथै अल्लोका उद्योगहरू सञ्चालनमा रहेका छन् । घोराहीको बजारका साथै धेरैजसो गाँउमा दैनिक उपभोगका वस्तुको सजिलै किन्न पाउने गरी व्यापार फस्टाइरहेको छ ।

कृषि यस घोराही उपमहानगरपालिकाका बासिन्दाहरूले विभिन्न पेसा  व्यवसाय गर्ने गर्दछन् ।

यस घोराही उप-महानगरपालिका शहरी क्षेत्र, औद्योगिक क्षेत्र र कृषि क्षेत्र व्यापार र  व्यवसाय गरेर मानिसहरुको बसोबास भएको क्षेत्र हो ।यसर्थ यहाँका मानिसहरु विभिन्न पेसा ठूला घरेलु उद्योग वैदेशिक रोजगारी नोकरी व्यापार रहेका छन् ।यहाँका वासिन्दाहरु कृषि उद्योगमा संलग्न छन् ।यहाँ परम्परागत खेतीपाती तथा तरकारी बेमौसमी तरकारी, च्याउ खेती, बंगुर पालन, माछा पालन, माहुरी पालन, गाइ पालन र कुखुरा पालन आदि प्रचलनमा रहेको छ ।

## १.५ शैक्षिक अवस्थाः

आर्थिक अवस्था कमजोर रहेका परिवार लाई शिक्षामा पहुँच पुऱ्याउन उपमहानगरपालिकाले विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई यस समुदायको विद्यालय उमेर समूहका बालबालिकालाई साथै र अभिभावकलाई शिक्षामा पहुँच पुऱ्याउन आवश्यक क्रियाकलाप यस शिक्षा योजानामा प्रथमिकीकरण गरिएको छ ।

तालिका नं ६ (घोराही उपमहानगरपालिकामा सञ्चालित सामुदायिक र संस्थागत विद्यालय विवरण २०८२)

| क स | तह | सामुदायिक | संस्थागत र मन्टेश्वरी | धार्मिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास केन्द्र | ९३ | ७६ र मन्टेश्वरी | ० | १६९ |
| २ | आधारभूत विद्यालय १– ५ | ५० | १५ | ० | ६५ |
| ३ | आधारभूत वि १– ८ | १५ | १४ | ० | २९ |
| ४ | मा वि १–१० | ५ | ३० | २ | ३७ |
| ६ | मा वि १–१२ | २१ | २० | ० | ४१ |
| | जम्मा | ९१ | ७९ | २ | १७२ |

(स्रोत सामाजिक विकास महाशाखा, घोराही उपमहानगरपालिका दाङ )

## तालिका नं ७ (वडागत विद्यालय विवरण)

| वडा नं | सामुदायिक | | संस्थागत | | वडा न. | सामुदायिक | | संस्थागत | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मा.वि | आ.वि | मा.वि | आ.वि | | मा.वि | आ.वि | मा.वि | आ.वि | |
| **१** | १ | ५ | ० | ० | **११** | १ | ५ | ० | २ | |
| **२** | २ | ६ | १ | १ | **१२** | ३ | ६ | २ | २ | |
| **३** | १ | ३ | ० | १ | **१३** | १ | २ | ५ | ० | |
| **४** | १ | ३ | २ | १ | **१४** | ३ | १ | ४ | १ | |
| **५** | १ | ६ | १ | १ | **१५** | २ | ० | १४ | ७ | |
| **६** | २ | १ | १ | ३ | **१६** | ० | ३ | २ | १ | |
| **७** | २ | १ | १ | १ | **१७** | १ | ३ | ४ | २ | |
| **८** | १ | ३ | ० | १ | **१८** | १ | ४ | ८ | ० | |
| **९** | १ | २ | १ | १ | **१९** | २ | १० | ० | ० | |
| **१०** | २ | १ | ७ | ४ | | | | | | |
| | **कुल जम्मा** | | | | | **२८** | **६५** | **५३** | **२९** | १७५ |

**तालिका न ८ (विद्यालयगत शिक्षक विवरण)**

| क स | तह | दरबन्दी | राहत | सघीय अनुदान | नगर अनुदान | जम्मा स्वयंसेवक शिक्षक समेत | निजी स्रोत शिक्षक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र शिक्षक | १५४ | ० | ० | १९ | १७३ | ४० | २१३ |
| २ | प्रा वि शिक्षक | ३८३ | ९६ | ० | ० | ४७९ | ५० | ५२९ |
| ३ | नि मा वि शिक्षक | ९७ | ३० | ० | ३५ | १६२ | ५६ | २१८ |
| ४ | मा वि (९ १०) शिक्षक | ७६ | १३ | १८ | २१ | १२८ | २३ | १५१ |
| ५ | मा वि (११ १२) शिक्षक | १० | ११ | ० | ० | २१ | ६८ | ८९ |
| ७ | विद्यालय सहायक कर्मचारी | २६ | ० | ० | ० | २६ | ० | २६ |
| ८ | विद्यालय सहायक | ९८ | ० | ० | ० | ९८ | ० | ९८ |
|  | कुल जम्मा | ८४४ | १५० | १८ | ७५ | १०८७ | २३७ | १३२४ |

**स्रोत EMIS तथ्याङ्क)**

घोराही उपमहानगरपालिकाको सामुदायिक विद्यालयको विद्यार्थी संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात यस प्रकार रहेको देखिन्छ ।

**तालिका नं ९ (तहगत शिक्षक तथा विद्यार्थी अनुपात)**

| क्र स | कक्षा | विद्यार्थी सख्या | शिक्षक सख्या स्वयंसेवक शिक्षक समेत | विद्यार्थी शिक्षक अनुपात | निजीस्रोत शिक्षक सख्या | जम्मा शिक्षक | निजी स्रोत शिक्षक सहित अनुपात | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | बा. वि. के | ३२७० | १७३ | १८.९० | ४० | २१३ | १५.३५ |  |
| २ | १ - ५ | ८३९४ | ४७९ | १७.५३ | ५० | ५२९ | १५.८६ |  |
| ३ | ६ — ८ | ६९२६ | १६२ | ४२.७५ | ५६ | २१८ | ३१.७७ |  |
| ४ | ९ — १० | ४२७१ | १२८ | ३३.३६ | २३ | १५१ | २८.२८ |  |
| ५ | ११ — १२ | ४२६८ | २१ | २०३.२ | ६८ | ८९ | ४७.९५ |  |
|  | जम्मा | २७१२९ | ९६३ | २८.४६ | २१७ | १२०० |  |  |

**तालिका नं १० (बाल विकास केन्द्रका विद्यार्थीहरु तुलनात्मक चार्ट)**

| स्थानीय तह | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | | धार्मिक विद्यालय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| घोराही उपमनपा | १६१७ | १६०१ | ३२१८ | ४०५९ | ५१४७ | ९२०६ | १८ | ३४ | ५२ |

**स्रोत EMIS तथ्याङ्क)**

विद्यार्थी संख्याका आधारमा हेर्दा घोराही उपमहानगरपालिकामा बालविकास केन्द्रमा अध्ययनका लागि जाने बालबालिकामध्ये संस्थागत विद्यालयको प्रतिशत उच्च रहेको छ । जम्मा १२४७६ विद्यार्थी मध्ये सामुदायिक विद्यालयमा २५.८ प्रतिशत धार्मिक विद्यालयमा ०.४१ प्रतिशत तथा संस्थागत विद्यालयहरूमा ७३.७९ प्रतिशत रहेकाबाट अधिकांश बालबालिकाहरू संस्थागत विद्यालयमा अध्ययन गरेको देखिन्छ ।

**तालिका नं ११ (आधारभूत तह (कक्षा १ — ५ का विद्यार्थी संख्या)**

| क स | विद्यालय | विद्यालय संख्या | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | ५० | ४२४८ | ४१४६ | ८३९४ | ३१.४९ |
| २ | संस्थागत | १५ | ८०२७ | १०२३६ | १८२६३ | ६८.५१ |
| | जम्मा | ६५ | १२२७५ | १४३८२ | २६६५७ | १००.० |

**स्रोतः इमिस तथ्यांक २०८३**

उपर्युक्त तथ्यांक अनुसार यस घोराही उपमहानगरपालिका अन्तरगतका विद्यालयहरूमा अध्ययन गर्ने आधारभूत तह (१-५) का विद्यार्थीमध्ये सामुदायिक विद्यालयमा ४२४८ जना छात्रा र ४१४६ छात्र गरी  ८३९४जना विद्यार्थी अध्ययनरत छन् । यसैगरी ८०२७ जना छात्रा र १०२३६ जना छात्र गरी जम्मा १८२६३ जना विद्यार्थी संस्थागत विद्यालयहरूमा अध्ययन गर्दछन् । यो तथ्यांकको अध्ययन गर्दा आधारभूत तह (कक्षा १-५) मा अध्ययन गर्ने कुल

विद्यार्थी २६६५७ मध्ये ३१.४९ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् । यसैगरी ६८.५१ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत छन् ।

यस घोराही उपमहानगरपालिकामा विद्यालय तहको आधारभूत तह (कक्षा ६-८) मा तपसिल अनुसारका विद्यार्थी भर्ना भएको तथ्यांक इमिस २०८२ बाट प्राप्त भएको छ ।

**तालिका न. १२ (आधारभूत तह (कक्षा ६ — ८ का विद्यार्थी संख्या)**

| क स | विद्यालय | विद्यालय संख्या | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | १५ | ३६३१ | ३२९५ | ६९२६ | ४४.४४ |
| २ | संस्थागत | १४ | ३७४४ | ४९१५ | ८६५९ | ५५.५६ |
| ३ | जम्मा | ३१ | ७३७५ | ८२१० | १५५८५ | १०० |

इमिस तथ्यांक;२०८२

उपर्युक्त तथ्यांक अनुसार यस घोराही उपमहानगरपालिका अन्तरगतका विद्यालयहरूमा अध्ययन गर्ने आधारभू तह (६-८) का विद्यार्थीमध्ये सामुदायिक विद्यालयमा ३६३१ छात्रा र ३२९५ छात्र गरी जम्मा ६९२६ जना विद्यार्थी अध्ययनरत छन् । यसैगरी ३७४४ छात्रा र ४९१५ छात्र गरी जम्मा ८६५९ जना विद्यार्थी संस्थागत विद्यालयहरूमा अध्ययन गर्दछन्। यस उपमहानगरपालिकामा रहेका २ वटा धार्मिक विद्यालयमा १७ छात्रा र २३ छात्र गरी ४० जना विद्यार्थी अध्ययनरत छन् । यो तथ्यांकको अध्ययन गर्दा आधारभूत तह (६-८) मा अध्ययन गर्ने कुल विद्यार्थी १५५८५ मध्ये ४४.४४ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन्। सामुदायिक विद्यालयतर्फका कुल विद्यार्थीमध्ये ०.५८ प्रतिशत विद्यार्थी धार्मिक विद्यालयमा अध्ययनरत छन् । यसैगरी ५५.५६ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत छन् ।

यस घोराही उपमहानगरपालिकामा विद्यालय तहको माध्यमिक तह (कक्षा ९-१०) मा तपसिल अनुसारका विद्यार्थी भर्ना भएको तथ्यांक इमिस २०८२ बाट प्राप्त भएको छ ।

**तालिका १३ (माध्यमिक तह कक्षा ९ — १० का विद्यार्थी संख्या)**

| क स | विद्यालय | विद्यालय संख्या | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | सामुदायिक | ५ | २३७२ | १८८३ | ४२५५ | ४९.४५ |
| 2 | संस्थागत | ३० | १८७८ | २४५६ | ४३३४ | ५०.३७ |
| | धार्मिक | २ | ७ | ९ | १६ | ०.१८ |
| | जम्मा | ३७ | ४२५७ | ४३४८ | ८६०५ | १०० |

उपर्युक्त तथ्याङ्कबाट यस उपमहानगरपालिकाका सामुदायिक विद्यालयमा ४२५५(४९.४५ प्रतिशत) विद्यार्थी सामुदायिक विद्यालयमा भर्ना भएका छन्। यसैगरी संस्थागत विद्यालयमा ४३३४ (५०.३७ प्रतिशत) र धार्मिक विद्यालयमा १६ (०.१८ प्रतिशत) विद्यार्थी छन् ।

**माध्यमिक तह (कक्षा ११-१२)**

यस घोराही उपमहानगरपालिकामा माध्यमिक तह कक्षा (११-१२) को तपसिल अनुसारका विद्यार्थी भर्ना भएको तथ्यांक इमिस २०८२ बाट प्राप्त भएको छ ।

**तालिका १४ (माध्यमिक तह कक्षा ११ — १२ का विद्यार्थी संख्या)**

| क स | विद्यालय | विद्यालय संख्या | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | २१ | २३०८ | १९६० | ४२६८ | ५३.५४ |
| २ | संस्थागत | २० | १७५९ | १९४५ | ३७०४ | ४६.४६ |
| | जम्मा | ४१ | ४०६७ | ३९०५ | ७९७२ | १०० |

उपर्युक्त तथ्याङ्कबाट यस उपमहानगरपालिकाका सामुदायिक विद्यालयमा ४२६८ (५३.५४ प्रतिशत) विद्यार्थी र संस्थागत विद्यालयमा ३७०४ (४६.४६प्रतिशत) विद्यार्थी अध्ययनरत छन् ।

समग्रमा इमिस तथ्यांङ्क २०८२ अनुसार घोराही उपमहानगरपालिकाका समग्र विद्यार्थी संख्या यस प्रकार रहेको छ ।

**तालिका नं १५ (घोराही उपमहानगरपालिकाका समग्र विद्यार्थी संख्या)**

| क स | विद्यालय | विद्यालय संख्या | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | ९१ | १२४८० | ११२०६ | २३६८६ | ४०.२७ |
| २ | संस्थागत | ७८ | १५४०८ | १९५५२ | ३४९६० | ५९.४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | धार्मिक | २ | ८६ | ८७ | १७३ | ०.३० |
| | जम्मा | १७१ | २७९७४ | ३०८४५ | ५८८१९ | १०० |

**तालिका नं १६ (प्राविधिक धार र CTEVT तथ्यांक (इमिस तथ्यांङ्क २०८२)**

| प्राविधिक धार | | | | सिटिइभिटी | | | |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | तह | छात्रा | छात्र | जम्मा |
| ९ | १८ | ३१ | ४९ | प्रि डिप्लोमा | | | ६१ |
| १० | २१ | २१ | ४२ | डिप्लोमा १ | | | ३६ |
| ११ | १९ | २१ | ४० | डिप्लोमा २ | | | ५० |
| १२ | ११ | २१ | ३२ | डिप्लोमा ३ | | | ५५ |
| **जम्मा** | **६९** | **९४** | **१६३** | जम्मा | | | २०२ |

उपरोक्त तथ्यांक अनुसार घोराही उप-महानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा प्राविधिक धार अध्ययनरत जम्मा १६३ विद्यार्थी मध्ये श्री पद्मोदय पब्लिक नमुना माध्यमिक विद्यालय भरतपुर, दाङमा कम्प्युटर विज्ञान अध्ययन गर्ने १९ छात्रा र ६१ छात्र गरी जम्मा ८० जना र श्री गोरक्ष रत्ननाथ माध्यमिक विद्यालय चौघेरा, दाङमा पशु विज्ञान अध्ययन गर्ने जम्मा ५० जना छात्रा र ३३ जना छात्र गरी जम्मा ८३ जना विद्यार्थी अध्ययनरत छन् ।
यसै गरी सिटिइभिटी तर्फ पद्मोदय पब्लिक नमुना मा.वि मा सञ्चालित प्रिडिप्लोमा इलेक्ट्रिकल इन्जिनियरिङतर्फ ८ छात्र तथा कम्प्युटर तर्फ ५ छात्रा र १६ छात्र गरी २९ जना अध्ययनरत छन् । यसैगरी मा वि रझेनामा डिप्लोमा तहमा पहिलो वर्षमा १६ दोस्रो वर्षमा ३० र तेस्रो वर्षमा ३७ गरी ८३ जना अध्ययनरत छन् । सरस्वति मा वि भरतपुरमा प्रिडिप्लोमामा ४२ जना अध्ययनरत छन् भने डिप्लोमा प्रथम वर्षमा २० दोस्रो वर्पमा २० र तेस्रो वर्षमा १८ गरी जम्मा ५६ जना अध्ययनरत छन् ।श्री बालविकास मा.वि घोराही - १५ र सिद्धरत्न नाथ मा वि नारायणपुर, हापुर मा वि निघुवार मा वि डाँडागाउँ गोग्लीमा विद्यार्थी नभएको अवस्था पनि छ । सबै विद्यालयमा निर्धारित कोटामा सङ्ख्यामा विद्यार्थी भर्ना नभएबाट नीतिगत समस्या खोतल्नु जरुरी छ ।

## २. सबल पक्षहरु

यस उप-महानगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा तथा विद्यालय पोसाक वितरण जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ। सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइ अनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ। शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ। स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ।

समग्रमा, यस उप-महानगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ।

# ३. मुख्य समस्याहरु

## क) समतामूलक पहुँच र सहभागिता

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ। अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ। अभिभावक शिक्षाको अभावले घर–विद्यालय समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ।

## ख) गुणस्तर र सान्दर्भिकता

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ । स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवनोपयोगी सीप विकासमा चुनौति सिर्जना गरेको छ ।

## ग) शिक्षक व्यवस्थापन

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधिमैत्री तालिम र समावेशी शिक्षण रणनीति सम्बन्धी कार्यक्रम अपर्याप्त छन्। शिक्षा क्षेत्रमा हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

## घ) भौतिक पूर्वाधार

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र

उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन्। यसले डिजिटल शिक्षण–सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ।

## ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ। सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र फिडब्याक प्रणाली पर्याप्त सुदृढ छैन। परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

## च) समता र समावेशीकरण

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ। लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ।

## छ) विद्यालय सुशासन र व्यवस्थापन

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ। विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ। माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने लगानी र बजेटको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

समग्रमा हेर्दा घोराही उप-महानगरपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

## ४. अवसर

विद्यालय शिक्षा क्षेत्रमा माथि उल्लेखित थुप्रै चुनौतीहरू विद्यमान छन् तापनि हामी निरास हुनु पर्ने अवस्था छैन। उक्त चुनौतीहरू सामना गर्ने थुप्रै अवसरहरू पनि हामीबिच रहेका छन् । उपलब्ध अवसर, स्रोत र साधनको समुचित उपयोग गर्न सके मात्रै पनि धेरै समस्याहरू समाधान गर्न सकिन्छ । विद्यालय शिक्षा क्षेत्रमा विद्यमान मुख्य अवसरहरू देहायअनुसार रहेका छन् :

- विद्यालय शिक्षाको व्यवस्थापनका लागि आवश्यक स्थानीय ऐन, नियमावली तथा कार्यविधिको तर्जुमा गर्नु,
- विद्यालय तहमा विद्यार्थी भर्ना दरका साथै लैङ्गिक समता सूचकाङ्क प्रभावकारी देखिनु ।
- विद्यालय शिक्षाको प्रभावकारिता वृद्धिका लागि अधिकांश विद्यालयका भवन, कक्षाकोठालगायतका भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ हुँदै जानु,
- शिक्षा क्षेत्रका केन्द्रीय कार्यक्रम तथा बजेटका अतिरिक्त औचित्यका आधारमा नगरपालिकाबाट बजेट विनियोजन भई लगानी साझेदारी हुनु,
- स्थानीय आवश्यकता र सम्भावनालाई दृष्टिगत गरी कक्षा ५ सम्मको स्थानीय पाठ्यक्रम विकास हुनु,
- केन्द्रीय तहवाट पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक व्यवस्थापन, तालिम, विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरू, विद्यार्थी मूल्यांकन तथा परीक्षा जस्ता क्षेत्रमा प्राविधिक तथा आर्थिक सहयोग प्राप्त हुनु,
- शिक्षामा समावेशी सहभागिता अभिवृद्धि हुनु, सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेक्षा बढ्दै जानु,

विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय र सूचना सञ्चार प्रविधिमैत्री बनाउनका लागि तीनै तहका सरकारका साथै विभिन्न सहयोगीहरूबाट लगानीको वातावरण सिर्जना हुनु ।

## ५.चुनौतिः

- प्रारम्भिक वालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा व्यवस्थित गरी गुणस्तरीय बनाउनु,
- आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गर्नका लागि आवश्यक पर्ने दीर्घकालीन स्रोतको व्यवस्थापन गर्नु,
- कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु,
- शिक्षण सिकाइ पद्धतिलाई गुणस्तरीय, व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु,
- शिक्षकले कक्षा कोठामा बिताउने समय र कक्षा शिक्षणको प्रभावकारिताको आँकलन गर्ने संयन्त्र निर्माण गर्नु,
- विद्यालयमा तहगत, विषयगत रूपमा दक्ष एवम् प्रतिवद्ध शिक्षकको व्यवस्थापन गर्नु
- कुशल नेतृत्व गर्न सक्षम हुने गरी प्रधानाध्यापकहरूको क्षमता विकास गर्नु,
- विद्यालयहरूको एकीकरण, समायोजन र पुनर्मिलान गर्नु,

- स्थानीय आवश्यकता र सम्भावनाको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरि सो को प्रभावकारी कार्यान्वयन गर्नु,
- सूचना प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा स्थापित गर्नु,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको उचित व्यवस्थापन गरी गुणस्तर, पहुँच र सक्षमताको विकास गर्नु,
- शैक्षिक क्षेत्रमा सुधारका लागि वडा शिक्षा समितिको क्षमता विकास र परिचालन गर्नु,
- प्राकृतिक प्रकोप एवम् आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिकाइ सुनिश्चितता गर्नु,
- सबै उमेर समूहका व्यक्तिहरूका लागि जीवन पर्यन्त सिकाइका लागि पर्याप्त अवसर सिर्जना गर्नु,
- सार्वजनिक शिक्षाप्रतिको जनविश्वास वृद्धि गराउनु,
- संस्थागत विद्यालय तथा शिक्षण संस्थाहरूलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गरी सेवा प्रदायक संस्थाको रूपमा सञ्चालनमा ल्याउनु,
- शिक्षाका हरेक तह र क्षेत्रमा सुशासनको प्रत्याभूति गराउनु ।

# परिच्छेद २ : दूरदृष्टि, ध्येय, उद्देश्य र रणनीति

## २.१ दूरदृष्टि (Vision)

**श्रम, रोजगार, गुणस्तरीय एवं प्रविधिमैत्री शिक्षा शिक्षित, सभ्य र आत्मनिर्भर घोराही उपमहानगरपालिका ।**

## २.२ ध्येय/लक्ष्य (Mission)

गुणस्तरीय विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चितता मार्फत गतिशील जीवनयापनका लागि यस सबै विद्यालको भातिक, शैक्षिकलगायत नीतिगत पक्षको आवश्यक सुधार गरी समतामूलक, समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्दै स्वस्थ, दक्ष र सिपयुक्त नवप्रवर्तनशील जनशक्तिको विकास गरी समृद्ध घोराही उपमहानगरलाई टेवा पुऱ्याउनु ।

## २.३ उद्देश्यहरू (Objectives)

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायतका विभिन्न राष्ट्रिय महत्वका दस्तावेज एवम् अन्तराष्ट्रिय प्रतिवद्धता र हाम्रो घोराही उपमहानगरपालिकाको आफ्नै मौलिक आवश्यकतामा आधारित भएर १० वर्षीय शिक्षा योजना कार्यान्वयन गरेर देहायका उद्देश्य प्राप्त गर्ने अपेक्षा गरिएको छ।

(१) चार वर्ष उमेर समुहका सबै बालबालिकाहरुको चौतर्फी विकासका लागि गुणस्तरीय प्रारम्भिक बाल विकास र शिक्षाको अवसर सुनिश्चित गरी कक्षा १ मा प्रवेशका लागि तयार गराउनु ।

(२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सर्वसुलभ पहुँच सुनिश्चित गर्नु ।

(३) माध्यमिक तहको शिक्षा गुणस्तरीय, निःशुल्क र पहुँचयोग्य बनाउनु ।

(४) सबै तहको विद्यालय शिक्षाको गुणस्तर एवं सान्दर्भिकता अभिवृद्धि गर्नु ।

(५) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिमको पहुँच विस्तार गर्नु।

(६) निरन्तर शिक्षा तथा जीवनपर्यनन्त सिकाइका लागि अवसर उपलब्ध गराउनु ।

(७) विद्यालय शिक्षामा समावेशीता,सुशासन तथा जवाफदेहीताको सुनिश्चितता गर्नु ।

(८) अतिरिक्त क्रियाकलाप तथा खेलकुदका माध्यमबाट बालबालिकाको प्रतिभा पहिचान र नेतृत्व क्षमता विकास गरी स्वस्थ र अनुशासित जनशक्ति तयार गर्नु ।

(९) आपतकालिन तथा संकटकालिन अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

## २.४ रणनीतिहरू

यस योजनाका उद्देश्य हासिल गर्नका लागि मुख्यतया निम्नानुसारका रणनीतिहरूको अवलम्बन गरिनेछ :

(१) प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन गरी प्रत्येक विद्यालयमा कम्तीमा एक प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गर्ने,

(२) प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी ४ वर्ष उमेरका सबै बालवालिकाहरूको पहुँच सुनिश्चित गर्ने,

(३) प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्डहरू पूरा गर्न लगाई गुणस्तरीय सिकाइको सुनिश्चितता गर्ने,

(४) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको व्यवस्थापनका लागि निश्चित मापदण्डको विकास गरी आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(५) विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित वातावरण एवम् हरित विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने,

(६) कक्षाकोठामा आधारित सिकाइलाई प्रवर्धन गर्ने गरी शिक्षकहरूका लागि निरन्तर पेशागत विकास तथा सहायता प्रणालीको स्थापना गर्ने ।

(७) अनुकुल भौतिक पूर्वाधारसहित सबै विद्यालयमा सूचना प्रविधिको न्यूनतम पहुँच सुनिश्चित गरी सिकाइमा प्रयोग गर्ने।

(८) विद्यालय शिक्षाको विकासका लागि विभिन्न सङ्घ संस्था तथा साझेदारहरूको पहिचान र परिचालन गर्ने।

(९) राष्ट्रिय मापदण्ड अनुरूप स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् परिमार्जन गरी कार्यान्वयन गर्ने।

(१०) विद्यार्थी मूल्याङ्कन तथा उपलब्धि परीक्षण प्रणालीमा सुधार ल्याउने।

(११) गुणस्तरीय एवम् सान्दर्भिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको अवसर वृद्धि गरी सबै वर्ग, क्षेत्र र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

(१२) निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइलाई टेवा पुऱ्याउन सामुदायिक सिकाइ केन्द्रको पुनर्वितरण गरी प्रभावकारी परिचालन गर्ने तथा सामुदायिक/सार्वजनिक पुस्तकालय एवम् वाचनालयको विकास एवम् परिचालन गर्ने ।

(१३) शिक्षकले कक्षाकोठा र शिक्षण सिकाइ क्रियाकलापमा विताउने समयको अनुगमन गर्ने संयन्त्रको विकास गर्ने,

(१४) अपनत्वको भावना सिर्जना, नेतृत्वको क्षमता विकास, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्धन, लगानी अभिवृद्धि र शैक्षणिक प्रविधिको उच्चतम प्रयोगद्वारा समग्र शिक्षा क्षेत्रको सवलीकरण गर्ने ।

(१५) विद्यालयको समग्र सञ्चालन तथा व्यवस्थापन कार्यमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र वडालाई जिम्मेवार बनाउने,

(१६) शैक्षिक गुणस्तर अभिवृद्धि र सुशासनका लागि सबै प्रकारका शिक्षण संस्था तथा विद्यालय बाहिर हुने अध्यापन सेवाहरूको प्रभावकारी अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा नियमन प्रणालीको व्यवस्था गर्ने,

(१७) शैक्षिक संस्थाहरूमा सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गराउन आवश्यक कानुनी प्रबन्ध गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

(१८) विद्यालय शिक्षामा समावेशीता, सुशासन तथा जवाफदेहीताको सुनिश्चितता गर्ने ।

(१९) अतिरिक्त क्रियाकलाप तथा खेलकुदका माध्यमबाट बालबालिकाको प्रतिभा पहिचान तथा नेतृत्व क्षमता विकास गर्दै स्वस्थ र अनुशासित जनशक्ति तयार गर्ने ।

(२०) आपतकालिन तथा संकटकालिन अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न अस्थायी सिकाइ केन्द्र तथा वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।

२१) लगानी

## २.५ अपेक्षित नतिजाः

योजनाको अन्तमा देहायअनुसारका मुख्य नतिजा हासिल हुने छन् :-

(१) घोराही उप-महानगरपालिकाका सबै बालबालिकाहरूले मापदण्डमा आधारित गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको समान अवसर प्राप्त गरेका हुने छन्। परिणामस्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको सङ्ख्या शतप्रतिशत पुगेको हुने छ।

(२) आधारभूत तह (कक्षा १-८)को खुद भर्नादर १०० प्रतिशत पुगेको हुने छ ।

(३) माध्यमिक शिक्षामा समतामूलक पहुँच अभिवृद्धि हुन गई कक्षा ९-१२ को खुद भर्नादर ६० प्रतिशत पुगेको हुने छ ।

(४) शिक्षण सिकाइ वातावरणमा सुधार आई विद्यालय शिक्षाको गुणस्तर वृद्धि भएको हुने छ ।

(५) सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था गरिनुका साथै नियमित रूपमा क्षमता विकासका अवसर प्राप्त भएको हुने छ ।

(६) आधारभूत तहको कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् परिमार्जन भई कार्यान्वयनमा आएको हुने छ ।

(७) शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिलाई उपयोग गरिएको हुने छ ।

(८) सबै विद्यालयमा बालमैत्री न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार स्थापना भएको हुने छ ।

(९) विद्यालय तहमा सुशासन कायम भई सिकाइप्रति उत्तरदायी पद्धतिको स्थापना हुने छ ।

(१०) विद्यालय शिक्षामा समावेशीता, सुशासन तथा जवाफदेहीताको सुनिश्चितता भएको हुने छ।

(११) अतिरिक्त क्रियाकलाप तथा खेलकुदका माध्यमबाट बालबालिकाको नेतृत्व क्षमता विकास गर्दै स्वस्थ अनुशासित जनशक्ति तयार हुनेछन्।

(१२) आपतकालीन तथा संकटकालीन अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुनेछ।

**तालिका नं १७ (मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण)**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ११० | १०८ | १०५ | १०२ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ६७.७० | ७५ | ९० | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | १३४ | १२४ | ११४ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १९० | १७० | १५० | १२० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९४.६१ | ९६ | ९८ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | १५६.६९ | १५२ | १४५ | ११० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर (%) | १२०.९८ | ११५ | ११० | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर (%) | १५२.४३ | १५० | १४५ | १२५ |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | ९६.८८ | ९७ | ९८ | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | ९५.४८ | ९६ | ९७ | १०० |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.९ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९१ | ०.९२ | ०.९३ | १.०० |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | १३३ | १३० | १२५ | १०० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १४७ | १४२ | १३७ | १०५ |
| २.१२ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८५ | ८७ | ९० | १०० |
| २.१३ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | १.०१ | | | |
| २.१४ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८७ | ०.९० | ०.९५ | १.० |
| २.१५ | विद्यालय वाहिर रहेका बालबालिका (%) | | | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | ५६.१९ | ५७ | ५८ | ६० |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ५१ | ५३ | ५६ | ६० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ८५ | ८७ | ८९ | ९५ |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | | | | |
| ३.४ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ८६.८६ | ८७ | ८८ | ९० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ७८.२५ | ७९ | ७९.५ | ८० |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%) | २०.३३ | २२ | २५ | ३० |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ९५ | ९६ | ९७ | १०० |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ८५ | ८६ | ८८ | ९५ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९६ | ९७ | ९८ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | ०.९१ | ०.९२ | ०.९३ | १०० |
| ५. | सुशासन तथा व्यवस्थापन | | | | |

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| | | २०८२ | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १७.५३ | २२ | २७ | ४० |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ५०.५५ | ५० | ४७ | ४५ |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | २४.८७ | २६ | ३० | ४५ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ३८.५ | ३९ | ४२ | ५० |
| ५.५ | माध्यमिक तह (कक्षा ११-१२) मा विद्यार्थी शिक्षक अनुपात | २०३.२ | २०० | १८० | १०० |
| ५.६ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात | १२१ | ७० | ११० | ७५ |

# परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## पृष्ठभूमि

विद्यालय शिक्षा क्षेत्र योजना ले प्रारम्भिक बालबिकास, आधारभूत तह, माध्यमिक तह, जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम लाई विद्यालय शिक्षाको क्षेत्रका प्रमुख ६ ओटा क्षेत्रको रूपमा विभाजन गरी सुधारको लागि लक्ष्य निर्धारण गरेको छ । यस परिच्छेदमा सोहि क्षेत्रको वर्तमान अवस्था, समस्या चुनौति, लक्ष्य, उद्देश्य, नतिजा साथै मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण बारेमा प्रस्तुत गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

बाल्यावस्था मानव विकासको चरणमा सबैभन्दा छिटो वृद्धि हुने अवस्था हो। सबै बालबालिकाको विकास एउटै गतिमा हुन सक्दैन तर पनि सबै बालबालिकाहरु एक निश्चित शारीरिक, मानसिक र संवेगात्मक विकासका चरणहरु पार गरी विकसित हुने गर्दछन् । बालकको करिब ८० प्रतिशत मानसिक विकास ५ वर्षको उमेरसँग नै विकसित भइसकेको हुन्छ भन्ने मान्यता रहि आएकोले बालबालिकाको विकासका लागि यो उमेरमा लगानी गर्न वाञ्छनीय नै हुन्छ । यस चरणमा उनीहरुको विकासका लागि अपनाइएका विधि, प्रविधि, प्रक्रियाहरुले माथिल्लो उमेरमा समेत उनीहरुको विकास गर्न सहयोग गरेको हुन्छ । ४ वर्ष पुरा गरी ५ बर्ष उमेर पुरा नभएका बालबालिकाहरुलाई प्राथमिक शिक्षाको पूर्व अवस्थामा दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा या पूर्व प्राथमिक शिक्षा भनिन्छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले प्रारम्भिक बालशिक्षा र विकास कार्यक्रमलाई ४ वर्ष र सोभन्दा मुनिका बालबालिकाहरुको लागि दिइने शिक्षाको रुपमा परिभाषित गरेको छ । प्रारम्भिक बालशिक्षा र विकासलाई आधारभूत शिक्षाको जगको रुपमा लिइन्छ । त्यसैले बालकको मानसिक, शारीरिक, सामाजिक एवं संवेगात्मक विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रम नेपाल सरकारले लागु गरेको छ । शैक्षिक क्षति न्यून गर्नका लागि कक्षा

१ मा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउनका लागि समेत प्रारम्भिक बालविकास शिक्षाको निकै आवश्यकता रहिआएको छ ।

### ३.१.२ वर्तमान अवस्था

यस उपमहानगरपालिकामा हाल जम्मा १५४ ओटा बालविकास रहेको छ । जम्मा १५४ ओटा बालविकासमध्ये विद्यालयको इमिस तथ्याङ्क २०८२ अनुसार ९३ ओटा सामुदायिक विद्यालयमा आधारित रहेको छ। जसमध्ये १६१९ छात्रा र १६०१ छात्र गरी कुल ३२२० जना बालबालिका भर्ना भएर अध्ययन गरिरहेको अवस्था छ । प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर १६२.५ रहेको छ भने खुद भर्ना ११० प्रतिशत रहेको छ त्यसै गरी प्रारम्भिक बालविकास एवं पूर्वप्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६७.७० रहेको छ।

**तालिका १८ ( प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण )**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सामुदायिक | ९३ | १६१९ | १६०१ | ३२२० | ४५६ | ४१२ | ८६८ | १९ | १७ | ३६ |
| संस्थागत | ७८ | ४०५९ | ५१४७ | ९२०६ | ५८० | ६८९ | १२६९ | १५ | ८ | २३ |
| जम्मा | १७१ | ५६७८ | ६७४८ | १२४२६ | १०३६ | ११०१ | २१३७ | ३४ | २५ | ५९ |

घोराही उप-महानगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ।हाल यस नगरपालिकामा बालविकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य-दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

३.१ .३ लक्ष्य तथा उदेश्य

योजना अवधिको अन्तसम्म सबै ४—५ वर्षका बालबालिकाहरुले बालविकास र शिक्षाको अवसर पाउनेछन् ।यसका लागि निम्न विशिष्ट उद्देश्य रहेका छन् ।

१. चारवर्ष उमेरका सबै वालवालिकाहरुको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा समतामुलक पहुँच बढाउनु,
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।
३. सबै बालविकास केन्द्रको व्यवस्थापनमा सुधार गर्न प्रारम्भिक बालशिक्षाको अनुभव सहितकक्षा १ मा भर्ना गराउनु ।

३.१.४ रणनीतिहरु

योजना अवधिको अन्तसम्म सबै ४—५ वर्षका बालबालिकाहरुले बालविकास र शिक्षाको अवसर पाउनेछन् । योजनाका उद्देश्यहरु प्राप्त गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छ ।

१. सबै बालबालिकाहरुको पहुँचका लागि संघीय सरकारले निर्धारण गरेको मापदण्ड नम्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरीनेछ ।
२. कार्यक्रमको नक्सांकन,पुनर्वितरण र आवश्यकताअनुसार नयाँ केन्द्र स्थापना गरीनेछ ।
३. घोराही उप-महानगरपालिका क्षेत्रमा बसोवास गर्ने सवै समुदायका बालबालिकाहरुको पहुँच सुनिश्चित गरिनेछ ।
४. कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय, गैर सरकारी संघ सँस्था, नीजि क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ ।
५. आधारभूत पोषणसहितको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
६. सहजकर्ताको मनोबल उच्च बनाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,
७. बालमैत्री शैक्षिक वातावरण निर्माणका कार्यक्रमहरू सञ्चालन गर्ने।
८. शैक्षिक सामग्रीको व्यवस्थापन, छापामय कक्षा कोठा र आवश्यक खेल सामग्रीको व्यवस्था गर्न सहयोग गर्ने,
९. नमुना बालविकास केन्द्र विकासका लागि सहयोग कार्यक्रम सञ्चालन गर्ने,

### ३.१.५ समस्या तथा चुनौति

उल्लेखित विश्लेषण समेतका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षामा निम्नलिखित चुनौतिहरू पहिचान गरिएको छ :

(१) प्रारम्भिक बालशिक्षा उमेरका सबै बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्न,

(२) सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना भएको सुनिश्चितता गर्न,

(३) प्रारम्भिक बालविकास तथा शिक्षामा अपेक्षित गुणस्तर सुनिश्चित गर्न,

(४) प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम भौतिक, आर्थिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्न,

(५) प्रारम्भिक बालविकास सहजकर्ताको न्यूनतम योग्यताको सुनिश्चितता गरी क्षमता विकास गर्न,

(६) प्रारम्भिक बालशिक्षा कार्यक्रमको सुपरिवेक्षण तथा प्राविधिक सहायताको प्रणालीलाई प्रभावकारी बनाउन,

(७) विविध प्रकारबाट सञ्चालित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमबीच समन्वय र एकरूपता कायम गर्न ।

### ३.१.६ उपलब्धि तथा नतिजा,

१. बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालवालिकाहरुलाई एक वर्षको प्रारम्भिक वालविकास तथा शिक्षामा सहज पहुँच भएको हुने ।

३. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।

४. बालबालिकाको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने गरी पाठ्यक्रम अनुकुलन भएको हुने ।

५. प्रारम्भिक वालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालय जिम्मेवार भएका हुने ।

६. सबै बालविकास केन्द्रमा न्यूनतम सिकाई सामाग्रीसहित बालमैत्री पूर्वाधारको व्यवस्था भएको हुने,

७. सबै बालबालिकाहरूका लागि आधारभूत पोषण सहितको दिवा खाजाको व्यवस्था भएको हुने,

८. सहजकर्ताहरूका लागि पेसागत विकासका अवसर उपलब्ध भएको हुने।

**तालिका नं १९ : प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य**

बजेट रू. हजारमा

| सि. नं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | प्रारम्भिक बालविकास केन्द्रको नक्सांकन र पुनर्वितरण | पटक | ० | १ | ० | ० | १ | २ | ० | १०० | ० | ० | १०० | २०० | | | √ | |
| २ | नगरतर्फका प्रारम्भिक बालविकास केन्द्रको निरन्तरता | संख्या | १९ | १९ | १९ | १९ | १९ | ९५ | ५९४४ | ५९४४ | ५९४४ | ५९४४ | ५९४४ | २९७२० | | | √ | |
| ३ | संघीय स्रोतका सहजकर्ता पारिश्रमिक | जना | १५४ | १५४ | १५४ | १५४ | १५४ | ७७० | १५४०२ | १५४०२ | १५४०२ | १५४०२ | १५४०२ | ७७०१० | √ | | | |
| ४ | संघीय स्रोतका सहजकर्ताका लागि थप प्रोत्साहन | जना | १५४ | १५४ | १५४ | १५४ | १५४ | ७७० | १७५६३ | १७५६३ | १७५६३ | १७५६३ | १७५६३ | ८७८१५ | | | √ | |
| ५ | पोषणयुक्त दिवा खाजा | विद्यार्थी | ३२७० | ३२७० | ३२७० | ३२७० | ३२७० | १६३५० | ११७७२ | ११७७२ | ११७७२ | ११७७२ | ११७७२ | ५८८६० | √ | | | |
| ६ | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार, सिकाइ क्षेत्र, सिकाइ तथा खेल सामग्री व्यवस्थापन सहयोग | विद्यार्थी | ३२७० | ३२७० | ३२७० | ३२७० | ३२७० | १६३५० | १७३५ | १७३५ | १७३५ | १७३५ | १७३५ | ८६७५ | √ | √ | √ | |
| ७ | गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहकार्य एवम् लगानी बढाउन प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | ० | ० | ० | ० | ० | ० | | | √ | √ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | बालविकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | वटा | ० | २ | २ | २ | २ | ८ | ० | १०० | १०० | १०० | १०० | ४०० | √ | √ | √ | √ |
| ९ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोगा | वटा | १ | १ | १ | १ | १ | ५ | ० | ० | ० | ० | ० | ० | | | √ | √ |
| १० | नमूना प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्तालाई पुरस्कारको व्यवस्था (प्रति वर्ष २ जनालाई) | पटक | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | | √ | √ |
| ११ | जम्मा | | | | | | | | ५२४३६ | ५२६३६ | ५२५३६ | ५२५३६ | ५२६३६ | २६२७८० | v | | | √ |

# ३.२ आधारभूत शिक्षा

## ३.२.१ परिचय

मानवको जीवनयापनको लागि नभई नहुने एवम् पहिलो शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। व्यक्तिको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकुल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने, दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् बनाउन महत्वपूर्ण हुने भएकाले अन्तर्राष्ट्रिय रूपमै अनिवार्य र निःशुल्क गुणस्तरीय आधारभुत शिक्षाको पहुँच अभिवृद्धि गर्ने कार्यलाई जोड दिइएको छ ।

नेपालको संविधानको धारा ३१ ले आधारभूत शिक्षामा सबैको पहुँचको हक हुने व्यवस्था गर्नुका साथै यो शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने व्यवस्था गरेको छ । संवैधानिक प्रावधानको कार्यान्वयनका लागि जारी गरिएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले चारदेखि तेह्र वर्षसम्मका बालबालिकाहरूका लागि अनिवार्य शिक्षाको सुनिश्चितता गर्ने व्यवस्था छ । आधारभूत शिक्षाको प्रभावकारिता तथा कार्यक्रमको गुणस्तर सबैका लागि समतामूलक पहुँच, सिकाइ सक्षमताको प्राप्ति, पूर्वाधार विकास, आर्थिक लगानी, शिक्षकहरूको क्षमता विकास, सिकाइ वातावरण, शैक्षिक सुशासन तथा व्यवस्थापकीय सक्षमता विकास जस्ता कुराहरूमा निर्भर गर्छ । यिनै कुरालाई आधार मानेर आधारभूत शिक्षा कार्यक्रमका चुनौतीहरूको पहिचान गरी उद्देश्य, रणनीति, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र क्रियाकलाप तथा लक्ष्यहरू तय गरिएको छ ।

## ३.२.२ वर्तमान अवस्था

यस उपमहानगरपालिकामा शैक्षिक सत्र २०८३ सम्ममा, कक्षा ३ सम्म पढाइ हुने विद्यालय ७ वटा, , कक्षा ५ सम्म पढाइ हुने विद्यालय ४३ वटा, कक्षा ६-८ सम्म पढाइ हुने विद्यालयहरु १५ वटा र माध्यमिक तह १-१० पढाइ हुने विद्यालय ७ वटा र मावि १-१२ पढाइ हुने विद्यालय २१ वटा गरी सबै जम्मा ९३ वटा विद्यालयहरू रहेका छन्। घोराही उपमहानगरपालिकाका सामुदायिक विद्यालयमा कक्षा १-८ मा भर्ना भएका विद्यार्थीमध्ये छात्रा

७८०६ र  छात्र  ७३८१ गरी जम्मा १५१८७ जना रहेका छन् । यस उपमहानगरपालिकाको वर्तमान अवस्था नियालेर हेर्दा आधारभूत तह कक्षा १-८ खूद भर्ना दर १०० प्रतिशत र कूल भर्ना दर १४७ प्रतिशत रहेकोछ।

**तालिका २० (आधारभूत तह कक्षा १-८ सँग सम्बन्धित विवरण)**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सामुदायिक | ६५ | ७८०६ | ७३८१ | १५१८७ | २०८४ | १९२० | ४००४ | ८२ | १०९ | १९१ |
| संस्थागत | २९ | ११७७३ | १५१५० | २६९२३ | १४२५ | १७६२ | ३१८७ | २६ | २७ | ५३ |
| जम्मा | ९४ | १९५७९ | २२५३१ | ४२११० | ३५०९ | ३६८२ | ७१९१ | १०८ | १३६ | २४४ |

यस उप-महानरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको भएतापनि केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन्। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३   लक्ष्य तथा उद्देश्य

यस योजनाले आधारभूत शिक्षा कार्यक्रमका निम्न लिखित उद्देश्यहरू लिएको छः

(१) अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्नु,

(२) आधारभूत शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिबृद्धि गर्नु,

(३) आधारभूत विद्यालयको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने।

(४) विद्यालय पद्दतिलाई विविधता अनुकुल उत्थानशील र जवाफदेही बनाउनु।

(५) विद्यालय शिक्षा प्रणालीको व्यवस्थापकीय सुधारमार्फत जवाफदेहिता र सुशासनको प्रत्याभूति गराउनु।

### ३.२.४ रणनीति

योजनाका उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

(१) अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्थापन गर्न आवश्यक नीतिगत व्यवस्थाका साथै स्रोत साधनको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(२) विद्यालयको पहुँचभन्दा बाहिर भएका बालबालिकाहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने,

(३) सिकाइका लागि मूल्याङ्कनलाई प्रभावकारी बनाउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षक र प्रधानाध्यापकलाई जवाफदेही हुने प्रणाली विकास गर्ने,

(४) विद्यालयहरूले गरेका राम्रा अभ्यासहरूको प्रचार प्रसार तथा अनुसरण गर्नका लागि प्रोत्साहन गर्ने,

(५) सबै आधारभूत विद्यालयमा न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, सुरक्षित र अनुकुल सिकाइ वातावरण तयार गर्ने,

(६) शिक्षकहरूको मागमा आधारित रही नवीन प्रविधिको प्रयोग गर्न सक्षम हुने गरी निरन्तर पेसागत क्षमता विकास गर्ने,

(७) प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको क्षमता विकास गर्ने,

(८) वस्तुनिष्ठ विद्यालय सुधार योजना निर्माणका लागि विद्यालय तहको क्षमता विकास गर्ने,

(९) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न पूर्वाधार विकास तथा क्षमता विकास गर्ने,

(१०) विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्ने,

(११) अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति दिलाउन आवश्यक प्रबन्ध गर्ने,

(१२) विद्यालयको भौतिक, शैक्षिक, आर्थिक लगायत समग्र पक्षको समय समयमा परीक्षण गरी सुधारका क्षेत्रहरूको पहिचान गर्ने,

(१३) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।

(१४) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध मिलाइनेछ ।

(१५) विद्यालय शिक्षालाई विविधता अनुकुल समावेशी र समतामुलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, भाषिक विविधता अनुकुलको माध्यम भाषाको प्रयोग एवम् सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाई सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरिनेछ ।

(१६) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

### ३.२.५ समस्या तथा चुनौति

उल्लेखित विश्लेषणसमेतका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,
- आधारभूत शिक्षा उमेरका सबै बालबालिकाहरूको समतामूलक पहुँचको सुनिश्चितता गर्नु,
- शिक्षकलाई सिकाइप्रति जिम्मेवार र नविन प्रविधि तथा परिवर्तन प्रति उत्साहित बनाउनु,
- विद्यालयको नक्साङ्कन गरी एकीकरण, समायोजन तथा पुनर्मिलान गर्नु,
- कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन र विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,
- स्थानीय विषय शिक्षणका लागि शिक्षकको व्यवस्थापन गर्नु,
- शिक्षामा अभिभावक र सरोकारवालाहरूको सकृय सहभागिता सुनिश्चित गर्नु,
- छात्रवृत्तिलाई लक्षित समुदायको सिकाइ आवश्यकता पूरा गर्ने गरी सान्दर्भिक बनाउनु,
- समावेशी शिक्षाको प्रबर्धन गर्नु,
- विद्यालयहरूमा न्यूनतम भौतिक, आर्थिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्नु,
- कक्षाकोठामा आधारित शिक्षक सहायता प्रणालीको व्यवस्थापन गर्नु,
- विद्यालयलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाई सुशासनको प्रत्याभूति दिलाउनु ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता भएको हुने ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास भई शैक्षिक सुशासन कायम भएको हुने,

**नतिजाः**

- आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क भई पहुँच सतप्रतिशत पुगेको हुने,
- आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने,
- सबै आधारभूत विद्यालयमा न्यूनतम भौतिक सुविधा सुनिश्चित भएको हुने,
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास भई शैक्षिक सुशासन कायम भएको हुने,
- विद्यालयका विभिन्न पक्षहरूको परीक्षण गरी सुधारका क्षेत्रहरूको पहिचान भएको हुने ।

**तालिका नं २१ (आधारभूत शिक्षा प्रमुख क्रियाकलाप र लक्ष्य)**

**बजेट रू. हजारमा**

| क्र.स | क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री व्यवस्थापन अनुदान | विद्यार्थी | | ८३९४ | ८३९४ | ८३९४ | ८३९४ | ८३९४ | ४१९७० | १२५९ | १२५९ | १२५९ | १२५९ | १२५९ | ६२९५ | √ | | | |
| २ | प्रति विद्यार्थीका आधारमा सिकाइ सामग्री व्यवस्थापन अनुदान | विद्यार्थी | | १३८५ | १३८५ | ३६७० | १३८५ | १३८५ | ९२१० | १३८५ | १३८५ | ३६७० | १३८५ | १३८५ | ९२१० | √ | | | |
| ३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च | विद्यालय | ६५ | १ | १ | १ | १ | १ | ५ | ३५५० | ३५५० | ३५५० | ३५५० | ३५५० | १७७५० | √ | | | |
| ४ | विद्यालयमा डिजिटल सिकाइका लागि स्मार्ट बोर्ड व्यवस्थापन र सञ्चालन | पटक | ४ | ० | २ | २ | २ | २ | ८ | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० | √ | | √ | √ |
| ५ | सामुदायिक विद्यालयहरुलाई विसुयो,सामाजिक परीक्षण,तथ्यांक व्यवस्थापन, विद्यार्थी प्रतिभा पहिचान, अभिभावक शिक्षा, हरित विद्यालय सञ्चालन खर्च | विद्यालय | ६५ | १ | १ | १ | १ | १ | ५ | ३३९० | ३३९० | ३३९० | ३३९० | ३३९० | १६९५० | √ | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अपाङ्गताको प्रकृति (अटिज्म समेत) अनुरुप आवश्यकताको आधारमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन | विद्यालय | | १ | १ | १ | १ | १ | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | √ | | | |
| ७ | विद्यालय नक्सांकन तथा पुनर्वितरण | पटक | २ | १ | ० | ० | ० | १ | २ | २२९१ | ० | ० | ० | ० | २२९१ | | | √ | |
| ८ | राष्ट्रिय परीक्षाबोर्ड बाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | ९२५ | ९२५ | ९२५ | ९२५ | ९२५ | ४६२५ | √ | | | |
| ९ | कक्षा ५ र कक्षा ८ को नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन (नगरबाट) | पटक | | १ | १ | १ | १ | १ | ५ | २८०० | २८०० | २८०० | २८०० | २८०० | १४००० | | | √ | |
| १० | कक्षा १- ८ निःशुल्क शिक्षा कार्यान्वयनका लागि प्रस्तावमा आधारित अनुदान | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | √ | √ |
| ११ | असल अभ्यासहरुको पहिचान, प्रकाशन र प्रोत्साहन | पटक | | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | √ | √ |
| १२ | स्रोत कक्षा व्यवस्थापन खर्च | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | ७०५ | ७०५ | ७०५ | ७०५ | ७०५ | ३५२५ | √ | | | |
| १३ | अभिभावक शिक्षा तालिम | विद्यालय | ९३ | ९३ | ९३ | ९३ | ९३ | ९३ | ४६५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | |
| १४ | लेखन सीप विकास (हस्तलेखन सुधार) तालिम | विद्यालय | ९३ | ९३ | ९३ | ९३ | ९३ | ९३ | ४६५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | छात्रा छात्रवृत्ति | विद्यार्थी | | ९४२२ | ९४२२ | ९४२२ | ९४२२ | ९४२२ | ४७११० | ३७६९ | ३७६९ | ३७६९ | ३७६९ | ३७६९ | १८८४५ | √ | | | |
| १६ | दलित छात्रवृत्ति | विद्यार्थी | | २३३३ | २३३३ | २३३३ | २३३३ | २३३३ | ११६६५ | ९३४. | ९३४. | ९३४. | ९३४. | ९३४. | ४६७० | √ | | | |
| १७ | अपांग छात्रवृत्ति | पटक | | १ | १ | १ | १ | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | √ | | | |
| १८ | विपन्न लक्षित छात्रवृत्ति (कक्षा ६-८) | | | १ | १ | १ | १ | १ | ५ | ४५६ | ४५६ | ४५६ | ४५६ | ४५६ | २२८० | √ | | | |
| १९ | खेलकुद सिर्जनात्मक कार्य योग, प्रतिभा पहिचान कार्यक्रम एवं अतिरिक्त क्रियाकलाप | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | √ | | | |
| २० | सिकाइ स्तर कमजोर भएका विद्यार्थीका लागि सुधारात्मक सिकाइ प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | √ | | | |
| २१ | संघबाट विकास भएका नीतिनियम कार्यविधि आदिको कार्यान्वयनका लागि प्रबोधिकरण ( | | | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | √ | | | |
| २२ | स्रोत कक्षा व्यवस्थापन खर्च | विद्यालय | | १ | १ | १ | १ | १ | ५ | ७०५ | ७०५ | ७०५ | ७०५ | ७०५ | ३५२५ | √ | | | |
| २३ | कक्षा ८ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी, शिक्षक, विद्यालय तथा उत्कृष्ट कर्मचारी पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | | √ | |
| २४ | आधारभूत शिक्षक तलव | पटक | | १ | १ | १ | १ | १ | ५ | ४०१९०० | ४०१९०० | ४०१९०० | ४०१९०० | ४०१९०० | २००९५०० | √ | | | |
| २५ | आ.वि शिक्षक अनुदान (स्थानीय) | जना | | ३ | ३ | ३ | ३ | ३ | १५ | १३८४ | १३८४ | १३८४ | १३८४ | १३८४ | ६९२० | | | √ | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | विद्यालय सहयोगी थप तलव (आ.वि र मा.वि) | जना | | ९८ | ९८ | ९८ | ९८ | ९८ | ४९० | १३०८३ | १३०८३ | १३०८३ | १३०८३ | १३०८३ | ६५४१५ | | | √ | |
| २७ | आया थप तलव | जना | | १ | १ | १ | १ | १ | ५ | १०४ | १०४ | १०४ | १०४ | १०४ | ५२० | | | √ | |
| २८ | स्वयंसेवक शिक्षक थप तलव | जना | | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ८६४० | ८६४० | ८६४० | ८६४० | ८६४० | ४३२०० | | | √ | |
| २९ | प्रधानाध्यापक भत्ता | जना | | ६५ | ६५ | ६५ | ६५ | ६५ | ३२५ | १७४ | १७४ | १७४ | १७४ | १७४ | ८७० | | | √ | |
| | जम्मा | | | | | | | | | ४५४९०४ | ४५३४१३ | ४५५६९८ | ४५३४१३ | ४५३४१३ | २२७०८४१ | | | | |

# ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

विद्यालय शिक्षाको वर्तमान संरचनामा कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा लिइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारमा वर्गीकरण गरेको छ । पेशागत हिसाबले स्वरोजगारी वा रोजगारीमा जान चाहनेहरूको लागि महत्वपूर्ण रहेको माध्यमिक शिक्षालाई आधारभूत शिक्षा र उच्च शिक्षाको सेतुको रूपमा समेत लिने गरिन्छ ।नेपालको संविधानको शिक्षासम्बन्धी मौलिक हकमा माध्यमिक शिक्षालाई निःशुल्क गर्नुपर्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकारलाई स्थानीय तहको अधिकार सूचीभित्र समावेश गरेको छ राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक शिक्षाको समन्वय, अनुगमन तथा नियमन र माध्यमिक शिक्षाको कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने जिम्मेवारी प्रदेश सरकारलाई प्रदान गरेको छ । उल्लेखित परिदृश्यलाई दृष्टिगत गरी यस योजनामा माध्यमिक शिक्षाका उद्देश्य, रणनीति, कार्यक्रम र लक्ष्य तय गरिएको छ ।

## ३.३.२ वर्तमान अवस्था :

शिक्षा ऐन, २०२८ (संशोधनसहित) ले कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको संरचनामा समावेश गरेको छ । यसैगरी विद्यालयलाई सामुदायिक र संस्थागत गरी दुई प्रकारमा वर्गीकरण गर्नुका साथै माध्यमिक शिक्षालाई साधारण, संस्कृत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारमा वर्गीकरण गरेको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्ने संवैधानिक तथा कानुनी आधार तयार भएको छ ।

**तालिका नं २२ (माध्यमिक शिक्षा कक्षा ९-१२ सँग सम्बन्धित विवरण)**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सामुदायिक | २८ | ४६८० | ३८४९ | ८५२९ | ७७० | ६०९ | १३७९ | २२ | २९ | ५१ |
| संस्थागत | ५० | ३६३७ | ४४०१ | ८०३८ | ३२७ | ४०३ | ७३० | १५ | १० | २५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ७८ | ८३१७ | ८२५० | १६५६७ | १०९७ | १०१२ | २१०९ | ३७ | ३९ | ७६ |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मानिएको छ । यस उप-महानगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ ।

### ३.३.३ लक्ष्य तथा उदेश्यहरू

१. मानवीय मूल्यका साथै कला, सँस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्यमान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्नु

२. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

३.माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४.विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

५.शासकीय तथा व्यवस्थापकीय प्रबन्ध गरी जवाफदेही पद्दतिको विकास गर्नु ।

### ३.३.४ रणनीतिहरु

१. सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न विद्यालयको नक्सांकन, पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ

२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ ।

३. माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाइनेछ ।

४. विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरीनेछ ।

५. शिक्षकहरुका लागि अभिप्रेरणाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरिनेछ ।

७. विद्यालयहरुलाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाइनेछ ।

८. आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यालयको सिकाइमा जवाफदेही हुने प्रणालीको विकास गरिनेछ।

९. सबै विद्यालयमा न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, सुरक्षित र समावेशी सिकाइ वातावरण तयार गर्ने।

१०. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको क्षमता विकास गर्ने ।

११. वस्तुनिष्ठ विद्यालय सुधार योजना निर्माणका लागि विद्यालय तहको क्षमता विकास गर्न सहयोग गर्ने ।

## ३.३.५ समस्या तथा चुनौति

उल्लेखित विश्लेषणसमेतका आधारमा माध्यमिक शिक्षामा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
- निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि स्रोत साधनको व्यवस्थापन गर्नु,
- विषयगत रूपमा शिक्षा नियमावलीले तोकेबमोजिमको पर्याप्त शिक्षक दरबन्दीको व्यवस्था गर्नु,
- शिक्षकलाई सिकाइप्रति जिम्मेवार र नविन प्रविधिप्रति उत्साहित बनाउनु,
- उपयुक्त पूर्वाधारको विकास र गुणस्तरको सुनिश्चिततासहित हरित विद्यालय, सुरक्षित विद्यालय र बालमैत्री विद्यालयको अवधारणा कार्यान्वयन गरी सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु,
- शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु,
- कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु,
- शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु,
- सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको शिक्षण सिकाइमा सदुपयोग गर्नु ।

## ३.३.६ प्रमुख उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

### उपलब्धि

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिक र गुणस्तरमा सुधार भएको हुने ।

**नतिजाः**

१. सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउदरमा वृद्धि भएको हुने ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर अभिवृद्धि भएको हुने ।
३. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाई वातावरणको निर्माण भएको हुने ।
४. माध्यमिक शिक्षा पुरा गर्ने वालवालिकाले न्युनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुने ।
६. माध्यमिक विद्यालयहरु प्रकोप संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील भएका हुने ।
७. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थी सिकाइमा सहयोग पुगेको हुने ।
८. माध्यमिक तहको शिक्षामा सुशासन कायम भएको हुने ।
९. माध्यमिक तहमा गुणस्तरिय शिक्षा प्रवाह भएको हुने ।

**तालिका नं २३ ( माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य)**

**बजेट रू. हजारमा**

| सि.नं. | क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा मर्मत | | | १ | १ | १ | १ | १ | ५ | २६७०० | २६७०० | २६७०० | २६७०० | २६७०० | १३३५०० | √ | √ | √ | √ |
| २ | विद्यालयका लागि सवारी साधन व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | १ | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | √ | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री व्यवस्थापन अनुदान | पटक | | १ | १ | १ | १ | १ | ५ | ४९८६ | ४९८६ | ४९८६ | ४९८६ | ४९८६ | २४९३० | √ | | | |
| ४ | सामुदायिक विद्यालयहरुलाई विसुयो, सामाजिक परीक्षण, तथ्यांक व्यवस्थापन, विद्यार्थी प्रतिभा पहिचान, अभिभावक शिक्षा, हरित विद्यालय सञ्चालन खर्च | विद्यालय | २८ | १ | १ | १ | १ | १ | ५ | १८२० | १८२० | १८२० | १८२० | १८२० | ९१०० | √ | | | |
| ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च | विद्यालय | २८ | १ | १ | १ | १ | १ | ५ | ३२२० | ३२२० | ३२२० | ३२२० | ३२२० | १६१०० | √ | | | |
| ६ | शिक्षक तलब मा वि दरबन्दी राहत र प्राविधिक धार समेत) | जना | ८६ | ८६ | ८६ | ८६ | ८६ | ८६ | ४३० | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | √ | | | |
| ७ | शिक्षण सिकाइ अनुदान मा वि (९-१०) तह | जना | १८ | १८ | १८ | १८ | १८ | १८ | ९० | १०४०३ | १०४०३ | १०४०३ | १०४०३ | १०४०३ | ५२०१५ | √ | | | |
| ८ | विद्यालय नक्सांकन तथा पुनर्वितरण | पटक | | १ | ० | ० | १ | ० | २ | ९८७ | ० | ० | ९८७ | ० | १९७४ | √ | | √ | |
| ९ | विद्यालय कर्मचारी पारिश्रमिक | जना | | २६ | २६ | २६ | २६ | २६ | १३० | ७५३५ | ७५३५ | ७५३५ | ७५३५ | ७५३५ | ३७६७५ | √ | | √ | |
| १० | वृत्ति मार्गनिर्देशन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | √ | | √ | |
| ११ | फिडर छात्रावास | पटक | १ | १ | १ | १ | १ | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | √ | | | |
| १२ | असल अभ्यासहरुको पहिचान, प्रकाशन र प्रोत्साहन | पटक | | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | √ |
| १३ | अपांग छात्रवृत्ति | विद्यार्थी | | १ | १ | १ | १ | १ | ५ | ११ | ११ | ११ | ११ | ११ | ५५ | √ | | | |
| १४ | विज्ञान तथा गणित प्रयोगशाला र पुस्तकालय व्यवस्थापन | पटक | | १ | १ | १ | १ | १ | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | √ | √ | √ | √ |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | | | | | | | | | | | | | |
| १५ | पुरस्कार तथा सम्मान उत्कृष्ट शिक्षक, विद्यार्थी (मा वि कक्षा १० मा २ जना, मा वि कक्षा १२ मा २ जना) विद्यालय सहायक २ जना विद्यालय सहयोगी २ जना गरी जम्मा ८ जनालाई प्रति व्यक्ति ५ हजारका दरले | पटक | १ | १२ | १२ | १२ | १२ | १२ | ६० | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | √ |
| १६ | विपन्न लक्षित छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५७० | ५७० | ५७० | ५७० | ५७० | २८५० | √ | | | |
| १७ | संघबाट विकास भएका नीतिनियम कार्यविधि आदिको कार्यान्वयनका लागि प्रबोधिकरण | पटक | १ | २८ | २८ | २८ | २८ | २८ | १४० | ८५ | २५ | २५ | २५ | २५ | १८५ | √ | | | |
| १८ | विज्ञान प्रबर्द्धन कार्यक्रममा छनोट भएका विद्यालयलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | √ | | | |
| १९ | मा.वि शिक्षक अनुदान (८ जना स्थानीय बजेटबाट) | जना | ८ | १ | १ | १ | १ | १ | ५ | ४६२४ | ४६२४ | ४६२४ | ४६२४ | ४६२४ | २३१२० | | | √ | |
| २० | विद्यालय सहायक थप तलव (मा.वि) | जना | २६ | १ | १ | १ | १ | १ | ५ | २२९६ | २२९६ | २२९६ | २२९६ | २२९६ | ११४८० | | | √ | |
| २१ | विद्यालय सहयोगी थप तलव (मा.वि) | जना | ३२ | १ | १ | १ | १ | १ | ५ | ४२७२ | ४२७२ | ४२७२ | ४२७२ | ४२७२ | २१३६० | | | √ | |
| २२ | स्वयंसेवक शिक्षक तलव | जना | १२ | १२ | १२ | १२ | १२ | १२ | ६० | ३१२० | ३१२० | ३१२० | ३१२० | ३१२० | १५६०० | | | √ | |
| २३ | प्रधानाध्यापक भत्ता थप (मासिक रु ५०० का दरले १३ महिनाको) | जना | २८ | २८ | २८ | २८ | २८ | २८ | १४० | ३१२० | १६८ | १६८ | १६८ | १६८ | ३७९२ | | | √ | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | विद्यालयहरुमा स्काउटिङ | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | ७ | |
| | कुल जम्मा | | | | | | | | | १०८८७९९ | १०८४८०० | १०८४८०० | १०८५७८७ | १०८४८०० | ५४२८९८६ | | | | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### ३.४.१ परिचय

आजको युग विज्ञान र प्रविधिको युग हो । कोरा शिक्षाद्वारा समाज एवम् राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन सक्दैन । देश विकासको लागि आवश्यक पर्ने दक्ष जनशक्ति प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत उत्पादन हुन सक्दछ । देशमा विद्यमान बेरोजगारी समस्यालाई निर्मूल नपारे सम्म मुलुकको समृद्धि असम्भव हुन्छ । व्यवसायिक एवम् प्राविधिक शिक्षाको अभावको कारण आज थुप्रै युवायुवतीहरु रोजगार बिहीन भई विदेश जान बाध्य भएका छन् । कतिपय अवस्थामा देशलाई आवश्यक पर्ने प्राविधिक जनशक्ति विदेशबाट ल्याउन पर्ने बाध्यात्मक अवस्था छ । यसले गर्दा देशको पुँजी बाहिर गइरहेको अवस्था विद्यमान छ । प्राविधिक तथा व्यवसायिक शिक्षाले मानव जीवनका सबै पक्षहरुलाई समेटेको हुन्छ । व्यवसायमा आधारित, रोजगारमूलक, प्राविधिक ज्ञान दिलाई दक्ष सिपमूलक जनशक्ति तयार गर्नुमा प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । स्वरोजगार, सीपमा आधारित शिक्षा, जीवनपर्यन्त शिक्षा, जीवनपयोगी शिक्षाको मेरुदण्डको रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई लिन सकिन्छ । इन्जिनियरिङ, नर्सिङ, चिकित्सा, वनविज्ञान, संगीत, कला, बालिविज्ञान, पशुविज्ञान, आर्किटेक्चर, सूचना प्रविधि, कम्प्युटर विज्ञान आदि प्राविधिक तथा सिपमूलक शिक्षाका महत्वपूर्ण विषय क्षेत्रभित्र पर्दछन् । यसै आवश्यकतालाई हृदयङ्गम गरी हाल नेपाल सरकारले माध्यमिक शिक्षामा पनि प्राविधिकधारको व्यवस्था गरी कार्यान्वयनमा ल्याएको छ ।

### ३.४.२ वर्तमान अवस्था

हाल घोराही उपमहानगरपालिकाभित्र सरकारको शैक्षिक नीतिअनुसार २ वटा विद्यालयहरू (पद्मोदय पब्लिक नमूना माध्यमिक विद्यालय भरतपुर र गोरक्ष रत्ननाथ मा. वि चौघेरा) मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत ९ देखि १२ कक्षासम्मका ४ वर्षे प्राविधिक धारका कक्षा संचालनमा रहेका छन् । यस्तै सिटिइभिटीबाट पद्मोदय पब्लिक नमूना माध्यमिक विद्यालय भरतपुर इलेक्ट्रिकल विषयमा ३ वर्षे डिप्लोमा तथा १० महिने प्रिडिप्लोमा कक्षाको सम्बन्धन प्राप्त छ । यसैगरी सिटीइभिटीबाट अनुमति प्राप्त ९ विद्यालयहरूमा बाली विज्ञान, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिड, अटो मोबाइल, सूचना तथा प्रविधि लगायतका विषयहरू प्रशिक्षण भई रहेका छन् ।

तालिका नं २४ (प्राविधिक तथा व्यावसायिक शिक्षालयहरूको र विद्यार्थी विवरण)

| | | सिटिइभिटीबाट अनुमति प्राप्त | | शिक्षा विभागबाट प्राप्त |
|---|---|---|---|---|
| क्र स | विद्यालयको नाम र ठेगाना | प्रि डिप्लोमा | डिप्लोमा | मा वि तह कक्षा ९-१२ |
| १ | मा वि गोग्ली घोराही ४, | | सिभिल इन्जिनियरिङ ,(४८)बाली विज्ञान (४०) | |
| २ | जयशेर मा वि रावतगाउँ , घोराही - ६ | | पशु विज्ञान (४०) | |
| ३ | मा वि सौडियारवडा नं , ७ | बाली विज्ञान (४०) | | |
| ४ | सिद्धरत्ननाथ मावि नारायणपुर , घोराही - १० | | बाली विज्ञान (४०) | |
| ५ | हापुर मा वि निघुवार घोराही - १२ | बालीविज्ञान (४०) | | |
| ६ | बाल विकास मा वि , नयाँबजार, घोराही - १४ | इलेक्ट्रिकल ४० , जियोमटिक्स४० | | |
| ७ | पद्मोदय पब्लिक नमुना मा वि भरतपुर ,घोराही १५ दाङ | सामाजिक परिचालन ,(४०) कम्प्युटर ,(४०) इलेक्ट्रिकल ४०, | इलेक्ट्रिकल ,४०) (४०) अटोमोबाइल | कम्प्युटर इन्जिनियरिङ ४८ |
| ८ | सरस्वती मा वि भरतपुर काठेकोल, घोराही१५ दाङ | | सूचना प्रविधि (४८) | |
| ९ | गोरक्ष रत्ननाथ मा वि चौघेरावडा नं १७ , | | | पशु विज्ञान (४८) |
| १० | मा वि रझेना ,वडा नं | स्यानिटरी | जिओमेट्रिक ४०सिभिल , | |

| | | | | |
|---|---|---|---|---|
| | १८ | इन्जिनियरिङ (४०) | ४० | |

(स्रोतः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको वेब साइट)

### ३.४.३ लक्ष्य तथा उद्देश्य

१. प्राविधिक तथा व्यवसायिक शिक्षामा समतामूलक पहुँचको अवसर वृद्धि गर्नु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं सीपविकास तालिमको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु,

३. स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि दिगो लगानीको सुनिश्चितता गर्नु।

४. श्रमलाई सम्मान गर्ने गरी स्वरोजगार उन्मूख जनशक्ति उत्पादन गरी गरीबी र बेरोजगारी कम गर्ने।

### ३.४.४ रणनीति

योजनाका उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ :-

(१) प्राविधिक शिक्षाका कार्यक्रमहरूमा घोराही उपमहानगरपालिकाबासीको सहभागिता वृद्धि गर्न आवश्यक व्यवस्था मिलाउने,

(२) यस उपमहानगरपालिकाभित्र अनुमति प्राप्त शिक्षालयहरुमा निर्धारित कोटा अनुसारका शिक्षार्थी पनि सीप विकासमा सहभागी हुन नआएकोमा सोको कारण पत्ता लगाई सहभागी बढाउने ।

(३) स्वीकृति प्राप्त गरी कक्षा सञ्चालन भएका पद्मोदय पब्लिक नमुना माध्यमिक विद्यालय र गोरक्ष रत्ननाथ मा. वि चौघेरामा विद्यार्थी सहभागिता बढाउन क्याचमेन्ट क्षेत्रमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(४) सिपमुलक तालिम र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने उपमहानगरपालिकाका विभिन्न कार्यक्रम तथा यस कार्यमा संलग्न विभिन्न निकाय तथा संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन, साझेदारी तथा गुणस्तर कायम गर्ने,

(५) मागको वस्तुगत विश्लेषण गरी छोटो अवधिको व्यावसायिक तालिम सम्बन्धी उपयुक्त कार्यक्रमको विकास गरी कार्यान्वयनमा ल्याउने,

(६) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरूमा आर्थिक, सामाजिक एवम् भौगोलिक रूपमा पछाडि परेका नागरिकहरूको पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था मिलाउने,

(७) माध्यमिक तहका विद्यार्थीहरूका लागि उद्यमशिलता प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण एवम् प्रेरित गर्ने,

(८) स्थानीय पेसा व्यवसायको प्रवर्धनसँग सम्बन्धित विषयहरू समेटेर स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने,

(९) कृषि उत्पादनलाई व्यवसायसँग जोड्ने तरिकाले आधुनिक तरकारी खेती, बेमौसमी फलफुल, उन्नत जातका बिज बिजन, बाख्रा पालन, दुध डेरी, पंक्षीपालन, चल्ला उत्पादन, माछा पालन, बिउबिजन उत्पादन, आधुनिक कृषि औजार प्रयोग तरिका, व्यवस्थित कृषि प्रणाली र उपयुक्त सिचाई मार्फत कृषि उत्पादनमा वृद्धि गर्ने,

### ३.४.५ समस्या तथा चुनौति

(१) स्थानीय सर्वसाधारण नागरीकहरुको प्राविधिक तथा व्यवसायिक शिक्षामा सहज समतामुलक पहुँच सुनश्चित गर्नु।

(२) शिक्षणका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्नु।

(३) प्राविधिक धारको शिक्षा तुलनात्मक रुपमा बढी महङ्गो हुनाले सर्व साधारण,न्यूनआय भएका व्यक्तिहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँचमा लैजाने गरी व्यवस्थापन र नियमन गर्नु।

(४) सवै प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुमा आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको निर्माण र शैक्षिक उपकरणहरुको व्यवस्थापन गर्नु ।

(५) निर्धारित कोटा अनुसारका विद्यार्थी भर्ना गर्नु,

(६) सिटिइभिटीबाट समयमै नतिजा प्रकाशन गरी विद्यार्थीको बढ्दो विकर्षण घटाउनु ।

(७) श्रम बजारको माग र आपूर्तिको अवस्थाका आधारमा कार्यक्रम सञ्चालन गर्नु ।

### ३.४.६ उपलब्धि,नतिजा र प्रमुख क्रियाकलाप

१. स्थानीय श्रोत साधनको अधिकतम उपयोग र प्रयोग गरी प्राविधिक शिक्षाको विस्तार गर्ने र नगरपालिका भित्र आवश्यक पर्ने मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन भएका हुनेछन ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा पुरा गरेका जनशक्तिहरुले स्थानीय तथा अन्य क्षेत्रमा रोजगारी प्रात गरेका हुनेछन ।

३. स्थानीय तहमा बहुप्राविधिक धारका विद्यालयहरु स्थापना भइ बिद्यार्थीहरुको आकर्षणको केन्द्र भएका हुनेछन ।

४. स्थानीयतहमा सञ्चालित प्राविधिक तथा ब्यवसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

## तालिका नं २५ (प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिमका प्रमुख क्रियाकलाप र लक्ष्य)

बजेट रू हजारमा

| सि.नं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | नगर | अन्य |
| १ | प्राविधिक तथा व्यावसायिक उच्च शिक्षाका लागि छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | | | √ | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई ल्याब सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | √ | | | |
| ३ | सि.टि.इ भि टी बाट सम्बन्धनप्राप्त सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन खर्च | पटक | १ | १ | १ | १ | १ | ५ | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | √ | | | |
| ४ | कार्यगत अभ्याससहितको तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ४७५० | २८०० | २८०० | २८०० | २८०० | १५९५० | √ | | | |
| ५ | कार्यगत अभ्यासमा आधारित सीप विकास तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ० | १९०० | १९०० | १९०० | १९०० | ७६०० | √ | | | |
| ६ | प्राविधिक विषय अध्ययन हुने विदायालयमा ल्याब तथा OJT व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ७६०० | ७६०० | ७६०० | ७६०० | ७६०० | ३८००० | √ | | | |
| ७ | माध्यमिक विद्यालयमा उद्यमशिलता प्रवर्धन कार्यक्रम सञ्चालनमा सहयोग | पटक | १ | १ | १ | १ | | ४ | १२०० | १९० | १९० | १९० | १९० | १९६० | √ | | √ | |
| ८ | व्यावसायिक तालिमको आवश्यकता पहिचान | | ० | १ | १ | १ | १ | ४ | ० | ५० | ५० | ५० | ५० | २०० | √ | | √ | |
| | **कुल जम्मा** | | | | | | | | **१६९५०** | **१५९४०** | **१५९४०** | **१५९४०** | **१५९४०** | **८०७१०** | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा भनेको औपचारिक शिक्षाको संरचित पाठ्यक्रमभन्दा बाहिर हुने कुनै पनि प्रकारको सिकाइलाई जनाउँछ। नेपालमा, अनौपचारिक शिक्षाको उद्देश्य वयस्क, विद्यालय छाड्ने र औपचारिक विद्यालयमा पहुँच नभएका ग्रामीण क्षेत्रका व्यक्तिहरूलगायत सीमान्तकृत जनसंख्याको साक्षरता र सीपमा सुधार गर्ने हो। अनौपचारिक शिक्षा र आजीवन सिकाइ नेपालको शैक्षिक परिदृश्यका अत्यावश्यक अंगहरू हुन्, जसले औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका वा जीवनभर निरन्तर शिक्षा आवश्यक पर्ने व्यक्तिहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गरेर देशको विकासमा योगदान पुर्‍याउँछ।

नेपालमा अनौपचारिक शिक्षा र आजीवन सिकाइले शैक्षिक असमानतालाई सम्बोधन गर्न र सामाजिक र आर्थिक विकासलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। सरकारी पहलहरू, सामुदायिक संलग्नता, र प्राविधिक विकासहरू मार्फत, शिक्षाका यी रूपहरूले लचिलो र पहुँचयोग्य सिकाइ अवसरहरू प्रदान गर्दछ जसले व्यक्तिहरूलाई उनीहरूको जीवनभर सशक्त बनाउँछ।

### ३.५.२ वर्तमान अवस्था

नेपालले निरक्षरतालाई सम्बोधन गर्न, सीमान्तकृत समुदायहरूलाई सशक्तिकरण गर्न र निरन्तर सीप विकासलाई बढावा दिनको लागि अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइलाई प्रवर्द्धन गर्न महत्वपूर्ण कदम चालेको छ। प्रगति भएता पनि यी पहलहरूमा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा र दिगोपन सुनिश्चित गर्नमा चुनौतीहरू यथावत छन्।

आधारभूत साक्षरता तालिम पूरा गरेका वयस्कहरूलाई लक्षित गर्ने कार्यक्रमहरू संख्यामा बढ्दै गएका छन्। यी पाठ्यक्रमहरूमा उच्चस्तरको साक्षरता, संख्यात्मकता, व्यावसायिक प्रशिक्षण, र व्यक्तिगत विकास समावेश छन्। निरन्तर शिक्षाले आधारभूत सीपहरू हासिल गरेपछि थप शिक्षा खोज्नेहरूको लागि अन्तरलाई कम गर्न मद्दत गर्दछ।

### ३.५.३ लक्ष्य तथा उदेश्यहरुः

यस योजनाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमका निम्न लिखित उद्देश्यहरू लिएको छः-

(१) साक्षर हुन बाँकी रहेकाहरूलाई साक्षरता र साक्षर भईसकेकाहरूका लागि जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु,

(२) साक्षरता र जीवनपर्यन्त शिक्षालाई सीपसँग आवद्ध गरी आयआर्जन टेवा पुर्‍याउनु ।

### ३.५.४ रणनीति

योजनाका उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

(१) सामुदायिक सिकाइ केन्द्र, माध्यमिक विद्यालय र विभिन्न सङ्घ संस्थाहरूसँगको समन्वय र सहकार्यमा साक्षर हुन बाँकी समूहका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने,

(२) निरन्तर शिक्षा तथा सिकाइ संस्कृतिको विकास गराउन विद्यालय, सञ्चार माध्यम, नागरिक समाज, अभिभावक र अन्य साझेदार संस्थाहरूको परिचालन गर्ने,

(३) बैंक तथा वित्तीय संस्थाहरूसँगको साझेदारीमा वित्तीय साक्षरता र वचत तथा ऋण कार्यक्रम सञ्लनमा ल्याउने,

(४) विभिन्न सङ्घ संस्था एवम् कार्यक्रमहरूसँग जोडेर डिजिटल साक्षरता, साक्षरता र आयमूलक कार्यक्रमहरू सञ्चालनमा ल्याउने,

(५) विद्यालय पुस्तकालयको सुदृढीकरण गर्दै निरन्तर सिकाइका लागि उपयोगमा ल्याउने ।

(६) गैरसरकारी संस्था, स्थानीय समुदायमा आधारित संघसंस्थाहरूसँग साझेदारी गरी अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ।

(७) विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका वा बिचैमा विद्यालय छाडेका वर्गहरूको तथ्याङ्क सङ्कलन गरी वैकल्पिक तथा खुला विद्यालय मार्फत शिक्षा लिन प्रेरित गर्ने ।

### ३.५.५ समस्या र चुनौति

अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका सन्दर्भमा देखिएका मुख्य समस्या र चुनौतीहरू देहायअनुसार रहेका छन् :-

(१) साक्षर हुन बाँकी समुहलाई साक्षर बनाउनु,

(२) साक्षर भईसकेका व्यक्तिहरूका लागि निरन्तर एवम् जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु,

(३) अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि संस्थागत प्रबन्ध मिलाउनु,

(४) साक्षरता तथा जीवनपर्यन्त शिक्षाका लागि दिगो लगानीको व्यवस्था गर्नु,

(५) निरन्तर सिकाइलाई सिपसँग आबद्द गरी दिगो बनाउनु,

(६) अनौपचारिक तथा निरन्तर शिक्षा तथा सिकाइ कार्यक्रमको लक्ष्य, उद्देश्य र कार्यक्षेत्रमा स्पष्टता ल्याउनु,

(७) अनौपचारिक शिक्षा, खुला तथा दूर शिक्षा, वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीको रुपमा संस्थागत विकास गर्नु,

(८) अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि विश्वसनीय सूचना प्रणालीको व्यवस्थापन गर्नु।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

- साक्षर हुन बाँकी रहेकाहरूलाई साक्षरता र साक्षर भईसकेकाहरूका लागि जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध भएको हुने,

- सामुदायिक सिकाइ केन्द्रहरु (CLCs) पहुँचयोग्य र लचिलो भएको हुने ।
- सामुदायिक पुस्तकालय र वाचनाको गुणस्तरमा सुधार गरी सबैका लागी पहुँचयोग्य बनाउने।

## तालिका नं २६ अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ प्रमुख क्रियाकलाप र लक्ष्य

**बजेट रू. हजारमा**

| सि.नं. | क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | सामुदायिक सिकाइ केन्द्रको अनुदान (रु. ३४० हजारका दरले) | वटा | | ९ | ९ | ९ | ९ | ९ | ४५ | ३०६ | ३०६ | ३०६ | ३०६ | ३०६ | १५३० | √ | | | |
| २ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना | वटा | १ | २ | २ | २ | २ | २ | १० | ६८० | ६८० | ६८० | ६८० | ६८० | ३४०० | √ | | √ | |
| ३ | महिला तथा प्रौढहरुलाई साक्षरता निरन्तर शिक्षा र आजिवन सिकाइ कायक्रम | | २ | २ | २ | २ | २ | २ | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | √ | | √ | |
| ४ | परिचालकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन | जना | १४ | १ | १ | १ | १ | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | √ | | √ | |
| ५ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको नामनामेसी विवरण सहितको प्रोफाइल विकास तथा वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | √ | | √ | |
| ६ | जम्मा | | | | | | | | | १५३६ | १५३६ | १५३६ | १५३६ | १५३६ | ७६८० | | | | |

# परिच्छेद ४ :अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम शैक्षिक प्रक्रियाको व्यवस्थित योजना हो । पाठ्यक्रममा राष्ट्र र समाजका चाहनाअनुरूप शिक्षाका उद्देश्य तय गरी विद्यार्थीका रुचि र उमेरअनुसारको स्तरयुक्त, समसामयिक, वैज्ञानिक तथा प्रभावकारी विषयवस्तुका साथै विषयवस्तुलाई प्रभावकारीपूर्ण ढङ्गले शिक्षण गर्न उपयुक्त शिक्षण विधि र प्रविधि, सामग्री, प्रक्रिया र मूल्याङ्कन प्रविधिसमेत निर्धारित हुन्छ । निश्चित शैक्षिक उद्देश्यहरू प्राप्त गर्न सिकाइ अनुभवहरू छनोट गर्ने, सङ्गठित गर्ने र यी उद्देश्यहरू पूरा भएको वा नभएको मूल्याङ्कन गर्ने योजनाको रुपमा पाठ्यक्रमलाई लिन सकिन्छ ।

पाठ्यक्रम र मूल्याङ्कन पद्धतिलाई समयसापेक्ष बनाई अपेक्षित नतिजा हासिल गराउन विभिन्न प्रयासहरू गरिएको भएतापनि पाठ्यक्रममा आधारित सिकाइ गर्न नसकिएको, विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गरी सिकाइका लागि मूल्याङ्कनको सुनिश्चितता गर्न नसकिएको, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनले अपेक्षित गति लिन सकिरहेको अवस्था छैन । यिनै परिदृश्यलाई मध्यनजर गरी यस खण्डमा विद्यालय शिक्षामा पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयन, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र कार्यान्वयन, विद्यार्थी मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूलाई सामना गर्ने गरी पाठ्यक्रम तथा मूल्याङ्कन उपक्षेत्रतर्फका उद्देश्य, रणनीति, मुख्य मुख्य कार्यक्रम तथा लक्ष्यहरू तय गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरूमा शैक्षिक सत्रको सुरुवातमै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, अनुसारका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु उपलब्ध भई कार्यान्वयन हुदै आएको छ । प्रारुप अनुसारको पाठ्यक्रम कार्यान्वयनका लागि उपमहानगरपालिकाले समय समयमा विद्यालयका शिक्षकहरुका लागि पाठ्यक्रम प्रवोधीकरण तथा कष्टमाइज्ड तालिम सञ्चालन गर्दै आएको छ । सबै सामुदायिक विद्यालयहरुमा कक्षा १-३ को पठन तथा गणितीय सिप विकासका सामग्रीहरु उपमहानगरपालिकाले छपाइ गरी वितरण समेत गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा एक देखी आठ सम्म विषयको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी अनुसार उपमहानगरपालिकाले स्थानीय विषयवस्तु, वातावरण संरक्षण, दिगोपना, हरित विद्यालय, वडा र समुदाय जस्ता विषयहरुलाई समेटी **हाम्रो घोराही** नामक कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेको छ। उप-महानगरपालिकाको हरेक विद्यालयमा कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन तथा

कक्षा ४-१० मा आन्तरिक र बाह्य मूल्याङ्कन नियमित रुपमा सञ्चालन हुदै आएको छ ।यस उपमहानगरपालिकाले पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन सम्बन्धमा शिक्षक कार्यशाला तथा शिक्षक सहजीकरण जस्ता असल अभ्यास गर्दै आएको छ ।

## ४.१.३ लक्ष्य तथा उद्देश्य

(१)पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण तथा पेसागत सहयोग प्रदान गर्नु,
(२) स्थानीय आवश्यकतामा आधारित जीवनोपयोगी पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयनमा ल्याउनु,
(३) सिकाइका लागि मूल्याङ्कनमार्फत परीक्षा र मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्नु ।
(४) सिकारुको सिकाई समस्याको समाधान गर्न निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

### ४.१.४ रणनीति

(१) विद्यार्थी भर्ना हुनासाथ एक विद्यालयमार्फत निःशुल्क पाठ्यपुस्तक सेट उपलब्ध हुने कुराको सुनिश्चितता गर्ने,
(२) नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु हुनुपूर्व सबै शिक्षकहरूका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्ने,
(३) पाठ्यक्रममा आधारित सिकाइको सुनिश्चितता गर्नका लागि शिक्षकहरूलाई अभिमुखीकरण तथा पेसागत सहयोग प्रदान गर्ने,
(४) स्थानीय ज्ञान, सिप, पेसा तथा व्यवसायको प्रवर्धनमा केन्द्रित स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गरी कार्यान्वयनमा ल्याउने,
(५) प्रारम्भिक बालशिक्षाका लागि आवश्यक पाठ्यसामग्री व्यवस्थापनका साथै विद्यालयहरूमा पुस्तकालय तथा बुक कर्नर व्यवस्थापन गर्न आवश्यक सहयोग प्रदान गर्ने,
(६) बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी भाषाको छनोट गर्ने,
(७) सिकारुको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने,
(८) विद्यालय तहको मूल्याङ्कन तथा परीक्षाका साथै आधारभूत तहको अन्तमा हुने परीक्षा प्रणालीमा सुधार गर्ने ।

## ४.१.४.५ उपलब्धि, नतिजा प्रमुख क्रियाकलापहरु

उपलब्धिः

- पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थाको कार्यान्वयन पद्धतिमा सुधारमार्फत विद्यार्थी सिकाइ उपलब्धिस्तरमा सुधार आएको हुने

नतिजा

- विद्यार्थीले भर्ना हुनासाथ पूरा सेट पाठ्यपुस्तक प्राप्त गरेको हुने छ ।
- पाठ्यक्रम कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध भई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र कार्यान्वयन भएको हुने छ।
- सिकाइ सुधारको माध्यमको रुपमा मूल्याङ्कनको प्रयोग भएको हुने छ।
- सबै विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीसहितको पुस्तकालयको व्यवस्था भएको हुने छ।

## तालिका नं २७ (पाठ्यक्रम तथा मूल्यांकन प्रमुख क्रियाकलाप र लक्ष्य)

**बजेट रू. हजारमा**

| सि.नं. | क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपको अभिमुखीकरण | वटा | | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | √ | | √ | |
| २ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण र प्रयोग( हाम्रो घोराही, मगर र थारु भाषाका पाठ्यपुस्तक समेत) | वटा | १ | १ | १ | १ | १ | १ | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | √ | | √ | |
| ३ | निरन्तर विद्यार्थी मूल्यांकन तथा आन्तरिक मूल्यांकन प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास | | १ | १ | १ | १ | १ | १ | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | | | |
| ४ | सुपरीवेक्षण तथा शिक्षक निरन्तर पेशागत सहयोग कार्यक्रम | | १ | १ | १ | १ | १ | १ | ५ | ५७५ | ५७५ | ५७५ | ५७५ | ५७५ | २८७५ | | | | |
| ५ | विषयगत शिक्षक सञ्जाल तथा अनुभव आदानप्रदान | | १ | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | √ | |
| ६ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | | | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | २०० | २०० | २०० | ८०० | √ | | √ | |
| ७ | कक्षा १-५ को आन्तरिक मूल्यांकनका लागि सामग्री व्यवस्थापन | | | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | | |
| ८ | एकीकृत पाठ्यक्रम कष्टमाइज तालिम | | | १ | १ | १ | १ | १ | ५ | २८५ | २८५ | २८५ | २८५ | २८५ | १४२५ | | | | |
| | जम्मा | | | | | | | | | ३६६ | ३६६ | ३७६ | ३७६ | ३७६ | १८६० | | | | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ० | ० | ० | ० | ० | ० | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षा देश विकासको मेरुदण्ड हो ।गुणस्तरीय शिक्षाबाट नै विकासले गति लिन सक्दछ । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धित हुन्छ। शिक्षकको गुणस्तरको मात्रा भने शिक्षक तयारी, विकास र व्यवस्थापनसँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ। शिक्षक पेशाप्रति उत्प्रेरित नभएसम्म न त शिक्षण सिकाइ प्रभावकारी बन्दछ न विद्यार्थीको सिकाइ उपलब्धि नै बृद्धि हुन्छ । क्षमतावान् व्यक्तिहरूलाई शिक्षण पेसामा आकर्षित गर्ने, विद्यालयमा शिक्षक छनौट परीक्षालाई विश्वसनीय बनाउने, आयोगबाट सिफारिस भएका शिक्षकहरूलाई पदस्थापना गरी क्षमता विकास गराउने, शिक्षकको पेसागत विकास तथा प्राविधिक सहायता प्रदान गर्ने, तालिमका विविध पक्षहरूलाई सुदृढीकरण गर्ने र तालिमपछि परीक्षासमेत सञ्चालन गर्ने, शिक्षक वितरणको कार्यलाई पुनःसंरचित गर्ने, विद्यालयमा न्यूनतम सङ्ख्यामा विषयगत शिक्षक पूर्ति भएको सुनिश्चितता गर्ने, प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्ने जस्ता आदि कार्यहरूको प्रभावकारी कार्यान्वयनबाट मात्र समयसापेक्ष आवश्यक जनशक्ति उत्पादन गर्ने शिक्षक उत्पादन गर्न सकिन्छ । यिनै परिदृश्यलाई मध्यनजर गरी यस खण्डमा शिक्षक व्यवस्थापन र विकाससम्बन्धी वर्तमान अवस्थाको समीक्षाका  आधारमा चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूलाई सामना गर्ने गरी शिक्षक व्यवस्थापन र विकास उपक्षेत्रतर्फका उद्देश्य, रणनीति, मुख्य मुख्य कार्यक्रम तथा लक्ष्यहरू तय गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

**(क) शिक्षक तयारी**

शिक्षक तयारी भन्नाले विद्यालयका लागि कस्ता योग्यता र विषयका कति मात्रामा शिक्षक आवश्यक पर्छन् सोको तयारी गर्नु भन्ने बुझिन्छ । शिक्षक व्यवस्थापन भित्रको एक महत्वपूर्ण कार्य विद्यालयको लागि आवश्यक पर्ने शिक्षकको तयारी गर्नु हो ।नेपालमा शिक्षकको वर्तमान योग्यता बालविकास र आधारभूत तहका लागि माध्यमिक शिक्षा उत्तीर्ण र तालिम प्राप्त भएको हुनुपर्ने, माध्यमिक (कक्षा ९-१०) को शिक्षकको योग्यता स्नातक र तालिम प्राप्त एवम् माध्यमिक (कक्षा ११-१२) का शिक्षकको योग्यता स्नातकोत्तर हुनुपर्ने व्यवस्था छ ।यसरी हेर्दा आधारभूत तहको शिक्षक तयारी माध्यमिक विद्यालयहरूबाट र माध्यमिक तहका शिक्षकको तयारी गर्ने कार्य विश्वविद्यालयहरूबाट हुँदै आएको छ ।

**(ख) शिक्षक नियुक्ति**

शिक्षक नियुक्ति भर्ना शिक्षक व्यवस्थापनसम्बन्धी एक महत्वपूर्ण क्रियाकलाप हो । शिक्षकको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने, अध्यापन अनुमति पत्र वितरण गर्ने मुख्य जिम्मेवारी शिक्षक सेवा आयोगलाई दिइएको छ भने करार र स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने कार्य विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा रहेको समितिले गर्दै आइरहेको छ । शिक्षक सेवा आयोगले जनशक्ति र संरचनाको अभावले गर्दा ऐनले तोकेका समयसीमाभित्र शिक्षक सिफारिसको कार्य सम्पन्न गर्न तथा नियमित रूपमा  विज्ञापन गर्न सकेको छैन । शिक्षक छनौट प्रक्रिया सैद्धान्तिक छ र

यसले शिक्षकको शिक्षण कलाको व्यावहारिक रूपमा मापन गर्न सकिरहेको छैन । शिक्षक सेवा आयोगको परीक्षामा दरखास्त दिने सङ्ख्या अधिक रहेको भएतापनि गुणस्तरीय व्यक्ति शिक्षण पेसामा अझै पनि आकर्षित हुन नसकिरहेको अवस्था छ । करार शिक्षक र स्थानीय स्रोतका शिक्षक नियुक्तिको प्रक्रिया अझै पनि पूर्ण पारदर्शी हुन सकिरहेको छैन । विज्ञान, गणित, अंग्रेजी, लेखा एवम् प्राविधिक विषयका शिक्षकहरूको अभाव विद्यालयहरूले झेल्दै आइरहेका छन् ।

## (ग) शिक्षकको उत्तरदायित्व

पढ्ने र सिक्ने परिवेशलाई भनेजस्तो बनाउन, पाठ्यक्रमलाई पनि प्रभावकारी ढङ्गले लागु गर्न सिकाइका लागि शिक्षक उत्तरदायी हुनैपर्दछ । उत्तरदायी शिक्षकले कक्षामा सिक्ने, ज्ञान निर्माण गर्ने र अवधारणा विकास गर्ने वातावरण सुनिश्चित गरेको हुन्छ । एक असल शिक्षकले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने कार्यलाई जिम्मेवारीबोधको रूपमा लिएको हुन्छ । शिक्षकको कक्षा शिक्षणमा बिताउने समय वृद्धि गर्नका लागि शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि २०७४ जारी गरिएको भएता पनि उक्त कार्यविधिको हालसम्म कार्यान्वयन गर्न सकिएको छैन । शिक्षकहरूका लागि प्रभावकारी दण्ड सजायको व्यवस्था, सरुवा बढुवाको प्रभावकारी व्यवस्थापन हुन नसकेबाट पनि शिक्षकलाई उत्तरदायी बनाउन कठिन भएको छ।

## (घ) शिक्षक सहयोग पद्धति

शिक्षण सिकाइमा अपेक्षित सुधार ल्याउनका लागि शिक्षकका लागि पेसागत सहयोगको जरुरत पर्दछ । शिक्षक पेसागत सहयोगअन्तर्गत कक्षा अवलोकन, नमूना कक्षा प्रदर्शन, पृष्ठपोषण, क्षमता विकास, अनुभवहरूको आदानप्रदान, कोचिङ, मेन्टरिङ, सुपरिवेक्षण, शिक्षक सञ्जाल, पेसागत समूह बैठक जस्ता क्रियाकलापहरू प्रचलनमा रहेका छन् । नेपालमा शिक्षकका लागि पेसागत सहयोगका लागि विगतमा विभिन्न प्रयासहरू भएतापनि सङ्घीयता कार्यान्वयन पश्चात् यो कसको जिम्मेवारीमा पर्दछ, यसको संरचना र पद्धति के हुने भन्ने यकिन भएको देखिँदैन । शिक्षक सहयोगले शिक्षणको प्रभावकारितामा प्रभाव पार्दछ ।

## (ङ) शिक्षक क्षमता विकास

क्षमतावान् शिक्षकबाट मात्र गुणस्तरीय सिकाइ सम्भव हुने भएकाले शिक्षक व्यवस्थापनभित्र शिक्षक क्षमता विकासलाई एक महत्वपूर्ण पक्षको रूपमा लिइन्छ । तोकिएको काम गुणस्तरीय रूपमा सम्पन्न गर्न शिक्षकलाई समयसापेक्ष थप ज्ञान, सीप र प्रविधि प्रदान गरिनुपर्दछ । शिक्षकको क्षमता विकासका लागि वि.स.२००४ मा आधार शिक्षक शिक्षण केन्द्रको स्थापनादेखि हालसम्म विभिन्न प्रयासहरू गरिए । संघीयता कार्यान्वयन हुनुपूर्व शिक्षकको क्षमता विकासका कार्यमा स्रोतकेन्द्रहरूको उल्लेख्य भूमिका रहेको थियो । स्रोतकेन्द्रस्तरमा प्राथमिक तहका वर्षेनि शिक्षकहरूका लागि मागमा आधारित पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गरिन्थे भने निम्नमाध्यमिक र माध्यमिक शिक्षकहरूका लागि अगुवा स्रोतकेन्द्र एवम् शैक्षिक तालिम केन्द्रमार्फत क्षमता विकास कार्यक्रम सञ्चालन हुन्थे । सङ्घीयता कार्यान्वयन पश्चात् शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी प्रदेशस्थित शिक्षा तालिम केन्द्रलाई प्रदान गरिएको छ । यसले विगतको भन्दा तालिम कार्यक्रम खर्चिलो हुने, धेरै शिक्षकको पहुँचमा शिक्षक तालिम नपुग्ने, शिक्षक तालिमको प्रभावकारिताको अनुगमनमा समस्या देखिएको छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षकको क्षमता विकासको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । पर्याप्ताको सीमा भएतापनि यस घोराही उपमहानगरपालिकाले पनि आफ्नो क्षमताअनुसार विभिन्न किसिमका शिक्षक क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् ।

## (च) शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली २०५९ ले प्राथमिक तहमा ५० जनासम्म विद्यार्थी भए कम्तीमा दुई जना र सोभन्दा बढी भएमा कम्तीमा तीन जना शिक्षक दरबन्दी रहने व्यवस्था गरेको छ। यसैगरी निम्नमाध्यमिक तहमा कम्तीमा ४ जना, माध्यमिक तह (कक्षा ९—१०) मा कम्तीमा ५ जना र माध्यमिक (९—१२) मा कम्तीमा ८ जना शिक्षक दरबन्दी रहने व्यवस्था गरेको छ । प्राथमिक तहमा कक्षागत रूपमा शिक्षक दरबन्दी वितरण गर्न नसकिनु, कानुनले तोकेअनुसारकै पनि धेरै निम्नमाध्यमिक र माध्यमिक विद्यालयमा शिक्षक दरबन्दी अपुग रहेको छ । उपलब्ध भएका शिक्षक दरबन्दीहरूको पनि न्यायोचित रूपमा वितरण हुन सकिरहेको छैन । अझै पनि सामुदायिक विद्यालयहरूमा ठूलो सङ्ख्यामा निजी स्रोतबाट शिक्षकहरूको व्यवस्थापन गरिएको छ, जसको व्यवस्थापन गर्न कुनै न कुनै रूपमा विद्यार्थीहरूमा नै भर परेको पाइन्छ । नेपालको संविधानले मौलिक हकमा व्यवस्था गरे अनुसारको आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गर्नुपर्ने दायित्वका लागि राज्यले सवैभन्दा पहिले आवश्यक सख्यामा शिक्षकको व्यवस्था गर्नुपर्ने हुन्छ ।

यस घोराही उपमहानगरपालिकामा रहेका विद्यालयका शिक्षकसम्बन्धी विवरण यसप्रकार रहेको छ :

तालिका नं २८ (शिक्षक विवरण)

| सि.नं. | विवरण | बा.वि.के | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जम्मा शिक्षक सङ्ख्या | १५४ | ४७९ | १६६ | १३२ | २१ | ९५२ |
| | जम्मा महिला शिक्षक सङ्ख्या | १५४ | | | | | १५४ |
| | महिला प्रतिशत (जम्मा) | | | | | | |
| २ | स्वीकृत दरबन्दीमा कार्यरत जम्मा | | ३८३ | ९७ | ७६ | १० | ५६६ |
| | स्थायी (जम्मा) | | ३२७ | ९५ | ७० | | ४९२ |
| | प्रथम श्रेणी | | ९ | ३ | ४ | | १६ |
| | द्वितिय श्रेणी | | ८५ | २३ | ८ | | ११६ |
| | तृतीय श्रेणी | | २३३ | ६९ | ५८ | | ३६० |
| | अस्थायी | | ५६ | २ | ६ | १० | ७४ |
| ३ | राहत अनुदान | | ९६ | ३० | १३ | ११ | १५० |
| ४ | शिक्षण सहयोग अनुदान (सङ्घीय ससर्त) | ० | ० | ० | १८ | ० | १८ |
| ५ | नगर अनुदान | १९ | ० | ३ | ८ | ० | १९ |
| ६ | स्वयंसेवक शिक्षक | ० | ० | ३२ | १३ | ० | ४५ |
| ७ | निजी स्रोतमा कार्यरत जम्मा | ४० | ५० | ५६ | २३ | ६८ | २३७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निजी स्रोतमा कार्यरत महिला | | | | | | |
| | निजी स्रोतमा कार्यरत महिला प्रतिशत | | | | | | |
| ८ | न्यूनतम तहगत दरबन्दी पूरा नभएका सामुदायिक विद्यालय सङ्ख्या | | | | | | |
| कुल जम्मा | | ३६७ | १७१८ | ५७३ | ४२१ | १२० | ३१९९ |

स्रोतः इमिस तथ्यांक २०८२

### ४.२.३ लक्ष्य र उद्देश्यः

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रुपमा दक्ष, पेशाप्रति उत्प्रेरित, प्रतिवद्ध र विद्यार्थीका सिकाईप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नु ।

### ४.२.४ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिने ।
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा करार शिक्षक नियुक्तिका लागि शिक्षक बैंक व्यवस्था गरिने।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षक सीप विकास सम्बन्धी मागमा आधारित तालिम अनिवार्य बनाइने ।
४. शिक्षण पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने । यसका लागि विषयगत शिक्षक सञ्जाल, विज्ञसमूह गठन, शिक्षक सिकाई समूह, मेन्टरिङ पद्धतिमा विकास गरी कार्यान्वयनमा ल्याइने।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरिने ।
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने ।
७. शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाईमा कुनै अवरोध नहुने पद्धतिको विकास गरिने ।

### ४.२.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

उपलब्धि

विद्यालयका लागि न्यूनतम शिक्षक दरबन्दीको व्यवस्थाका साथै शिक्षकको क्षमता विकास भई विद्यार्थी सिकाइ उपलब्धिस्तरमा सुधार आएको हुने ।

**नतिजा**

१.शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त भएको हुने ।

२.शिक्षकको उपस्थिति,शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार भएको हुने ।

३.शिक्षक विद्यार्थीका आधारमा तहगत र विषयगत रुपमा दरबन्दी मिलान,पुनर्वितरण भएको हुने।

४.शिक्षकको आपूर्ति नियमित रुपमा भएको हुने ।

५.शिक्षकको वृत्ति विकासका लागि पारदर्शी र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित भएको हुने

६.शिक्षक दरबन्दी मिलान भई शिक्षकको न्यायोचित वितरण भएको हुने,

७.शिक्षकका लागि मागमा आधारित पेसागत विकासका अवसरहरू उपलब्ध भएको हुने,

८.विद्यार्थी सिकाइ उपलब्धिका आधारमा शिक्षक प्रोत्साहन भएको हुने,

९.कक्षाकोठामा आधारित शिक्षक सहयोग प्रणालीको स्थापना भएको हुने

**तालिका नं २९(शिक्षक व्यवस्थापन र विकास प्रमुख क्रियाकलाप र लक्ष्य)**

**बजेट रू. हजारमा**

| सि.नं. | क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | √ | | √ | |
| २ | बालविकास देखी कक्षा ३ सम्म अध्यापन गर्ने शिक्षकहरुको सञ्जाल एवं अनुभव आदान प्रदान | पटक | ४ | ० | ४ | ४ | ४ | ४ | १६ | ० | १०० | १०० | १०० | १०० | ४०० | | | √ | |
| ३ | आवश्यकतामा आधारित पेशागत सहयोग तालिम (बालबिकास देखि माविसम्मका शिक्षकका लागि) | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ६७० | ६७० | ७०० | ७०० | ७५० | ३४९० | | | √ | |
| ४ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | |
| ५ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन कम्प्युटर इन्टरनेट लगायत प्रयोगका लागि २ दिने डिजिटल तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | २३८ | २३८ | २३८ | २३८ | २३८ | ११९० | | | √ | |
| ६ | सामुदायिक विद्यालय मदरसासमेतका प्र अ नेतृत्व क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | | | √ | |
| ७ | मेन्टर शिक्षक | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | √ | | | |
| ८ | विद्यालय सुपरीवेक्षण तथा शिक्षक पेशागत सहयोग | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ४२५ | ४२५ | ४२५ | ४२५ | ४२५ | २१२५ | √ | | | |
| ९ | बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | |
| १० | विषयगत शिक्षकहरुको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | | | √ | |
| ११ | विद्यालयका करार शिक्षक, स.का तथा विद्यालय कर्मचारी अनिवार्य अवकाशमा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | |
| | जम्मा | | | | | | | | | ३१८३ | ३२८३ | ३३१३ | ३३१३ | ३३६३ | १६४५५ | | | | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३१(१),(२),(३),(४) र धारा ४२ (३) ले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्ने उल्लेख गरेको छ । शिक्षा ऐन २०२८ (संसोधन सहित)को दफा ६क,दफा १६घ(१ख),१(ग) ,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४,दिगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४,समावेशी शिक्षा नीति २०७३ आदि सहित विभिन्न नीतिगत निर्णय गरेर शिक्षालाई समावेशिकरण गर्ने प्रयास भइरहेको छ । समतामुलक समावेशी शिक्षाको प्रर्वधन गरी सबै महिला, अपाङ्गता भएका, दलित आदिवासी जनजाति, अल्पसंख्यक, पीडित, यौन दुराचारबाट पीडित, अति बिपन्न, सडक, द्वन्द पीडित, बेचबिखन तथा यौन दुराचारबाट पीडित, मजदुर, जेल परेका, टुहुरा, रोगग्रस्त, श्रमिक, प्रकोप पीडित बालबालिकालाई बराबरी सन्तुलनमा शिक्षामा पहुँच पुऱ्याउने लक्ष्यका साथ शिक्षामा समता र समावेशितालाई सुनिश्चितता गर्न बढावा दिइएको छ ।

विश्वमा सबै प्रणीहरुमा विविधता भए जस्तै मानवमा पनि विविधता हुनु स्वभाविकै हो। त्यसमा पनि बालबालिकाहरुमा भौगोलिक कारण, आर्थिक कारण,सास्कृतिकका कारण,जातजातिका कारण,समाजका कारण, भाषाका कारण विविधता हुन्छ । यसरी नेपाली समाजमा रहेको विविधतालाई सम्बोधन गर्ने शिक्षा नै समतामुलक समावेशी शिक्षा हो ।

### ४.३.२ वर्तमान अवस्था

यस उप-महानगरपालिकामा हाल सामुदायिक ९३, संस्थागत ७६र धार्मिक २गरी जम्मा १७१ विद्यालय रहेका छन्।शिक्षाबाट बन्चितीकरणमा परेका दलित, आदिवासी, जनजाति, सिमान्तकृत, अपाङ्ग, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई समतामूलक, सर्वसुलभ, जीवनोपयोगी प्रविधिमैत्री विद्यालय शिक्षामा सहभागी बनाइ आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणको मूल प्रवाहमा समाहित गर्ने मूल लक्ष्य लिएर हाम्रो यस नगरपालिकाले अगाडी बढ्नु पर्ने हुन्छ। कक्षा १-५ को ०.९१, कक्षा १-८ को ०.८७, माध्यमिक तह कक्षा ९-१२ को १.०१ लैंगिक अनुपात छ । दलित विद्यार्थीको कुरा गर्दा आधारभूत तह कक्षा १-८ मा १.०८, माध्यमिक तह कक्षा ९-१२ मा १.२६ लैंगिक अनुपात छ भने जनजाति विद्यार्थीको हकमा आधारभूत तह कक्षा १-८ मा १.०५, माध्यमिक तह कक्षा ९-१२ मा १.०८ छ ।

### ४.३.३ उद्देश्यहरु

१) लक्षित वर्गका बालबालिकाहरुको विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु।

२) लक्षित वर्गका बालवालिकाहरुको लक्ष्य अनुरुप सिकाइ उपलब्धि वृद्धि गर्नु।

३) विद्यालयमा बालमैत्री वातावरण सृजना गर्नु।

४) सबै खालका भेदभावको अन्त्य गरी समतामूलक वातावरण निर्माण गर्नु।

### ४.३.४ रणनीतिहरु

१) विद्यालय भवन लगायत अन्य भौतिक संरचनाहरु अपाङ्गमैत्री, लैंगिकमैत्री बनाई बसाइ व्यवस्थापन गर्ने ।

२) विपन्न, असहाय एवम् अनाथ बालबालिकाको तथ्याक अध्यावधिक गरी त्यस्ता बालवालिकाहरुलाई विशेष सहयोगको व्यवस्था मिलाउने ।

३) पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास,नागरीक ज्ञान तथा सिपका साथै बृहत **यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी** विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

४) स्वास्थ्य, सरसफाइ, प्राथमिक उपचारकक्षको व्यवस्थाका साथै किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

५) कुनै पनि प्रकारका भेदभाव वा पूर्वाग्रह झल्किने खालका संकेत, चित्र, व्यवहार आदि विद्यालय भित्र हुन नदिने संयन्त्र तयार गरी बालमैत्री वातावरण सिर्जना गर्ने ।

७) स्थानीय भाषा, सँस्कृति, रीतिरिवाज, स्थानीय ज्ञान सीप तथा कौशल इत्यादिलाई समाहित गरी शिक्षण गतिविधि अघि बढाउने।

### ४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

उपलब्धि

समाजमा पछाडि परेका, आर्थिक तथा सामाजिक रुपले कमजोर, अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

नतिजा

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चत भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- विद्यालय शिक्षामा सबैको समान पहुँच र सक्रिय सहभागिता भएको हुनेछ ।
- विद्यालयहरु सबै प्रकारका हिंसा, विभेद र दुर्व्यवहार रहित हुनेछन् ।
- विद्यमान सरचनाहरुले विविधता समता र समावेशी शिक्षाका मूल्य मान्यता अनुरुप गुणस्तरीय सेवा प्रवाह गर्न जवाफदेही बनेका हुनेछन ।
- लक्षित समूहका बालबालिकाको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर वृद्धि भएको हुनेछ ।

**तालिका नं ३० (शिक्षामा समता र समावेशीकरण प्रमुख क्रियाकलाप र लक्ष्य)**

**बजेट रू. हजारमा**

| क्र.स | क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | अपाङ्गता भएका बालबालिकाको संख्या पत्ता लगाई वर्गीकरणसहित अभिलेखीकरण | पटक | | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | √ | | √ | |
| २ | बालबालिकाहरु शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण र सो अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रममार्फत सहयोग गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | √ | | √ | |
| ३ | सस्थागत विद्यालयका लागि छात्रवृत्ति वितरणको आधार (सफ्टवयर) निर्माण र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५०० | ५० | ५० | ५० | ५० | ७०० | √ | | √ | |
| ४ | यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी जीवनोपयोगी सिप तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | | |
| ५ | बालिका सञ्जाल गठन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | | | | | | | | √ | | |
| | कुल जम्मा | | | | | | | | | ७०० | २५० | २५० | २५० | २५० | १७०० | | | | |

## ४.४ विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

### ४.४.२ वर्तमान अवस्था

घोराही उप-महानगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ ।यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

उप-महानगरपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६—१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, केही विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र सबै विद्यालयका बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिति र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

### ४.४.३ लक्ष्य र उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाजा प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धिमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू

क) सबै सामुदायिक विद्यालयमा पोषिलो र स्थानीय उत्पादनमा आधारित ताजा दिवा खाजा उपलब्ध गराउने।

ख) पर्याप्त पानी, साबुन, सफाइ सामग्री, अलग–अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

ग) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

घ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

ङ) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

च) अपाङ्गता भएका तथा वञ्चितिकरणमा परेका र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी उनीहरुको पहुँच सुनिश्चितता गर्ने।

छ) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

ज) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

झ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

नतिजा

१)सबै बालवालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार आएको हुनेछ ।

२)बालबालिकाको  विद्यालयप्रति सन्तुष्टि र आत्मविश्वासको अभिवृद्धि  भएको हुने,

३)बालवालिकाको मनोसामाजिक कुशलतामा अभिवृद्धि भएको हुनेछ ।

४)बालवालिकाको पठन रुचि वृद्धि भई रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

तालिका नं ३१ दिवा खाजा तथा पोषण (प्रमुख क्रियाकलाप र लक्ष्य)

बजेट रू. हजारमा

| क्र. स | क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १ | जुकाको औषधि भिटामिन ए आइरन चक्की प्राथमिक उपचार बाकसको व्यवस्था | पटक | | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | √ | √ | √ | |
| २ | दिवा खाजा | विद्यार्थी | | ८३९४ | ८३९४ | ८३९४ | ८३९४ | ८३९४ | ४१९७० | ३०२१९ | ३०२१९ | ३०२१९ | ३०२१९ | ३०२१९ | १५१०९५ | √ | | | |
| ३ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने | पटक | १ | ० | १ | १ | १ | १ | ५ | ० | ४५ | ४५ | ४५ | ४५ | २२५ | √ | | √ | |
| ४ | बालबालिकाको प्राथमिक स्वास्थ्य परामर्श सम्बन्धमा समन्वय गर्ने | पटक | १ | ० | १ | १ | १ | १ | ५ | ० | ० | ० | ० | ० | ० | | √ | √ | √ |
| ५ | छात्रामैत्री शौचालय सरसफाइ साबुन फिनायलको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | √ | |
| | कुल जम्मा | | | | | | | | | ३०३६९ | ३०४१४ | ३०४१४ | ३०४१४ | ३०४१४ | १५२०२५ | | | | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचयः

मानव समाज सँधै सरल र सहज बाटोमा गतिमान हुँदैन । विभिन्न परिस्थितिमा आकस्मिक रुपमा संकट आइलाग्छ, जोखिमको सामना गर्नुपर्ने हुन्छ । मुख्य रुपमा मानव समाजले तीन प्रकारका आपतकालीन अवस्थाहरुको सामना गर्नु परेको हुन्छ, (क) प्राकृतिक प्रकोप (ख) महामारी (ग) युद्ध, द्वन्द्व, विस्थापन र बसाईंसराई । यस्ता घटनाले सामाजिक, आर्थिक गतिविधिमा र मानवीय सम्बन्धमा निकै ठूलो गतिरोध पैदा गर्छ र त्यसको मारमा निर्दोष बालबालिकाहरु पनि पर्दछन् । शिक्षा र स्वास्थ्य जस्ता आधारभूत कुराहरुमा जस्तै अप्ठ्यारो परिस्थितिमा पनि मानिसहरुको पहुँच पुगेकै हुनुपर्छ अन्यथा मानव समुदायले अकल्पनीय क्षति व्यहोर्नुपर्ने हुन्छ । यसर्थ आपतकालिन तथा संकटपूर्ण अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट वञ्चित नहोउन् भन्ने अभिप्रायबाट आपतकालिन तथा संकटपूर्ण अवस्थामा दिइने शिक्षाको प्रबन्ध सरकारले मिलाएको छ । दश वर्षे लामो द्वन्द्व र २०७२ को भूकम्पले निम्त्याएको मानवीय र पूर्वाधारहरुको क्षति, विभिन्न समयमा घटेका प्राकृतिक तथा मानवीय प्रकोप तथा कोभिड १९ को कारणले बालबालिकाको सिक्ने र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुग्न गएको कुरा घाम जस्तै छर्लङ्ग छ । ती घटनाहरुबाट पाठ सिकेर सरकारले शिक्षा ऐन २०२८ को दफा १९(क) ले दिएको अधिकार प्रयोग गरी आपतकालीन तथा संकटपूर्ण अवस्थामा वैकल्पिक प्रणालीबाट दिने शिक्षाको निर्देशिका, २०७० जारी गरेर कार्यान्वयनमा ल्याएको छ ।आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिनको लागि सबैभन्दा पहिले विद्यार्थी पहिचान तथा वर्गीकरण गरी वैकल्पिक प्रणालीबाट शिक्षा दिने नीति अख्तियार गरेको छ । विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७० ले विद्यार्थीलाई निम्न ५ वर्गमा वर्गीकरण गरेको छ।

१ सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह ।
२ रेडियो एफ.एम रेडियोमा पहुँच भएका विद्यार्थी समूह ।
३ टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह
५ इन्टरनेट तथा सुचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह ।

### ४.५.२ लक्ष्य र उद्देश्य

१. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण गर्नु।
२. प्रत्येक विद्यालयमा विपद् व्यवस्थापन फोकल शिक्षक छनौट गरी आवश्यक तालिम प्रदान गर्नु ।
३. सम्पूर्ण भौतिक संरचनाहरू सवलीकरण गरी सुरक्षित कक्षाकोठा निर्माण गर्नु।
४. प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा वैकल्पिक शिक्षालाई प्राथमिकता दिनु।

५. विपद्का कारणबाट उपमहानगरपालिकाको आर्थिक, भौतिक एवं मानवीय क्षतिमा कमी ल्याउनु।

४.५.३ रणनीतिहरु

१. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी प्रकोपबाट बच्ने उपायहरुको बारेमा जानकारी तथा सिप विकास गर्ने ।

२. भौतिक संरचना निमार्ण कार्य गर्दा बालमैत्री, अपाँङगतामैत्री र किशोर किशोरीमैत्री संरचना निमाणको ब्यवस्था अनिवार्य गर्ने ।

३. स्थानीय विद्यालयहरु, अभिभावक र विद्यार्थीहरुको संचार तथा प्रविधिमा पहुँच पुर्‍याउनको लागि आवश्यक पहल गर्ने ।

४. सिकाइ क्षति र आपूरण कार्यक्रम नियमित रुपमा कार्यान्वयन गर्ने योजना निमार्ण गरी तथ्यांक विश्लेषण र व्यवस्थापन गर्ने ।

५. महामारीका समयमा शिक्षण सिकाइलाइ निरन्तरता दिने वैकल्पिक उपायहरुको तयारी गर्ने ।

६. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने र शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक पर्ने यन्त्र उपकरण, खाद्यान्न, पोशाक लागायतका अन्य राहत सामग्रीहरुको प्रबन्ध गर्ने ।

७. विपद व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयहरुको उत्थानशिलतामा अभिवृद्धि गर्ने ।

४.५.४ कार्यनीति

१. विद्यालयको भौतिक विकासमा दिगो विकासको अवधारणा अवलम्वन गरी सम्भावित जोखिम रोकथाम र नयाँ विपद् जोखिम हुन नदिने उपायहरु अवलम्बन गरिने छ ।

२. विपद जोखिम महामारीको समयमा पनि शिक्षण सिकाई निरन्तरता दिन सम्भावित वैकल्पिक मार्गको खोजि गर्ने साथै पुनर्स्थापना सम्बन्धी आवश्यक नीति तथा कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ ।

३.दूर शिक्षा, घुम्ती शिक्षा, टोलशिक्षा, छायाँ शिक्षा (Hometuition) जस्ता वैकल्पिक सिकाइका माध्यमको विकल्प खुला गर्ने।

४.पढाइको क्षति भएका बालवालिकाहरूको पहिचान गरी, शैक्षिक क्षति कम गर्न सहयोग गर्ने।

४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

उपलब्धि

१. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण भएको हुनेछ।

२. प्रत्येक विद्यालयमा विपद व्यवस्थापन फोकल शिक्षक तोकी आवश्यक तालिम प्रदान भएको हुनेछ।

३. प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा बैकल्पिक शिक्षालाई प्राथमिकता दिइएको हुनेछ।

तालिका नं ३२ (विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता क्रियाकलाप र लक्ष्य)

बजेट रू. हजारमा

| क्रियाकलाप | इकाइ | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | | संघ | प्रदेश | स्थानीय | अन्य |
| विपद प्रकोप व्यवस्थापन नीति तर्जुमा र पुनरावलोकन | पटक | | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | √ | √ | √ | √ |
| अभिभावक सचेतीकरण | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ० | १५० | १५० | १५० | १५० | ७५० | | √ | | √ | √ |
| विद्यालय सुधार योजनामा विपदको समयमा सिकाइ निरन्तरताको लागि प्रतिकार्य योजना समावेश | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ० | ० | ० | ० | ० | ० | | √ | √ | √ | √ |
| विपद र सो अवस्थामा भूमिकासम्बन्धमा शिक्षक तथा वि व्य स शिअसको तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ० | १५० | १५० | १५० | १५० | ७५० | | | √ | √ | √ |
| हरित विद्यालय प्रोत्साहन (प्रति विद्यालय ५ हजारका दरले) | वद्यालय | १ | १३ | २० | २० | २० | २० | ९५ | ० | १०० | १०० | १०० | १०० | ४६५ | | √ | √ | √ | √ |
| कुल जम्मा | | | | | | | | | १०० | ५०० | ५०० | ५०० | ५०० | २१०० | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

सबै प्रकारका विद्यार्थीहरुलाइ विद्यालय भित्र शान्त र भयरहित वातावरणमा अध्ययन गर्नका लागी भौतिक पूर्वाधारको अहम् भुमिका रहेको हुन्छ। उपयुक्त प्रकारको भौतिक पूर्वाधारको विकासले विद्यार्थीलाई विद्यालयमा आकर्षित गर्दछ र पठन (पाठनमा सहजता प्रदान गर्दछ। स्थानीय समुदाय, शिक्षक, अभिभावक, विद्यालय प्रशासन र व्यवस्थापन समितिको कुशल नेतृत्वदायी भूमिका भएमा विद्यालयले भौतिक पूर्वाधार निर्माण गर्न सफल भएको थुप्रै उदाहरण सुन्न र देख्न पाइन्छ । विद्यालयको कक्षाकोठालाई बालमैत्री, अपांगमैत्री र सिकाइमैत्री बनाउन विद्यालयमा भौतिक पूर्वाधार आधारभूत आवश्यकताको रुपमा लिनुपर्ने हुन्छ । बिद्यालयमा भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड २०८० ले पनि विद्यालयमा हुनैपर्ने न्यूनतम पूर्वाधारको व्याख्या गरेको छ त्यो अनुसार पूर्वाधार निर्माण गर्न नसकेपनि न्यूनतम सक्षमताका सर्त पूरा हुनु पर्ने हुन्छ । विद्यालयलाई सिकाइ सङ्गठनको रूपमा विकास गर्नका लागि समता, गुणस्तर, सक्षमता, सुशासन तथा उत्थानशीलता सहित आदर्श शैक्षिक वातावरण निर्माण गरिनुपर्छ। खास गरी विद्यालयमा बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने, बालबालिकालाई सपना देख्न सिकाउने र निरन्तर सिकाइ कार्यको अभ्यास गर्न सक्ने वातावरण र पूर्वाधार विद्यालयमा उपलब्ध हुनु पर्छ। शैक्षिक सामग्रीको उपलब्धता र शिक्षकको सहजीकरण यसका लागि सहायक हुन्छन्। विद्यालयमा विद्यार्थी परामर्श पद्दतिको कार्यान्वयन समेत उत्तिकै आवश्यक हुन्छ। यसका लागि विद्यार्थीमाझ डिजिटल डिभाइड कम गर्ने, विद्यालयको कार्य सम्पादन र विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्ने, मातृ भाषाको प्रयोगलाई प्रवर्धन गर्ने, सम्पूर्ण पूर्वाधारसहितको विद्यालयको अवधारणा कार्यान्वयन गर्ने, आइसिटीमा आधारित लेखा व्यवस्थापन प्रणाली अनुसरण गर्ने जस्ता कार्यहरूलाई अवलम्बन गर्न सकिन्छ र गर्नुपर्दछ। १७ वटा भौतिक संरचनाहरु मध्य कक्षाकोठा भूकम्प प्रतिरोधि, घामपानी छेक्ने छाना भएको, प्लास्टर गरिएको वा राम्रोसंग लिपिएको भित्ता र भुइँ भएको, लेख्न, पढ्न वाधा नहुने खालको प्रर्याप्त उज्यालो भएको कोठाहरु भएको भवन, कम्तीमा कक्षा १ देखि ८ सम्म प्रति विद्यार्थी न्यूनतम १.०० वर्गमिटर र मा.वि को लागि १.२० वर्ग मिटर र कक्षाकोठा ६० वर्ग मिटर भन्दा कम तथा कक्षाकोठा बालमैत्री, अपाङ्ग मैत्री भौतिक पुर्वाधार सहितको कक्षाकोठाको लेख्नेपाटी बाट अन्तिम बेन्चको दूरी ७ मिटर भन्दा टाढा नहुने गरी हुनुपर्ने कुरालाई कार्यान्वयन गर्नुपर्ने छ ।

फर्निचरमा कक्षा १ देखि ३ को लागी भुइँमा बसि शिक्षण गर्न गुन्द्री , चकटि वा २.५ से.मि बाक्लो काठको भूई, आदिको व्यवस्था र कक्षा ४ देखि माथि उमेर र उचाई अनुसार डेक्स वेन्चको व्यवस्था हुनुपर्ने हुन्छ । प्रयोगशाला जम्मा बिद्यार्थी संख्याको १० प्रतिशत लाइ आधार मानेर प्रति विद्यार्थी २.४० वर्ग मिटर क्षेत्रफल हुनुपर्ने प्रावधान छ

४.६.२ वर्तमान अवस्था

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा विभिन्न प्रावधानहरू रहेको जस्तै, छात्रवृत्ति, सुविधाविहिनहरूका लागि विशेष सहयोग, मातृभाषा शिक्षासहित कुनैपनि अवस्थामा बालबालिकाले शिक्षा पाउने अधिकार रहेको छ। विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ आदिमा समेत विभिन्न नितिगत व्यवस्था गरेको अवस्था रहेको छ । जस्तै विद्यालयमा सशस्त्र गतिविधिको निस्तेजीकरण, अहिंसा, शून्य राजनैतिक प्रभाव, भेदभाव रहित, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको । बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ मा रहको व्यवस्था जस्तै विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट एवं विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको ।सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज कार्यान्वयनमा रहेको ।,

४.६.३ लक्ष्य र उद्देश्य

१. विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका लागि तोकिए बमोजिमको मापदण्ड कार्यान्वयन गरी भौतिक रुपमा सुदृढ गराउनु,

२. सुरक्षित विद्यालयको अवधारणा अनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,

३. सबै विद्यालयमा पर्याप्त पूर्वाधारको विकासको कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र गैरसरकारी संस्थाहरूसँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु र पूर्वाधारको दिगो रुपमा उपयोग तथा संरक्षण गर्नु ।

४.६.४ रणनीतिहरु

१. विद्यालयहरूको भौतिक पूर्वाधार विकासका लागि संघीय र प्रदेश सरकार तथा स्थानीय गैरसरकारी संघसंस्थाहरूसँग स्रोत व्यवस्थापनमा लागत साझेदारीको अवधारणा अपनाइने ।

२. विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यकता पहिचान गरी विद्यालय भौतिक पूर्वाधार विकासको गुरुयोजना तयार गर्ने।

३. भूगोल, हावापानी, विद्यार्थी सङ्ख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धी मापदण्ड यकिन गर्ने।

४. पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय, सामाजिक एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकरण गर्ने ।

६. सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधारको समुचित उपयोग सुनिश्चित गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

उपलब्धि

- सुरक्षित, शान्त, बालमैत्री, हरित विद्यालय र गुणस्तरीय भौतिक पूर्वाधारको विकास भई अनुकुल सिकाइ वातावरणसहित सिकाइ उपलब्धिस्तरमा टेवा पुगेको हुने ।

नतिजा

- सबै विद्यालयको भौतिक पूर्वाधारको आवश्यकता पहिचान भएको हुने छ ।
- सबै विद्यालयहरूमा न्यूनतम कक्षाकोठा, शौचालय, पिउने पानी, घेरावारको सुविधा पुगेको हुने छ ।
- गुणस्तरीय, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री ढङ्गबाट विद्यालयका भौतिक पूर्वाधार विकास भएको हुने छ।

**तालिका नं ३३** (विद्यालय भौतिक विकासका प्रमुख क्रियाकलाप र लक्ष्य)

बजेट रू. हजारमा

| सि.नं. | क्रियाकलाप | इकाइ | परिमाण | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | नगर | अन्य | |
| १ | कक्षा कोठा नयाँ निर्माण | कोठा | १७८ | १८ | ४० | ४० | ४० | ४० | १७८ | १८० | ४०० | ४०० | ४०० | ४०० | १७८० | √ | √ | √ | √ | प्रति कोठा दश लाख |
| २ | नयाँ शौचालय निर्माण वाससहित | संख्या | ७१ | ११ | १५ | १५ | १५ | १५ | ७१ | ७७० | १०५० | १०५० | १०५० | १०५० | ४९७० | √ | √ | √ | √ | प्रति शौचालय सात लाख |
| ३ | घेरावार निर्माण तथा मर्मत | विद्यालय | ३३२ | ३२ | ७५ | ७५ | ७५ | ७५ | ३३२ | १६०० | ३७५० | ३७५० | ३७५० | ३७५० | १६६०० | √ | √ | √ | √ | पाँच लाखका दरले |
| ४ | कक्षाकोठा मर्मत | कोठा | २९८ | ५८ | ६० | ६० | ६० | ६० | २९८ | ५८०० | ६००० | ६००० | ६००० | ६००० | २९८०० | √ | √ | √ | √ | एक लाखका दरले |
| ५ | शुद्द खानेपानीका लागि सहयोग (युरोगार्ड लगायत) | विद्यालय | ३८ | १० | ७ | ७ | ७ | ७ | ३८ | २०० | १४० | १४० | १४० | १४० | ७६० | √ | √ | √ | √ | बीस हजारका दरले |
| ६ | विद्यार्थी फर्निचर निर्माण तथा सम्भार | सेट | ७७५ | १०० | ७५ | २०० | २०० | २०० | ७७५ | १००० | ७५०० | २००० | २००० | २००० | १४५०० | √ | √ | √ | √ | प्रति सेट दश हजारका दरले |
| ७ | शौचालय मर्मत | संख्या | ५१ | ८ | १० | ११ | ११ | ११ | ५१ | ८०० | १००० | ११०० | ११०० | ११०० | ५१०० | √ | √ | √ | √ | एक लाखका दरले |
| ८ | नयाँ भवन निर्माण तथा मर्मत | संख्या | ४१ | ५ | ९ | ९ | ९ | ९ | ४१ | २७५०० | ४९५०० | ४९५०० | ४९५०० | ४९५०० | २२५५०० | √ | √ | √ | √ | प्रति चारकोठे ५५ लाख |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | | | | ० | ३७८५० | ६९३४० | ६३९४० | ६३९४० | ६३९४० | २९९०१० | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

आजको युग विज्ञान र प्रविधिको युग हो । समयको गतिसँगै विज्ञान र प्रविधिमा भएका नवीनतम आविष्कार तथा ज्ञानको बिस्फोटको परिणाम स्वरूप पलपल मा ज्ञानको नवीनतम आयामहरु थपिँदै आएका छन् । जसले गर्दा प्रत्येक व्यक्ति युगानुकुल आफूलाई अद्यावधिक गर्न सूचना र प्रविधिमा भर पर्नुपर्ने अवस्था छ । सूचना प्रविधि बिनाको विद्यालय शिक्षाको यो युगमा कल्पनासम्म गर्न सकिन्न । युगानुकूल सूचना र प्रविधिको विकास तथा उपयोग गर्ने मुलुकको शैक्षिक, आर्थिक, समाजिक लगायतका क्षेत्रमा देखिएका उन्नति, प्रगति र सूचना प्रविधिको विकास नभएका मुलुकहरूको बीचमा विकासमा धेरै नै अन्तर आएको देखापरेको छ । यसै तथ्यलाई आत्मसात गरी विद्यालय शिक्षामा सूचना प्रविधिको आवश्यकता महसुस गरी नेपालमा पनि शिक्षा क्षेत्रमा सूचना प्रविधिको थालनी २०२८ देखि नै गर्ने प्रयास भएको हो । शैक्षिक सामग्रीका रुपमा रेडियो, टेप रिकर्डर, वृत्तचित्र आदि केही श्रव्य र दृश्य साधनहरु सीमित ठाउँहरुमा प्रयोग गरीए पनि त्यति प्रभावकारी बन्न सकेको थिएन । विक्रम संवत् २०४९ देखि विधिवत रुपमा कम्प्युटर शिक्षाले प्रवेश पाएको देखिन्छ । अहिले विद्यालय तहको पाठ्यक्रममा पनि ऐच्छिक विषयको रुपमा कम्प्युटर विषय पढाई गरीन्छ । शिक्षण सिकाइमा शैक्षिक सामग्रीको रुपमा प्रायः डिजिटल सामग्रीको प्रयोग हुन थालेको छ । शिक्षामा सूचना र प्रविधीको विकास तथा प्रयोगबाट शैक्षिक अवसरको वृद्धिका साथै शैक्षिक गुणस्तर सुनिश्चित गर्ने सिकाइलाई दिगो र प्रभावकारी बनाउने र नवीनतम ज्ञानको संसारमा प्रवेश गराउन सहज हुन्छ । शिक्षकको सक्षमता तथा शैक्षिक गुणस्तरमा वृद्धि हुने , सक्षम र दक्ष जनशक्ति उत्पादन हुने सुनिश्चित भएका कारणले शैक्षिक सुशासनको प्रत्याभूति गराउन र शैक्षिक सेवाप्रवाह प्रभावकारी बनाउन सुचना प्रविधिको उपयोग अत्यन्तै प्रभावकारी हुन्छ । त्यसैले सूचना प्रविधिको उपयोगलाई शैक्षिक योजनामा समेत महत्वपूर्ण स्थान दिनु आवश्यक छ। उच्च स्तरीय सूचना प्रविधि आयोगले सूचना प्रविधि नीति, २०६७ तर्जुमा गरी सबै विद्यालयहरुमा क्रमशः इन्टरनेटको सुविधा विस्तार गर्ने र यो शिक्षाको निरन्तरतामा जोड दिने व्यवस्था गरेको छ । हाल अझ प्रभावकारी रुपमा यसलाई शिक्षासंग जोड्ने प्रयासहरु भएका छन् ।

### ४.७.२ वर्तमान अवस्थाः

नेपाल सरकारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी निर्देशिका, २०६९ जारी गरेको छ । जस अनुसार शहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरू बीच देखिएको डिजिटल डिभाइड कम गर्ने, विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट वा सी.डी. हस्तान्तरण मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा बिस्तार गर्ने र अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने जस्ता उद्देश्यहरू राखेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले सूचना, सञ्चार तथा आधुनिक प्रविधिलाई विद्यालय शिक्षाको पाठ्यक्रममा विशिष्ट स्थान दिएको छ । सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यम दुवै रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने नीति लिएको छ । साथै सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने र सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा अनलाइनमा आधारित एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने नीति लिएको छ।

शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका तीन वटा अवस्था अथवा चरण हुन्छन्। पहिलो चरणमा साक्षरताको विकास, दोस्रो चरणमा सूचना तथा सञ्चार प्रविधिको कक्षाकोठामा प्रयोग र तेस्रो चरणमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिकाइ सामग्रीको विकास तथा सिर्जना हो । हाम्रा विद्यालयहरूमा पहिलो र दोस्रो चरण सामान्य रूपमा कार्यान्वयन भएको पाइन्छ भने पर्याप्त भौतिक पूर्वाधार र जनशक्तिको अभावमा शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विषयको रूपमा भएतापनि माध्यमका रूपमा अझै स्थापित हुन सकेको छैन ।

### ४.७.३ उद्देश्य

(१) सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।
(२) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको समतामूलक पहुँच विस्तार गर्ने,
(३) शैक्षिक जनशक्तिको क्षमता विकास गरी सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा स्थापित गर्ने ।

### ४.७.४ रणनीति

योजनाका उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः-

१.सङ्घीय सरकार, प्रदेश सरकार र विभिन्न सङ्घसंस्थासँग सहकार्य गरी विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्न आवश्यक सहयोग गर्ने,

२.शिक्षा तालिम केन्द्र तथा विभिन्न सङ्घ संस्थाहरूसँग सहकार्य गरी सूचना प्रविधिको प्रयोग सम्बन्धमा शिक्षकको क्षमता विकास गर्ने,

३.सूचना तथा सञ्चार प्रविधिका सामग्रीको दिगो प्रयोग र व्यवस्थापन गर्न सहयोग एवम् सहजीकरण गर्ने,

४.माध्यमिक विद्यालयसँग आधारभूत विद्यालयको क्लस्टर बनाई शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिन सहजीकरण गर्ने,

५.सूचना प्रविधिको प्रयोगसम्बन्धी अनुभव आदानप्रदान गराउन शिक्षकहरूबीच सञ्जाल गठन तथा परिचालन गराउने,

६.विपत् तथा महामारीका समयमा शिक्षण सिकाइमा निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिलाई उपयोगमा ल्याउने,

७.विद्यालय, प्रधानाध्यापक तथा शिक्षकहरूसँग भर्चुअल माध्यमको प्रयोग गरी नियमित सम्पर्क कायम गर्ने,

८. विद्यालय शिक्षामा प्रारम्भिक तहदेखि नै सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गर्न सबै शिक्षकलाई प्रविधि प्रयोगमा सक्षम बनाउने,

९. शिक्षामा अनलाइन सेवाप्रवाह प्रणाली कार्यान्वयन गरी सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउने ।

### ४.७.३ चुनौतिहरु

(१)सूचना तथा सञ्चार प्रविधिको समतामूलक पहूँच सुनिश्चित गर्नु,

(२)सूचना तथा सञ्चार प्रविधिमैत्री पूर्वाधारको निर्माण गर्नु,

(३)द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु,

(४)शैक्षिक जनशक्तिलाई सूचना प्रविधि सम्बन्धी तालिमको अवसर सुनिश्चित गरी क्षमता विकास गराउनु ।

(५)अन्तरक्रियात्मक विद्युतीय शैक्षिक सामग्रीहरूको उत्पादन, वितरण तथा प्रयोग गर्नु।

(६)सबै शिक्षक र विद्यार्थीलाई शिक्षणमा प्रविधिको पहुँचमा पुराउनु ।

### ४.७.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच र प्रयोगमा विस्तार भई सूचना तथा सञ्चार प्रविधि शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा स्थापित हुने ।

नतिजा

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा पहूँचको सुनिश्चितता हुने,
२. सबै शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिका लागि भौतिक पूर्वाधार र आधारभूत संरचनाको विकास हुने,
३. अन्तरक्रियात्मक विद्युतीय सामग्रीमा विद्यार्थीहरूको सहज पहुँच हुने,
४. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि अभिन्न अङ्गको रूपमा स्थापित हुने,
५. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षक सहयोग प्रणालीको स्थापना हुने,
६. सूचना तथा सञ्चार प्रविधिका माध्यमबाट शिक्षा प्रदायक निकाय एवम् संस्थाहरूको सेवा प्रवाह भई सेवा सस्तो, छिटो, भरपर्दो र पारदर्शी हुने,

## तालिका नं ३४

## विद्यालयमा सूचना तथा सञ्चार प्रविधि(क्रियाकलाप र लक्ष्य)

बजेट रु.हजारमा

| सि.नं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | नगर | अन्य |
| १ | विद्यालयहरुमा इन्टरनेट कनेक्टिभिटि | विद्यालय | ९३ | ९३ | ९३ | ९३ | ९३ | ९३ | ५१६ | ५१६ | ५१६ | ५१६ | ५१६ | २५८० | √ | | | |
| २ | विद्यालयहरुमा सुचना तथा सञ्चार प्रविधि ल्यावको स्थापना र सुदृढीकरण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ३२५० | ३२५० | ३२५० | ३२५० | ३२५० | १६२५० | √ | √ | √ | √ |
| ३ | सूचना प्रविधिसँग सम्बन्धित शिक्षकको क्षमता विकास | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | √ | √ | √ |
| ४ | सूचना प्रविधिसँग सम्बन्धित रही विद्यालय तथा शिक्षकको सन्जाल निर्माण र परिचालन | पटक | | १ | १ | १ | १ | ४ | ० | ५० | ५० | ५० | ५० | २०० | | | √ | |
| | जम्मा | | | | | | | | ४२६६ | ४३१६ | ४३१६ | ४३१६ | ४३१६ | २१५३० | | | | |

## ४.८ खेलकुद र विकास

### ४.८.१ परिचय

निर्धारित नियमको परिधिभित्र रही व्यक्ति-व्यक्ति वा समूह-समूहविच मनोरञ्जन प्राप्तिका लागि वा पेशाको रूपमा साधनविना वा साधनसहित गरिने प्रतिस्पर्धात्मक क्रियाकलापलाई खेलकुद भनिन्छ ।

खेलकुद क्षेत्रको संस्थागत विकास हुनु पूर्व ३० को दशकसम्म नै हाम्रो यस क्षेत्रमा कपर्दी, भाले जुधाई, साँढे जुधाई, घैंटो फुटाउने ठेलो हान्ने, गिर्रा खेल्ने र डण्डीबियो आदि जस्ता परम्परागत खेलकुदको अभ्यास हुने गर्दथ्यो । ती विगतका ऐतिहासिक खेलकुदहरूको उजागर र उत्थान गर्दै आधुनिक खेलकुद गतिविधिमा सशक्त ढङ्गले नगरलाई अगाडि बढाउनु हाम्रो अहिलेको सान्दर्भिकता हुन सक्दछ ।

शिक्षा र खेलकुदको विचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ भन्ने विषयमा विद्वानहरूको एकमत रहेको पाइन्छ । विद्यार्थीको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षहरूको सन्तुलित र समुचित विकास गराउनको लागि शिक्षण सिकाइ क्रियाकलापको साथसाथै उनीहरूलाई खेलकुद गतिविधिमा संलग्न गराउनु अत्यावश्यक छ । छात्र-छात्रालाई विद्यालयमा केवल शिक्षण सिकाइ क्रियाकलापमा मात्र लगातार लगाई खेलकुद गतिविधिबाट बञ्चित गराइएको खण्डमा उनीहरूमा तनाब र निराशापना पैदा हुन जान्छ । यस यथार्थतालाई हृदयङ्गम गरी विद्यालयले विद्यार्थीहरूलाई आ-आफ्नो रुचि र क्षमता अनुसारका कुनै न कुनै खेलमा सरिक गराउने उचित वातावरण निर्माण गरिदिनुपर्दछ । खेलकुदको लागि आवश्यक पुर्वाधार विकास गरी पर्याप्त खेल सामग्रीहरूको व्यवस्था गरी विद्यालय समयभित्र नै खेलकुदको निम्ति समय निर्धारण गर्न सकेको खण्डमा र घर परिवार तथा समुदायले पनि विद्यार्थीहरूको लागि सकारात्मक सोंचका साथ खेलकुदमैत्री परिवेश निर्माण गरिदिएको खण्डमा उनीहरूमा खेल कौशलको विकास र बहुमुखी प्रतिभाको विकास गर्न सकिन्छ । खेलकुदका साथै अन्य अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीहरूलाई नियमित रूपमा संलग्न गराउन सकेको खण्डमा शिक्षण सिकाइ क्रियाकलापलाई थप प्रभावकारी र उपलब्धिमूलक बनाउन सकिन्छ । शिक्षा र खेलकुद क्षेत्र विच एक आपसमा अन्योन्याश्रित सम्बन्ध रहने भएको कारणले गर्दा घोराही उप-महानगरपालिकाको यो १० वर्षे शिक्षा योजना निर्माण गर्ने क्रममा नगरको खेलकुद विकास कार्यलाई एक अन्तरसम्बन्धित विषयको रूपमा लिइ खेलकुद विकाससँग सम्बन्धित उद्देश्य, रणनीति तथा कार्यक्रमहरू तय गरिएको छ ।

### ४.८.२ वर्तमान अवस्था :-

घोराही उप-महानगरपालिकामा वर्तमान खेलकुद क्षेत्र विकासकै क्रममा रहेको छ । विगतदेखि नै नगरभित्रका युवा क्लवहरू, नगर खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समितिले समेत खेलकुद गतिविधिमा सक्रियताका साथ विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्दै आएका छन् । यस क्षेत्रमा ब्यापक लोकप्रियता हासिल गरेको भलिबल र फुटबल खेलको प्रतियोगिताको आयोजना उल्लेख्य रूपमा हुदै आएका छन् । बजार क्षेत्रमा छिटफुट मात्रामा क्रिकेट, व्याडमिण्टन र बास्केटबल प्रतियोगिताहरू समेत सञ्चालन हुने गरेका छन् ।नगरपालिकाको आयोजना तथा नगर खेलकुद विकास समितिको संयोजनमा गरिने विद्यालय स्तरीय र वडा स्तरीय खेलकुल प्रतियोगिताले केही हदसम्म नगरको खेलकुद क्षेत्रलाई जगाउने र हौसला दिने काम गरेको छ । नगरभित्र यथेष्ट मात्रामा संस्थागत तथा पूर्वाधार विकास गरी खेलकुद मैत्री वातावरण निर्माण गर्दै युवा तथा बालबालिकालाई खेलकुदमा आकर्षित गर्न सकिएको खण्डमा खेलकुद क्षेत्रको विकास गर्न सकिन्छ ।

### ४.८.३ लक्ष्य र उद्देश्य

यस योजनाले शिक्षामा खेलकुद विकास सम्बन्धी कार्यक्रमका निम्न लिखित उद्देश्यहरू लिएको छः-

(१)विद्यालय तहदेखि नै खेलकुद लैंगिकमैत्री, अपाङ्गमैत्री बनाई समतामूलक पहुँच विस्तार गर्नु,

(२)खेलकूदको पूर्वाधार विकास र विभिन्न खेलकूद कार्यक्रमको सञ्चालनमार्फत खेल क्षेत्रको सुदृढीकरण गरी नगरको गौरव बढाउनु ।

### ४.८.४ रणनीति

योजनाका उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

(१) नगर भित्र नगर खेलकुद विकास सिमितका अतिरिक्त सबै वडाहरूमा युवा तथा खेलकुद विकास समिति पुनर्गठन गरी तिनलाई सक्रिय र सशक्त बनाउने,

(२) “स्वस्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद” भन्ने राष्ट्रिय नारालाई साकार पार्न र नगरको खेलकुद क्षेत्रलाई स्पष्ट दिशानिर्देश हुने गरी खेलकुद विकास नीतिको तर्जुमा गर्ने,

(३) समग्र खेलकुद क्षेत्रलाई व्यवस्थित र अनुशासित बनाउन संयन्त्रको निर्माण, आचारसंहिता निर्माण तथा कार्यान्वयन गर्ने,

(४) नगरमा तालिम प्राप्त प्रशिक्षक तथा रेफ्रीहरूको उत्पादनमा विशेष जोड दिने,

(५) नगरस्तरमा खेलकुद प्रशिक्षकको व्यवस्था गरी विद्यालय तह र वडास्तरसम्मै खेल प्रशिक्षण कार्यक्रम सञ्चालनका साथै खेलकुद विकासमा समन्वय र सहकार्य गर्ने,

(६) नगर स्तरीय, वडा स्तरीय, क्लव स्तरीयका र विद्यालय स्तरीय खेलकुद कार्यक्रम वार्षिक रूपमा आयोजना गर्ने,

(७) नगरका उत्कृष्ट खेलाडीहरूलाई तथा खेल क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिहरूलाई सम्मानित वा पुरष्कृत गर्ने,

(८) नगरपालिकाका उत्कृष्ट खेलाडीहरूको छनौट गरी विभिन्न विधाहरूमा नगरको प्रतिनिधित्व गर्ने टिमहरू निर्माण गर्ने,

(९) खेलकुदका विभिन्न विधामा सफल सिद्ध उत्कृष्ट खेलाडीहरूलाई पेसेवर खेलाडी बनाउनमा आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्ने,

(१०) खेलकुद क्षेत्रसंग सरोकार राख्ने सङ्घ संस्थाहरू तथा विद्यालयहरूलाई समेत खेलकुद नीति अन्तरगत समाहित गरी प्रोत्साहन तथा नियन्त्रण गर्ने नीति अवलम्बन गर्ने,

(११) नगरभित्रका मेला महोत्सवका खेलकुद आयोजनामा समेत नगरले समन्वयकारी भुमिका निर्वाह गर्ने,

(१२) नगरभित्रका सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरू र समग्र नागरिक समाज एवम् जनताहरूलाई खेलकुद विकास योजनामा आवद्ध गर्न उत्प्रेरित गर्ने ।

### ४.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

खेलकुदको संस्थागत विकास भई विद्यालयतहदेखि नै गुणस्तरीय खेलमा पहुँच अभिवृद्धि भएको हुने छ ।

नतिजा

१. नगर र वडा खेलकुद विकास समिति गठन भई क्रियाशील भएको हुने ।

२.प्रत्येक वर्ष विद्यालयस्तरीय एवम् वडास्तरीय विभिन्न विधाका खेलकूद प्रतियोगिताहरू सञ्चालन भएको हुने ।

३.घोराहीमा रहेका र बन्दै गरेका विभिन्न खेलकुद मैदान र रङ्गशालाको पूर्वाधार सुदृढ भएको हुने ।

४.खेलकूद विकास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन भएको हुने ।

तालिका नं ३५ (खेलकूद विकास कार्यक्रम सम्बन्धी  प्रमुख क्रियाकलाप र लक्ष्य) नगर खेलकुद विकास समितिमार्फत सञ्चालन हुने

बजेट रू. हजारमा

| सि.नं | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | संघ | प्रदेश | नगर | अन्य |
| १ | वडास्तरीय मेयर कप फुटबल प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | √ | | √ | √ |
| २ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४०००० | √ | | √ | √ |
| ३ | जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता | वडा | १ | १ | १ | १ | १ | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | | √ | √ |
| ४ | अन्तरविद्यालयस्तरीय तेक्वान्दो प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | √ | | √ | |
| ५ | अन्तरविद्यालयस्तरीय कराँते प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १ | १ | १ | १ |
| ६ | अन्तरविद्यालयस्तरीय उसु प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | √ |
| ७ | अन्तर विद्यालयस्तरीय उपमेयर कप छात्रा भलिबल प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | √ | √ |
| ८ | अन्तरविद्यालयस्तरीय क्रिकेट प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | √ | √ | √ |
| ९ | अन्तरविद्यालयस्तरीय बास्केटबल प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | √ | √ | √ |
| १० | अन्तरविद्यालयस्तरीय ब्याडमिन्टन प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | √ |
| ११ | अन्तरविद्यालयस्तरीय ITF प्रतियोगिता | वटा | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | √ | √ | √ |
| १२ | अन्तरविद्यालयस्तरीय बक्सिङ प्रतियोगिता | वटा | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | √ | √ | √ |
| १३ | अन्तरविद्यालयस्तरीय हप्किडो प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | √ | √ | √ |
| १४ | अन्तरविद्यालयस्तरीय छात्रछात्रा कबड्डी | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | √ | √ | √ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतियोगिता | | | | | | | | | | | | | | | | | |
| १५ | घोराही कप पुरुष भलिबल प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | √ | √ |
| १६ | घोराही गोल्ड कप प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | | √ | √ |
| १७ | महिला फुटबल प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | | √ | √ |
| १८ | खेलकुद स्मारिका प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | √ |
| १९ | प्रशासनिक खर्च | पटक | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | | √ | √ |
| २० | ANTI DOPING प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | | √ | √ |
| २१ | रेफ्री र प्रशिक्षक उत्पादन तथा प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | | √ | √ |
| २२ | खेल स्वयंसेवक प्रशिक्षण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | √ | √ |
| २३ | नगरस्तरीय प्याब्सन रनिङ शिल्ड | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | | √ |
| | जम्मा | | | | | | | | ५९५० | ५९५० | ५९५० | ५९५० | ५९५० | २९७५० | | | | |

# परिच्छेद- ५: विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुर्‍याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिंदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण,

सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनः एपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।

## ५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायःजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिकोसमीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना,

क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागिजिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.३ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु ।

२.तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु ।

३.स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरी क्षमता विकास गर्नु

४.शैक्षिक गतिविधिहरुमा पारदर्शिता, सहभागिता र उत्तरदायित्वसम्बन्धी सयन्त्रको निर्माणमार्फत सुशासन कायम गर्नु ।

५.जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु ।

### ५.१.४ रणनीतिहरू

१.स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक पर्ने एन कानुन मापदण्ड निर्देशिका तथा आचारसंहिता लगायतका नीति तर्जुमा वा परिमार्जन गर्ने।

२.विद्यालय तथा कक्षाकोठासम्म शैक्षिक सेवा र टेवा पुराउने गरी आवश्यक जनशक्ति एवम् संस्थागत संरचनाको निर्माण र कार्यान्वयन गर्ने ।

३.विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घका साथै कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।

४.शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।

५.प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।

६.विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

७.विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।

८.शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।

९.विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

१०.मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

११.स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।

१२. ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण—सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।

१३.विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।

१४.विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

### ५.१.५ चुनौति

उल्लेखित विश्लेषण समेतका आधारमा संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- शिक्षा क्षेत्रका सम्पूर्ण कार्यक्रमहरू सञ्चालन गर्ने नीति, ऐन, कानुन, मापदण्ड, निर्देशनहरु पालना गर्दै संघ,प्रदेश, अन्य स्थानीय तह, विद्यालय र सरोकारवालाहरुबीच प्रभावकारी समन्वय गर्नु,
- कार्यजिम्मेवारीमा समावेशीता, लैंगिकमैत्री, स्पष्टता, पारदर्शिता र एकरूपता कायम गर्नु,
- विद्यालय तहसम्म शैक्षिक सेवा र टेवा पुऱ्याउने गरी जनशक्तिको व्यवस्थापन गर्नु,
- योजना निर्माण, नेतृत्व, अनुगमन, मूल्याङ्कन, नवीनतम विधि र प्रविधिको प्रयोगमा विशेषज्ञता हासिल हुने गरी प्रधानाध्यापक र शिक्षकको क्षमता विकास गर्नु ।

### ५.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको समावेशी, समन्यायिक र जवाफदेही पद्दतिको विकास भई गुणस्तरीय शैक्षिक प्रणालीको विकास हुनेछ ।

नतिजा

१.सबै विद्यालयहरु गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएको हुने ।

२.विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने ।

३.विद्यालयको सञ्चालन, व्यवस्थापन र विकास प्रभावकारी भएको हुने ।

४.विद्यालयको गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार भएको हुने ।

५.विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुने ।

६.विद्यालयको सक्षमतामा सुधार भइ रुपान्तरणको गतिलाई तिव्रता प्रदान गरेको हुने ।

७.योग्यता पुगेका प्रधानाध्यापकको छनौट तथा नियुक्ति भएको हुने ।

८.विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरुको क्षमता विकास भएको हुने।

९.विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही भएको हुने ।

१०.विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुको सहभागिता अभिवृद्धि भएको हुने ।

तालिका नं ३६ (संस्थागत संरचना र क्षमता विकास कार्यक्रमका प्रमुख क्रियाकलाप र लक्ष्य)

**(बजेट रू हजारमा)**

| क्र.स | क्रियाकलाप | इकाइ | परिमाण | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | सङ्घ | प्रदेश | नगर | अन्य |
| १ | कानुनी सुधार तथा मापदण्डको विकास | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | √ | |
| २ | शिक्षा समिति तथा व भन्न बैठक | पटक | १५ | १५ | १५ | १५ | १५ | १५ | ७५ | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | | | √ | |
| ३ | नियमित प्रधानाध्यापक बैठक | पटक | १० | १० | १० | १० | १० | १० | ५० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | √ | |
| ४ | विभिन्न कार्यदल तथा समितिहरूको बैठक | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | √ | |
| ५ | शिक्षा शाखाका जनशक्ति, विद्यालय तहका कर्मचारी एवम् व्यवस्थापकको क्षमता विकास | जना | ५० | १ | १ | १ | १ | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | √ | | √ | √ |
| ६ | अभिलेख तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | | √ | √ |
| ७ | वार्षिक कार्यक्रम, बजेट तथा रणनीतिक योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | √ | | √ | √ |
| ८ | कार्यक्रम कार्यान्वयन निर्देशिकाको विकास | पटक | १ | १ | १ | १ | १ | १ | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | | √ | |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | वार्षिक कार्यक्रम तथा बजेट र कार्यान्वयन निर्देशिकाको अभिमुखीकरण | जना | ९३ | ९३ | ९३ | ९३ | ९३ | ९३ | ४६५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | √ | | | |
| १० | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | विद्यालय | ९३ | ९३ | ९३ | ९३ | ९३ | ९३ | ४६५ | ७१५ | ७१५ | ७१५ | ७१५ | ७१५ | ३५७५ | √ | | | √ |
| ११ | युवा सञ्जालको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | | √ |
| | जम्मा | | | | | | | | | २२९५ | २२९५ | २२९५ | २२९५ | २२९५ | ११४७५ | | | | |

## ५.२ अनुगमन तथा मूल्याङ्कन

### ५.२.१ परिचय

शैक्षिक नीति, कार्यक्रम तथा योजनाहरूको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गराउन अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अनुगमन तथा मूल्याङ्कनवाट विभिन्न तहमा सञ्चालित शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूको प्रगतिको सूचना प्राप्त हुन्छ । शैक्षिक योजना तथा कार्यक्रमहरू के कसरी सञ्चालन भइरहेका छन् , स्रोत र साधनको वितरण र उपयोग कसरी भैरहेको छ, योजना तथा कार्यक्रमहरू तोकिएको समय र तोकिएको गुणस्तरमा सम्पन्न हुन्छन कि हुदैनन् भन्ने कुराहरूको सूचना प्राप्त हुन्छ । यसले कार्यान्वयन प्रक्रियाको सबल र कमजोर पक्षको मूल्याङ्कन गरी अपेक्षित र वास्तविक अवस्थाको स्थिति पत्ता लगाउछ । सामान्यतयाः योजना एवम् कार्यक्रमहरूको नियमित वा आवधिक निरीक्षण, जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो र यसले कार्यान्वयनको विद्यमान प्रगतिको अवस्था वोध गराउँछ । मूल्याङ्कनले शैक्षिक योजना तथा कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता र प्रभावकारिताको उद्देश्यपूर्ण ढङ्गले लेखाजोखा गर्दछ र प्रतिफल र प्रभावसँग केन्द्रित भएको हुन्छ । समग्रमा अनुगमन तथा मूल्याङ्कनवाट शैक्षिक योजना एवम् कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी र नतिजामुखी वनाउन मद्धत पुग्दछ । यसै तथ्यलाई मध्यनजर गरी यस खण्डमा अनुगमन र मूल्याङ्कन सम्बन्धी चुनौतीहरूको पहिचान गरी सो को सामना गर्नका लागि उद्देश्य, रणनीति, लक्ष्य तथा कार्यक्रमहरू उल्लेख गरिएको छ ।

### ५.२.२ वर्तमान अवस्था

शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारितामा अनुगमन तथा मूल्याङ्कनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्ना संस्थागत व्यवस्था गरेका छन् । तीनै तहको सरकारबीच शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारिताको विश्लेषण गर्न एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई एक महत्वपूर्ण साधनको रूपमा उपयोग गरिएको छ । यसैगरी त्रैमासिक रूपमा प्रगति प्रतिवेदन सम्प्रेषण, वार्षिक स्थिति प्रतिवेदन तयारी र सम्प्रेषणमार्फत स्थानीय तहबाट सम्पादन गरिएको ससर्त तर्फका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको छ ।

विद्यार्थीहरूको उपलब्धिस्तरको मूल्याङ्कन एवम् परीक्षण गर्नका लागि माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) र कक्षा १० को परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट हुँदै आइरहेको छ भने आधारभूत तहको अन्त कक्षा ८ को परीक्षा र सिकाइ उपलब्धि परीक्षण स्थानीय तहबाट हुने व्यवस्था छ । यसैगरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्नुका साथै कक्षा ५, ८ र १० मा राष्ट्रियस्तरमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्दै आइरहेको छ ।

नगरपालिकास्तरबाट शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूका सम्बन्धमा गरिने अनुगमन विभिन्न प्रकृतिको रहेको छ । कार्यक्रमको प्रकृति अनुसार अनुगमन गर्ने संरचना र जिम्मेवारी फरक फरक हुने गरेको छ । नगर उपप्रमुखको नेतृत्वमा हुने अनुगमन समितिबाट नगरपालिकाबाट प्रदान गरिएका पूर्वाधार विकास सम्बन्धी कार्यक्रमको समग्र अनुगमन हुने गर्दछ भने भौतिक निर्माण कार्यमा लागत अनुमान तयार गर्ने, नियमित अनुगमन गर्ने र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने जिम्मेवारी

प्राविधिक कर्मचारीहरूले बहन गर्दै आइरहेका छन्। यसैगरी शिक्षा समिति र सामाजिक विकास महाशाखाबाट विद्यालयका शैक्षिक कार्यक्रमहरूको अनुगमन हुने गरेको छ । विद्यालयको अनुगमन कार्यलाई प्रभावकारी बनाउन आउँदो वर्षदेखी नगरपालिकाले स्रोत केन्द्र स्थापना गरी सो मार्फत शिक्षकको पेशागत विकास र सहायता प्रदान गर्ने गरी कार्यक्रम तय गरेको छ ।

### ५.२.३ उद्देश्य

यस योजनाले अनुगमन तथा मूल्याङ्कन कार्यक्रमका निम्न लिखित उद्देश्यहरू लिएको छः-

१. शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि गर्न टेवा पुग्ने गरी सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु।

२.अनुगमन तथा मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गरी अधिकतम सिकाई उपलब्धि हासिल गराउनु ।

### ५.२.४ रणनीतिहरू

योजनाका उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

१. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई शैक्षिक योजना निर्माण र निर्णय प्रक्रियाको प्रमुख आधारका रूपमा लिँदै सुदृढीकरण गर्ने,
२. अनुगमन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन कार्यक्रम अनुसार अनुगमन सूचक तथा फारामको विकास गरी प्रयोगमा ल्याउने,
३. विद्यालय तथा कक्षा शिक्षणको सुपरिवेक्षण गरी पेशागत सहयोग पुऱ्याउन वरिष्ठ शिक्षक तथा निवृत्त विज्ञहरू समेतको संलग्नतामा रोष्टर समूह गठन गरी परिचालन गर्ने,
४. सामाजिक परीक्षण कार्यलाई प्रभावकारी बनाई विद्यालय विकासमा उपयोगमा ल्याउने,
५. विद्यालयका IEMIS लगायत सम्पूर्ण अभिलेख प्रणालीको सुदृढीकरण गर्ने,
६. अनुगमन तथा मूल्याङ्कन प्रणालीवाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था गर्ने,
७. शैक्षिक योजना (विद्यालय सुधार योजना समेत) को आवधिक रूपमा मूल्याङ्कन गरी पृष्ठपोषण लिने र तथ्यांकहरु प्रत्येक वर्ष अध्यावधिक गर्ने।

### ५.२.५ समस्या र चुनौति

१. विद्यालय र कक्षाकोठासम्म शैक्षिक सेवा र टेवा पुग्ने गरी अनुगमन मूल्याङ्कनको संस्थागत व्यवस्था मिलाउनु,
२. शैक्षिक सूचना प्रणालीलाई विश्वसनीय र व्यवस्थित गरी सुदृढ अभिलेख, प्रतिवेदन र पृष्ठपोषणका आधारमा उपचारात्मक मूल्यांकन पद्दति विकास गर्नु ।
३. स्थानीय तहमा विद्यार्थी उपलब्धिको मूल्याङ्कन तथा समीक्षा गर्ने प्रणालीको स्थापना गर्नु,
४. विद्यालय तहको अनुगमनमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र स्रोत केन्द्रको भूमिका अभिवृद्दि गराई उनीहरूको क्षमता विकास गराउनु,
५. अनुगमन मूल्याङ्कनका वस्तुनिष्ठ सूचक तथा मापदण्ड विकास गरी प्रयोगमा ल्याउनु ।

### ५.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

शैक्षिक योजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन संयन्त्रका माध्यमबाट शिक्षकको पेशागत सहयोग गरी गुणस्तरीय सिकाइद्धारा अपेक्षित नतिजा हासिल भएको हुने,

नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि सूचक एवम् साधनको विकास भई प्रयोगमा आएको हुने,
२. कक्षा शिक्षणसमेतको अवलोकन हुने गरी शिक्षक सहयाता प्रणालीको स्थापना भएको हुने,
३. शैक्षिक क्रियाकलाप र विद्यार्थी सिकाइ उपलब्धिमा सुधार हुने ।

तालिका नं ३७(अनुगमन तथा मूल्यांकन प्रमुख क्रियाकलाप र लक्ष्य )

| सि.नं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | वित्तीय लक्ष्य (५ वर्ष) | | | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १ | २ | ३ | ४ | ५ | जम्मा | सङ्घ | प्रदेश | नगर | अन्य |
| १ | अनुगमन तथा मूल्याङ्कन साधन विकास | पटक | १ | ० | ० | ० | १ | २ | १०० | ० | ० | ० | १०० | २०० | √ | | √ | |
| २ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण तथा प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | √ | | √ | √ |
| ३ | शिक्षक सहयोगका लागि विज्ञ समूह परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | √ | | √ | |
| ४ | विद्यालय स्वः मूल्याङ्कन र लेखाजोखा | पटक | ९३ | ९३ | ९३ | ९३ | ९३ | ४६५ | ५० | ५० | ५० | ५० | ५० | २५० | √ | | √ | √ |
| ५ | कार्यक्रमको समिक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ५० | ५० | ५० | ५० | ५० | २५० | √ | | √ | |
| ६ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | √ | | √ | |
| ७ | योजनाको आवधिक मूल्याङ्कन | पटक | | १ | १ | १ | १ | ४ | ० | १५० | १५० | १५० | १५० | ६०० | √ | | √ | |
| ९ | शैक्षिक कार्यक्रम तथा विद्यालयको अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | √ | | √ | |
| १० | सिकाइ उपलब्धि र कार्यसम्पादनका आधारमा विद्यालय तथा शिक्षकका लागि प्रोत्साहन | पटक | ० | १ | १ | १ | १ | ४ | ० | २५० | २५० | २५० | २५० | १००० | √ | | √ | √ |
| | जम्मा | | | | | | | ० | ६५० | ९५० | ९५० | ९५० | १०५० | ४५५० | | | | |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

## ६.१ पृष्ठभूमि

शिक्षामा लगानीको विश्वव्यापी मान्यता, राष्ट्रिय तथा प्रादेशिक लगानीको अवस्था र घोराही उप-महानगरपालिकाको शिक्षामा प्राथमिकताका आधारमा आगामी ५ वर्षका लागि लगानी र स्रोत व्यवस्थापन योजनाबद्ध तवरबाट गरी निर्धारित लक्ष्य प्राप्ति गर्नुपर्ने भएकोले यस विषयलाई समावेश गरिएको हो । सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासको लक्ष्य पूरा गराउन, संवैधानिक दायित्व पूरा गराउन एवम योजनाले राखेका सोच, उद्देश्य, रणनीति एवम् कार्यक्रमहरू सञ्चालन गरी अधिकतम उपलब्धि हासिल गराउन सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र शिक्षासँग सम्बद्ध साझेदार अन्य संघसंस्थाहरू समेतको समन्वयात्मक तवरबाट लगानी र स्रोत व्यवस्थापन गरिनु आवश्यक हुन्छ ।

शिक्षा क्षेत्रको विकासका लागि सरकारी लगानी, समुदाय, नीजि क्षेत्र, गैरसरकारी सङ्घ संस्था समेतको साझेदारी आवश्यक पर्छ । वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक र विशेष अनुदान एवम् आन्तरिक स्रोतको व्यवस्थापन गर्ने व्यवस्था रहेको छ । उप-महानगरपालिकाले शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकिकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षाको लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समिक्षा गरी यसमा देखिएका चुनौतिहरू उल्लेख गरिएको छ। समस्या तथा चुनौति पहिचान गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

शिक्षासम्बन्धी विभिन्न दस्तावेजहरूले शिक्षामा कुल बजेटको २० प्रतिशत बजेट विनियोजन गर्ने उल्लेख गरेका छन् । शिक्षा क्षेत्रमा छुट्याउने शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा राजनैतिक तहबाट प्रतिवद्धता भएको भएतापनि हाल ११ प्रतिशतको हाराहारीमा मात्र रहेको छ । सङ्घीयता कार्यान्वियन सँगै शिक्षा क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहहरूले आ-आफ्नो तवरले शिक्षा क्षेत्रमा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने गरेको हालको अवस्थामा घोराही उप-महानगरपालिकामा शिक्षा क्षेत्रमा बजेट प्रवाहको अवस्था सन्तोषजनक रहेको छ ।

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू

केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत २१ हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन ।नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ ।

## ६.३ उद्देश्यः

(१) योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरी व्यवस्थापन गर्नु,
(२) खर्च प्रक्रिया र निकायगत भूमिका एवम् दायित्व किटान गर्नु,
(३) मितव्यियता, पारदर्शिता र औचित्यतताका आधारमा लगानीको समुचित सदुपयोग गर्नु,

## ६.४ रणनीतिहरू

(१) शैक्षिक विकासका लागि वित्तीय स्रोत जुटाई उपलब्ध स्रोत साधनको प्रभावकारी व्यवस्थापन गर्ने,
(२) शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न समन्यायिक ढङ्गबाट प्रतिफलमा केन्द्रित भई शैक्षिक लगानी सुनिश्चित गर्ने,
(३) लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न समन्वय र सहकार्य गर्ने,
(४) विद्यालयको आर्थिक कारोवार बैकिङ् प्रणालीमार्फत गर्दै पारदर्शी र व्यवस्थित बनाउने,
(५) शिक्षामा गरिएको लगानीलाई शैक्षिक गुणस्तर सुधारमा केन्द्रित गर्ने,
(६) विद्यालयको लेखापरीक्षण र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,
(७) विद्यालयलाई प्रदान गरिने अनुदान विद्यालय सुधार योजनामा आधारित रही प्रदान गर्ने व्यवस्था मिलाउने,
(८) निजी तथा गैह्र सरकारी संघ संस्थालाई शिक्षा क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने,
(९) खर्चको मापदण्ड स्वीकृत गराई सोही अनुसार खर्च गर्न विद्यालयलाई जिम्मेवार बनाउने,

## ६.५ चुनौतीहरुः

- शिक्षा सम्बन्धी अन्तराष्ट्रिय मान्यता, संविधान प्रदत्त शैक्षिक हक अधिकारको प्रत्याभूति, राज्यका निर्देशक सिद्धान्तले अख्तियार गरेका नीतिलाई उचित रुपमा सम्वोधनका लागि विद्यालय शिक्षा क्षेत्रको लागि दिगो स्रोतको पहिचान गरी लगानीको सुनिश्चितता गर्नु,
- संघ, प्रदेश र स्थानीय तहबीच शिक्षामा लगानीको साझेदारी, भूमिका र दायित्व स्पष्ट पार्नु,
- निजी क्षेत्रमार्फत विद्यालय शिक्षामा गरिने लगानीलाई नियमन गरी नाफामूलकबाट सेवामूलक बनाउनु,
- गैरसरकारी क्षेत्रलाई विद्यालय शिक्षाका क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु,
- शिक्षाको लगानीलाई गुणस्तर अभवृद्दिमा केन्द्रित गराउनु,
- शिक्षामा गरिएको लगानीबाट अपेक्षित प्रतिफल हासिल हुने गरी जवाफदेहिता, पारदर्शिता एवम् उत्तरदायित्व सुनिश्चित गर्नु,
- गैरसरकारी क्षेत्र, समुदाय तथा अभिभावकबाट विद्यालय शिक्षामा गरिएको लगानीलाई अभिलेखीकरण गरी प्रोत्साहित गर्नु,
- वित्तीय व्यवस्थापन तथा परिचालनका लागि आवश्यक सक्षमता विकास गर्नु,

## ६.५ स्रोतको अनुमान र विश्लेषण

यस योजनामा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान र नगरपालिकाको आवश्यकता र सामर्थ्यको विचमा सामञ्जस्य हुने गरी योजनामा कार्यक्रमहरूको तय तथा प्राथमिकीकरण गरिएको छ। योजनामा उल्लेखित कार्यक्रमहरूको कार्यान्वयन मार्फत अपेक्षित उपलब्धि हासिल गराउन सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाबिच सहकार्य र समन्वय गर्नुका साथै शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरू, समुदाय तथा अभिभावकका एवम् निजी क्षेत्रसँगको साझेदारीबाट लगानी हुन सक्ने गरी स्रोतको अनुमान गरिएको छ ।

**स्रोतको आँकलन (आ.व.०८२।०८३ को स्थिर मूल्यमा) (बजेट रु हजारमा)**

**तालिका नं ३८**

| सि.नं. | स्रोत | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकार (ससर्त र विशेष अनुदान) | | | | | | |
| २ | प्रदेश सरकार (ससर्त/विशेष अनुदान, सहयोग कार्यक्रमसमेत) | | | | | | |
| ३ | नगरपालिका | | | | | | |
| ४ | अन्य | | | | | | |
| | जम्मा | | | | | | |

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

सबैका लागि गुणस्तरीय शिक्षा प्रत्याभूति गराउने राज्यको दायित्व पुरा गर्ने गरी लक्ष्य, उद्देश्य तथा रणनीतिहरू तय गरी यस योजनामा सोअनुसारका कार्यक्रमहरू प्रस्ताव गरिएको छ। बजेट अनुमान गर्दा गुणस्तरीय विद्यालय शिक्षा, गुणस्तरीय अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्ने गरी लगानीलाई केन्द्रित गरिएको छ । यसैगरी शिक्षक व्यवस्थापन र क्षमता विकास गर्ने, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्ने, शिक्षामा नवीन प्रविधिको प्रयोग, खेलकुद विकासका लागि आवश्यक वातावरण सिर्जना गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ ।

तालिका नं ३९ (शिक्षाका उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयमा प्रस्तावित बजेट)
बजेट रु.हजारमा

| | उपक्षेत्र | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/०८७ | ५ वर्षको जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालशिक्षा | ५२४३६ | ५२६३६ | ५२५३६ | ५२५३६ | ५२६३६ | २६२७८० | |
| २ | आधारभूत शिक्षा | ४५४९०४ | ४५३४१३ | ४५५६९८ | ४५३४१३ | ४५३४१३ | २२७०८४१ | |
| ३ | माध्यमिक शिक्षा | १०८८७९९ | १०८४८०० | १०८४८०० | १०८५७८७ | १०८४८०० | ५४२८९८६ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १६९५० | १५९४० | १५९४० | १५९४० | १५९४० | ८०७१० | |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ३६६० | ३६६० | ३७६० | ३७६० | ३७६० | १८६०० | |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ३१८३ | ३२८३ | ३३१३ | ३३१३ | ३३६३ | १६४५५ | |
| ७ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | १५३६ | १५३६ | १५३६ | १५३६ | १५३६ | ७६८० | |
| ८ | भौतिक पूर्वाधार विकास | ३७८५० | ६९३४० | ६३९४० | ६३९४० | ६३९४० | २९९०१० | |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ३७५० | ३८०० | ३८०० | ३८०० | ३८०० | १८९५० | |
| १० | खेलकुद र विकास | ५९५० | ५९५० | ५९५० | ५९५० | ५९५० | २९७५० | |
| ११ | संस्थागत संरचना र क्षमता विकास | २२९५ | २२९५ | २२९५ | २२९५ | २२९५ | ११४७५ | |
| १२ | अनुगमन तथा मूल्यांकन | ६५० | ९५० | ९५० | ९५० | १०५० | ४५५० | |
| १३ | शिक्षामा समता र समावेशीकरण | ७०० | २५० | २५० | २५० | २५० | १७०० | |
| १४ | विपद प्रकोप व्यवस्थापन | १०० | ५०० | ५०० | ५०० | ५०० | २१०० | |
| १५ | सुशासन तथा व्यवस्थापन | २१९५ | २१९५ | २१९५ | २१९५ | २१९५ | १०९७५ | |
| १६ | दिवा खाजा तथा स्वास्थ्य | ३०३६९ | ३०४१४ | ३०४१४ | ३०४१४ | ३०४१४ | १५२०२५ | |
| | **कूल जम्मा** | **१७०५३२७** | **१७३०९६२** | **१७२७८७७** | **१७२६५७९** | **१७२५८४२** | **८६१६५८७** | |

**सन्दर्भसामग्रीहरुः**

१. नेपालको संविधान, (नेपाल कानून आयोग)

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (नेपाल कानून आयोग)

३. शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ (संशोधनसहित)

४. राष्ट्रिय शिक्षा नीति, २०७६

५. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६

६. विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२-२०३२(शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

७. TVET Sector strategic plan, (2023-2032)

८. पन्ध्रौं तथा सोह्रौं योजना सम्बन्धी दस्तावेज (राष्ट्रिय योजना आयोग)

९. दिगो विकास लक्ष्य २०१६-२०३० (राष्ट्रिय योजना आयोग)

१०. राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्यांक कार्यालय

११. शिक्षा सम्बन्धी एकीकृत व्यवस्थापन प्रणाली (IEMIS) का तथ्यांक(शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय)

१२. स्थानीय शिक्षा योजना सम्बन्धी मार्गदर्शन, २०७९

१३. वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२, २०८२/८३

१४. लुम्बिनी प्रदेशको बजेट पुस्तिका

१५. लुम्बिनी प्रदेशका बजेट तथा कार्यक्रमहरु,

१६. घोराही उप-महानगरपालिकाका वार्षिक नीति तथा कार्यक्रम र बजेट

१७. घोराही उप-महानगरपालिकाका शैक्षिक तथ्यांक तथा अभिलेख

१८. घोराही उप-महानगरपालिकाको शिक्षा ऐन(संशोधनसहित)